साप्ताहिक
# श्रमिक
WORKERS Weekly
(देश र जनतामा समर्पित विचारप्रधान)
वर्ष ३३ ✪ अङ्क २ ✪ २० माघ २०८२, मङ्गलबार ✪ 3 February 2026, Tuesday ✪ मूल्य रु. १०/-

## 'जनताको पक्षमा काम गर्न हामी चुनावमा भाग लिन्छौँ'

भक्तपुर । "राजनीतिमा उमेरभन्दा पनि सङ्घर्षको अनुभव र सेवा गर्ने भावना महत्त्वपूर्ण हुन्छ । विदेशको होइन देशको सेवा गर्ने उद्देश्य महत्त्वपूर्ण हो ।"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँले भनपा ८ मा आयोजित एक कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

नेमकिपाको ५२ औं स्थापना दिवसको अवसरमा आयोजित उक्त कार्यकर्ता भेलामा अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "जनताको इमानदारीपूर्वक सेवा गर्दै आएकोले हामीमा पटक्कै पछुतो छैन । जनताको पक्षमा काम गर्न हामी चुनावमा भाग लिन्छौँ र जितेर गएका प्रतिनिधिहरूले अरू कसैले भन्दा इमानदारीपूर्वक सङ्घर्ष गर्छन् । हाम्रो यही नै परिचय हो ।"

उहाँले अगाडि भन्नुभयो, "नेमकिपाका प्रतिनिधिहरूले मन्त्रीहरूसँग कहिल्यै लेनदेन गरेनन्, प्राडो-पजेरोको लोभमा लागेनन्, सहुलियत सुविधा लिएर राज्यलाई भार हुने काम गरेनन् । बरू, उदाहरणीय ढङ्गले काम गरे ।"

अध्यक्ष बिजुक्छेँले हरेक पार्टी सङ्गठनको जिम्मेवारी भनेको समाजको नि:स्वार्थपूर्वक सेवा गर्नु र त्यसको निम्ति योग्य नयाँ पुस्ता तयार गर्नु हो भन्दै जनतालाई सही राजनीतिक विचार दिन नसकेरै देशमा विध्वंस मच्चिरहेको प्रस्ट पार्नुभयो ।

विदेशीहरूले बनाएका गैरसरकारी संस्थाहरूले स्वार्थ देखाउँदै नेपाली बुद्धिजीवी र विभिन्न क्षेत्रका मानिसहरूलाई आफ्नो प्रभावमा पारेका दृष्टान्तहरू दिँदै उहाँले चुनावमा उठाउने र जिताउनेसम्मको खेलमा ती निर्णायक बन्दा देशले ठूलो नोक्सानी व्यहोरेको स्पष्ट पार्नुभयो ।

कार्यकर्ताहरूलाई अध्यक्ष बिजुक्छेँले निर्देशन दिँदै भन्नुभयो, "जनतालाई चित्त दुख्ने काम-व्यवहार हामीबाट हुनुहुँदैन । हामीबाट गल्ती भनेकै नहोस् । गल्ती भए जनतासँग माफी माग्न पछि नपरौं । बेइमानी भनेको गर्दै नगरौं । चुनावमा जिते पनि हारे पनि गलत काम नगरौं ।"

नेमकिपा भक्तपुरका जिल्ला अध्यक्ष सुरेन्द्रराज गोसाईले प्रविधिसँगै हुर्केका नयाँ पुस्तालाई राजनीतिक विचार, सङ्घर्षको इतिहासबारे शिक्षित गर्न नसके व्यक्तिवादी प्रवृत्ति हावी हुने चर्चा गर्नुभयो ।

बाँकी पृष्ठ १२ मा

## कानुन व्यवसायीको सेवा सत्य र न्यायको पक्षमा हुनुपर्ने



भक्तपुर । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले स्थापनाकालदेखि नै देश र कामदारवर्गका जनताको हितबाहेक नेमकिपाको अर्को कुनै ध्येय नभएको स्पष्ट पार्नुभएको छ ।

कानुन अध्ययन समाज नेपाल केन्द्रीय समितिको आयोजनामा माघ १७ गते समाजको प्रकाशन 'न्यायदृष्टि' वर्ष १२ अङ्क ४ सार्वजनिकीकरण कार्यक्रममा उहाँले कुनै पनि कानुन व्यवसायीको सेवा वा व्यवसाय सत्य र न्यायको पक्षमा हुनुपर्नेमा जोड दिनुभयो ।

नेमकिपा स्थापनाको परिस्थितिबारे चर्चा गर्दै अध्यक्ष रोहितले नेमकिपाको स्थापना तत्कालीन नेपाल कम्युनिस्ट पार्टीभित्र किसान र मजदुरहरूको वास्तविक हितको निम्ति सङ्घर्ष गर्न नचाहने, संशोधनवादी सिद्धान्त र नीतिको विरोध गर्न नसक्ने, पार्टीलाई दरबार बुझाउने र नेपाली काङ्ग्रेसको पिछलग्गू बनाउने र व्यावहारिक सङ्घर्षमा जानै नचाहने नेतृत्वविरुद्ध भएको हो भन्नुभयो ।

भदौ २३ र २४ का घटनापछि देशमा साम्राज्यवादी र विस्तारवादी चलखेल बढेको र देशको सार्वभौमिकता अझ बढी खतरामा परेको चर्चा गर्दै उहाँले जनता सचेत र सजग नभएसम्म सच्चा र देशभक्त मानिस निर्वाचनमा जितेर संसद्मा पुग्न नसक्ने बताउनुभयो ।

अध्यक्ष रोहितले जनतालाई सचेत पार्ने कार्यमा निराशा र थकान भन्ने कुरा हुन नहुने बताउँदै समाज क्रमश: परिवर्तनतिर अघि बढ्ने प्रस्ट पार्नुभयो ।

उहाँले पार्टीका नेता कार्यकर्ताहरूले निरन्तर अध्ययन र चिन्तनमनन गरिरहनुपर्ने र सही विचार र सदाचारको पक्षमा अडान लिनुपर्नेमा जोड दिनुभयो । नेपालमा समाजवाद वा कम्युनिस्ट समर्थक कार्यकर्ता र जनता धेरै भए पनि पार्टीका नेताहरूले गलत नीति अगाडि ल्याउँदा खबरदारी र विरोध गर्न नसकेको बताउनुभयो ।

पुँजीवादी संसद्मा कम्युनिस्टहरूले बहुमत ल्याउँदैमा देशमा समाजवाद नआउने स्पष्ट पार्दै अध्यक्ष रोहितले जनतालाई समाजवाद र साम्यवाद प्राप्तिको सङ्घर्षको निम्ति सङ्गठित पार्न जरुरी छ भन्नुभयो ।

२०४६ सालको राजनीतिक परिवर्तनपछि सरकारमा गएका शासक दलहरूले संसद्लाई पैसा कमाउने थलोको रूपमा परिणत गर्न खोजेकाले देशमा आजको जटिल परिस्थिति आएको हो भन्दै उहाँले ती पार्टीका बदमासी र भ्रष्टाचारबारे सचेत समुदायले जनतालाई जानकारी दिनुपर्नेमा जोड दिनुभयो ।

बाँकी पृष्ठ १२ मा

## चुनाव प्रचार समिति, भक्तपुर नगर समिति गठनार्थ भेला




भक्तपुर । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा माघ १६ गते कार्यकर्ता भेला गरी चुनाव प्रचार समिति गठन गरिएको छ ।

उक्त कार्यक्रममा नेमकिपाका सचिव प्रेम सुवालले भन्नुभयो, "पुँजीवादी व्यवस्थामा हरेक १० वर्षमा आर्थिक सङ्कट आउँछ । पुँजीपतिवर्गले यो आर्थिक सङ्कटलाई ढाकछोप गर्न नयाँ नयाँ पार्टी र पात्रलाई निर्वाचनमा उभ्याउँछ । नेपालमा पैतीस वर्षयता यस्तै भइरहेको छ ।"

उहाँले अगाडि भन्नुभयो, "दु:ख एक एक पाइला गरी मेटिन्छ । सबै दु:खको उपाय वैज्ञानिक समाजवाद हो । नेपालमा सरकारी बजेट प्रणाली बाहिर वार्षिक १ अर्ब १० करोड डलर राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत खर्च भइरहेको सार्वजनिक भयो । यस्तो बजेटले देशका नयाँ पुस्तालाई बाटो बिराउन लगाउँछ । गत भदौ २३ र २४ गतेको घुसपैठ र आगजनीलाई यही दृष्टिकोणबाट हेर्नु आवश्यक छ ।"

"शासक दलहरूलाई विस्तारवाद र साम्राज्यवादले नचाइरहेको पनि खुल्दै छ । कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, एमसीसी सम्झौता आदि यसका उदाहरण हुन् । नेपालका नदीनालाबाट बिजुली निकाल्न नसक्ने र एक एक गरी भारतीय एकाधिकार पुँजीलाई दिने सरकार र तिनका प्रधानमन्त्री एवं मन्त्री कसरी देशभक्त होलान् ?" सचिव सुवालले प्रश्न गर्नुभयो ।

उहाँले भन्नुभयो, "संरा अमेरिकी राष्ट्रपति जेम्स मुनरोले ल्याटिन अमेरिकी देशहरूलाई करेसाबारी ठान्नेजस्तै दक्षिण एसियाका देशहरूमा भारतको प्रभुत्व हुनुपर्ने बताउने नयाँ पार्टी र नयाँ पुस्ता पनि विदेशी दलाल नै हुन् ।"

नेमकिपाका कार्यकर्ताहरूले निर्वाचन आचारसंहितालाई पालना गर्न उहाँले निर्देशन दिनुभयो ।

कार्यक्रममा नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष सुरेन्द्रराज गोसाईले देश र जनताको पक्षमा नि:स्वार्थ रूपले सेवा गर्ने भावनामा उत्प्रेरित गर्न हरेक कार्यकर्ताहरू निरन्तर लागिरहनुपर्ने बताउनुभयो ।

पार्टीको निर्देशनअनुसार योजनाबद्धरूपमा अनुशासित भई लागिपरे हरेक कार्य सजिलै सम्पन्न गर्न सकिने भएकोले कार्यकर्ताहरू सहनशील, धैर्यवान र मिलनसार भई जनताको बिचमा जानु आवश्यक छ, उहाँले भन्नुभयो ।

नेमकिपा भक्तपुर नगर समितिका उपाध्यक्ष लक्ष्मीभक्त लासिवाको सभापतित्वमा भएको उक्त कार्यक्रममा कृष्णगोविन्द लाखाजु र गङ्गाराम ज्याख्वले पनि बोल्नुभएको थियो ।

भेलाले लक्ष्मीभक्त लासिवाको अध्यक्षतामा नेमकिपा भक्तपुर नगर निर्वाचन प्रचार समिति गठन गरेको छ ।

## प्रतिनिधिसभाको निर्वाचन र अर्थतन्त्रमा त्यसको प्रभाव

निर्वाचनलाई प्रजातन्त्रको सुन्दर पक्ष मानिन्छ । जनताद्वारा निर्वाचित प्रतिनिधिहरूले जनतामाथि शासन गर्ने व्यवस्था हुँदा प्रजातान्त्रिक व्यवस्थालाई राम्रो भनिएको हो । सामान्यतया जनताले इमानदार, जनताको सेवामा समर्पित र विचारमा परिपक्व नेतृत्व चुन्छन् भन्ने मान्यता राखिएको हुन्छ तर व्यवहारमा भने त्यसको उल्टो भइरहेको छ । नेपालमा हुने हरेक निर्वाचनमा एकाधलाई छाडेर अधिकांश उम्मेदवारहरू बढी पैसा खर्च गर्न सक्नेहरू नै जित्ने गरेका छन् । निर्वाचन विचार र सिद्धान्तको प्रतिस्पर्धा नभई पैसाको प्रतिस्पर्धा भइरहेको छ ।

नेपालको संविधान जारी भएसँगै हरेक पाँच पाँच वर्षमा सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको निर्वाचन गर्नुपर्ने बाध्यात्मक व्यवस्था छ । निर्वाचन अत्यन्त खर्चिलो बन्दै गएकोले देशको अर्थतन्त्रमा थप भार पर्दै गएको छ । यो वर्ष सङ्घको मध्यावधि निर्वाचन गर्नुपरेकोले अन्य वर्षमा भन्दा राज्यको खर्च झन् बढ्ने भएको छ । अबको १ वर्षमा स्थानीय र डेढ वर्षमा प्रदेश तहको पनि निर्वाचन गर्नुपर्नेछ । हरेक पटकको निर्वाचनमा हुने अरबौं खर्चले देशको अर्थतन्त्रमा नराम्रो प्रभाव पर्नेछ ।

फागुन २१ गते प्रतिनिधिसभाका निर्वाचनमा ३,४०६ जना उम्मेद्वारहरू मैदानमा छन् । ती प्रत्येक उम्मेदवारको लागि कानुनले नै २५ देखि ३३ लाख खर्च गर्ने छुट दिएको छ । कानुनबमोजिम मात्र खर्च गर्ने हो भने पनि सबैको खर्च ९ अर्बभन्दा बढी हुन आउँछ । अधिकांश उम्मेद्वारहरूले कानुनले तोकेकोभन्दा कैयौं गुणा बढी खर्च गर्छन् । त्यो सबै हिसाब गर्ने हो भने उम्मेद्वारले मात्र पनि २४।२५ अर्बभन्दा बढी खर्च गर्नेछन् ।

नेपाल सरकारले आगामी निर्वाचनको लागि भनी २५ अर्ब खर्च विनियोजन गरेको छ । सामान्य हिसाबले पनि आगामी निर्वाचनको लागि ५० अर्बभन्दा बढी खर्च हुने देखिन्छ । त्यो रकम जनताको हितमा हुने विकास निर्माणमा खर्च गर्न पाएको भए कतिवटा अस्पताल, कलेज वा विश्वविद्यालय बन्छ ? अबको एक डेढ वर्षमा यस्तै दुई वटा निर्वाचन गर्नुपर्नेछ । नेपाली जनताले तिरेर जम्मा भएको राज्यकोष निर्वाचन खर्चमै सिध्दिने पो हो कि ? यसबारे बौद्धिक जगतले सोच्नुपर्ने अवस्था छ ।

राजनीतिमा विचार र सिद्धान्त कति बुझेको, कति इमानदार र देश र जनताको सेवामा लागेकोभन्दा पनि कति पैसा भएको भन्नेले निर्धारण गर्ने भयो । निर्वाचन आएपछि पार्टीहरूले पैसा भएका मान्छेहरूको

बाँकी पृष्ठ १२ मा

## नेमकिपा उम्मेदवार संवाद कार्यक्रम सम्पन्न

काठमाडौँ । नेपाल मजदुर किसान पार्टी काठमाडौँ जिल्ला निर्वाचन परिचालन समितिको आयोजनामा काठमाडौँ जिल्लाका उम्मेदवारबिच संवाद कार्यक्रम माघ १८ गते क्षेत्रपाटीमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं बागमती प्रदेश सांसद सुरेन्द्रराज गोसाईले उम्मेदवारहरू घरदैलोमा जाँदा देश र जनताको समस्या, समाधानका उपाय र पार्टीले गरेका गतिविधिबारे स्पष्ट जानकारी दिने काम गर्न आग्रह गर्नुभयो ।


उहाँले शासक दलहरूले राष्ट्रघाती काम गरेको उल्लेख गर्दै पछिल्लो समयमा एमसीसीजस्ता देशघाती सम्झौतालाई संसद्बाट पारित गरेको बताउनुभयो ।

नेपालमा वैदेशिक हस्तक्षप बढ्ने सङ्केत गर्दै उहाँले त्यसको पहिलो शिकार काठमाडौँ राजधानी हुनेबारे सबै सचेत हुनुपर्ने बताउनुभयो ।

अबको निर्वाचनमा अमेरिकी पक्षधर पार्टीका उम्मेदवार जिताउन गरेको कुत्सित प्रयास गर्ने भएकोले अन्य दलको देखासिकीबाट हामी अलग्ग भई विदेशीबाट परिचालित उम्मेदवारहरूलाई हराउन पार्टीले वैचारिक र वर्गीय भावना जगाउने कार्यमा अग्रसर हुन आग्रह गर्नुभयो ।

कार्यक्रममा केन्द्रीय सदस्य सनकमान महर्जनले जनताबिच घरदैलो

बाँकी पृष्ठ १२ मा



दार्शनिकहरूले विभिन्न तरिकाले संसारको व्याख्या मात्र गरे । मुख्य बुँदा यस संसारलाई परिवर्तन गर्नु हो ।

-कार्ल मार्क्स

## सम्पादकीय

# संसदीय निर्वाचनका घोषणापत्रहरूको चर्चा

संसदीय व्यवस्थामा 'प्रधानमन्त्रीको हातमा भरेको बन्दुक हुन्छ' भन्ने मान्यता छ । त्यसअनुसार बहुमत प्राप्त शासक दलभित्रै देशी र विदेशी कारणहरूले वा प्रतिपक्षी दलहरूसमेत मिलेर चालु सरकारलाई काम गर्न नदिए वा बाधा व्यवधान निरन्तर खडा गरिरहे प्रधानमन्त्रीले देशको हित र जनताको सेवा गर्न चालु संसद्लाई भङ्ग गरेर नयाँ निर्वाचनको घोषणा गर्न सक्छ । संसदीय परम्पराको त्यो बन्दोबस्तको विरोधमा नेपालका शासक दलहरू मिलेर बरोबर मिलिजुली गठबन्धन सरकारहरू कायम गरी निर्वाचनमा नजाने गरी सर्वोच्च अदालतमा धर्ना वा 'सत्याग्रह' को रूपमा केही दिन आन्दोलनको नाममा शासक दलहरूले तमासा देखाए ।

सर्वोच्च अदालतले संसदीय सिद्धान्तलाई छोडेर सम्भावित सरकारमा जाने शासक दलहरूको पक्षमा निर्णय दिएर पहिले नै हुनुपर्ने निर्वाचनलाई टारेको परिणाम संसद् भवनमा आगो लाग्यो, अदालतमा आगो लाग्यो, सिंहदरबारमा आगो लाग्यो, राष्ट्रपति भवनमा समेत आगो लाग्यो । त्यस्तै देशभरि अनेक पालिका र सरकारी कार्यालयहरूमा आगो लाग्यो । यसलाई 'नयाँ पुस्ताको आन्दोलन' को रूपमा लिइयो ।

के साँच्चै भदौ २३-२४ को 'नयाँ पुस्ता' को आन्दोलन त्यही थियो र ? त्यसबेला 'नयाँ पुस्ता' का अगुवाहरूले त्यसलाई 'घुसपैठिया' हरूको परिणाम भन्दै आगजनीलाई अस्वीकार गरेका थिए ।

सत्य त्यही हो भने त्यस 'विध्वंस' लाई किन अपराध स्वीकारिएन ? 'लहरो तान्दा पहरो गर्जिन्छ' भन्ने नेपाली उखानै छ । 'माओवादी जनयुद्ध' को नाउँमा भारत र अन्य विदेशीबाट उक्साइएको १० वर्षलाई कसरी स्वीकारियो ? बेलायतको १० वर्ष नबोलाइएको संसद्लाई क्रामबेलको 'नयाँ सेना' को आन्दोलनबाट अगाडि बढाइएको पुँजीवादी क्रान्तिलाई कानुनी पोशाक लगाउन दिन तत्कालीन बेलायती राजनीतिज्ञहरूले 'नयाँ विद्रोही सेना' र प्रतिनिधिहरूलाई समेत 'लङ पार्लियामेन्ट' मा ठुलो सङ्ख्यामा सदस्यहरूलाई प्रवेश दिएर क्रामबेललाई सत्ता सुम्पिएको थियो । 'टाउको मागेको' मा टोपी मात्र दिएर अर्थात् 'राजालाई ज्यान सजाय' दिएर संसदीय व्यवस्था ब्युँताइयो । नेपालमा पनि ठुलो सङ्ख्यामा 'माओवादीहरू' नेपाली संसद्मा भित्र्याइए । प्रचण्ड र बाबुराम भट्टराईहरूलाई सरकार चलाउन तत्कालीन नेपाली राजनीतिज्ञहरूले बेलायतकै बाटो अनुसरण गर्न सुझाए । आखिर 'माओवादी' शब्द कुनै उद्देश्यले राखिएको पोल खुल्दै गयो र आज ती नेताहरूले 'माओवादी' शब्दबाटै बिदा लिएका छन् ।

संयुक्त राज्य अमेरिका र भारतले खुला र गुप्तरूपले आशीर्वाद दिँदै गरेको 'माओवादी' शब्दको गलत प्रयोगको अब उनका विदेशी सल्लाहकारहरूलाई आवश्यक भएन; बरु अमेरिकी साम्राज्यवादलाई पूर्वी युरोपेली, पूर्वी समाजवादी देशहरू, अरब देशहरू, स्वतन्त्रता आन्दोलनबाट मुक्त भएका अफ्रिकी र एसियाली देशहरूमा पनि अनेक रङ्गका नाम दिएर बाहिरी हस्तक्षेपहरूबाट सुरु गरेका नव-उपनिवेशवादहरूको खुला हमला हुन थालेका छन् । भेनेजुयलाको घटनाले यो खुलस्त भएको छ । वर्तमान नेपाली सरकारको रेखदेखमा हुँदै गइरहेको निर्वाचन पनि श्रीलङ्का र बङ्गलादेशपछिको शृङ्खलाको रूपमा हेरिएको छ ।

तिब्बतका दास मालिकहरूका 'धर्मराज दलाई लामा' लाई पनि पश्चिमेली अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवाद मिलेरै तथाकथित विद्रोही भनिएको थियो । त्यसको सबै रेखदेख र खर्च अमेरिकी केन्द्रीय गुप्तचर विभागले नै गरेको सबै समाचारबाट लुकाएका थिएनन् र गुप्त होइनन् ।

नेपाली जनता निश्चय पनि आर्थिक र वैचारिकरूपले फरक फरक रूपमा आआफ्नो आदर्श समाज बनाउने राजनीतिक सिद्धान्तअनुसार सङ्घर्षरत छन् । ती सबै वर्ग र विचारका 'नयाँ पुस्ता' पनि निश्चय पनि फरक फरक छन् । हिजो मार्क्स र एङ्गेल्स, लेनिन र स्तालिन, माओ त्सेतुङ र चाउ एन लाइ, किमइल सङ र होचि मिन्ह, क्यास्ट्रो र चे ग्वेभारा आदि संसारका सबै क्रान्तिकारीहरू पनि युवा अवस्थादेखि नै आआफ्ना सिद्धान्तअनुसार देश र जनताप्रति समर्पित थिए । तर, ती सबै क्रान्तिकारीहरू भारतका भगतसिंह र चन्द्रशेखर आजादजस्तै आफ्नै समाजवादी विचार अनि देश र जनताप्रति समर्पित थिए ।

आजका हाम्रा 'नयाँ पुस्ता' पनि विदेशीहरूको हस्तक्षेप र प्रभावबाट आफ्नो देशलाई मुक्त पार्न निर्वाचनमा होमिँदै छन् । संसदीय निर्वाचनका घोषणापत्रहरूमा दलहरूले आआफ्नो आदर्श समाज निर्माण गर्न कानुनी लडाइँ भन्ने बुझ्दै छन् । यो घोषणापत्र नगर, गाउँपालिका, प्रदेश र जिल्लाको बाटो, पानी, पँधेरो र प्राथमिक विद्यालयको मागपत्र होइन बरु हाम्रो देशलाई स्वतन्त्र र सार्वभौम देश बनाउने हो वा अमेरिकी साम्राज्यवाद र भारतीय एकाधिकार पुँजीको अगाडि झुक्ने हो भन्ने विषयमा केन्द्रित छ । यतिबेला अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको थिचोमिचोको विरोधमा जनतालाई सचेत पार्न र संसद्मा त्यस्ता देशभक्तहरूलाई निर्वाचन गरेर पठाउने भन्नेबारेको राष्ट्रव्यापी सैद्धान्तिक सङ्घर्ष चालु छ । यो सङ्घर्ष मार-मुक्का, आगजनी, बम र बारुदको होइन बरु विचारको लडाइँ हो । ३०-३५ को प्रजातन्त्र र गणतन्त्र तथा पञ्चायतीको ३० वर्षले गर्न नसकेको काम यो निर्वाचनपछि बनाउने ऐन-कानुन र नीति निर्माण गर्नसक्नुपर्ने हो । त्यसैले यतिबेला को प्रधानमन्त्री चुन्ने भन्दा पनि कस्तो नीति निर्माण गर्ने कस्तो ऐन कानुन बनाउने भन्ने वैचारिक छलफल गर्ने समय हो । आऔं, त्यसैमा लागौं ।

# नेमकिपा घोषणापत्र २०४८, २०५१ र २०५६ अध्ययनको सार

✍ प्रज्ज्वल

२०४६ सालको जनआन्दोलनको बलमा नेपालमा निर्दलीय पञ्चायती व्यवस्था फालियो र बहुदलीय प्रजातन्त्रको पुन:स्थापना भयो । जनआन्दोनमा कयौँले रगत बगाए, जेलनेल भोगे, सपुतहरूको बलिदान भयो, थुप्रै योद्धाहरू घाइते भए ।

नेपाल मजदुर किसान पार्टीले २०४८ सालको प्रतिनिधिसभाको निर्वाचनमा घोषणापत्रमा उल्लेख छ- "प्रजातन्त्र फलाको, फेशन, जालझेल, होइन; सत्तामा पुगेका पार्टीहरूको मनपरीतन्त्र होइन; प्रशासन र आमसञ्चारलाई एकहट्टी गर्ने होइन । प्रजातन्त्र जनताको मतलाई यथोचित कदर हो; जीवन पद्धति हो । यो आदर्श जीवन पद्धतिलाई देशको कुनाकाप्चा र झुपडीसम्म पुऱ्याउने हो ।"

बहुदलको पुन:स्थापनासँगै नेकाको कृष्णप्रसाद भट्टराईको नेतृत्वमा तत्कालीन (माले) हालको एमाले समेतको निर्वाचन सरकार गठन भएको थियो । चुनावी सरकारले पञ्चायती सरकारलाई बिर्साउने गरी राम्रो काम गर्न सकेन ।

घोषणापत्रमा अगाडि उल्लेख छ- "जनआन्दोलनमा निर्दलीय पञ्चायती व्यवस्थाविरुद्धको सङ्घर्ष, जेल र यातना गृहमा भोगेकाहरू र डमडम गोलीलाई छातीमा थाप्ने प्रदर्शनका क्रान्तिकारीहरूको आक्रोश, आह्वान र चित्कारसँग जोडिएको नाम हो । पञ्चायतविरुद्धको सङ्घर्षमा देशभित्र र प्रवासमा खुला र गुप्त रूपमा लाग्दाको असहनीय दु:ख कष्ट, पीडा बोकेका कार्यकर्ता र उहाँहरूका आमा बुवा, दिदी बहिनी, दाजुभाइको आँसु र सुस्केरा जनआन्दोलन र प्रजातन्त्र हो । आकाशमा फहराइरहेका राता झन्डाहरू आन्दोलन र प्रजातन्त्रकै प्रतीक हो । यसैलाई जोगाउन निर्वाचनमार्फत जनतालाई शिक्षित गर्ने हो ।"

घोषणापत्रमा थप उल्लेख छ- "पुँजीवादी प्रजातन्त्रको निर्वाचन स्वच्छ र निष्पक्ष हुनेछैन । क्षेत्र विभाजनमा पक्षपात, प्रचारमा सामान र पैसा बाँड्ने, मतदानमा पशुबल प्रयोग र बुथ कब्जा गर्ने, प्रशासनिक पक्षपात आदिले निर्वाचन परिणाम पीडित जनताको पक्षमा नआउन सक्छ ।"

नेका नेतृत्वको सरकारले एमालेसमेतको समर्थनमा राष्ट्रिय दलको मान्यता कायम गर्न निर्वाचनमा तीन प्रतिशत मत लिनुपर्ने कानुनी व्यवस्था गऱ्यो । यसबारे घोषणापत्रमा उल्लेख भयो- "निर्वाचनमा धेरै मत हुनु र धेरै प्रतिनिधि पाउनुले दलको राजनीतिक स्पष्टता र राष्ट्रिय दृष्टिकोण नाप्न सक्ने छैन । दुईतिहाइ संसद् सदस्य जितेका कतिपय दलको सरकारसमेत एउटै आन्दोलनबाट फालिएको छ । साँचो राजनीतिक सङ्घर्ष निर्वाचनपछि सुरु हुनेछ । नेमकिपाले चुनावलाई समाजवाद र क्रान्तिभन्दा पनि जनतालाई शिक्षित पार्ने, आन्दोलनको चेतना स्तर नाप्ने ब्यारोमिटर (चापमापक यन्त्र) को रूपमा लिएको छ । नेमकिपाले निर्वाचनमा पुँजीवादी प्रजातन्त्रको नकारात्मक पक्ष उदाङ्ग्याउनेछ ।"

नेकाका भट्टराई नेतृत्वको निर्वाचन सरकारमा तत्कालीन मालेका झलनाथ खनाल कृषि र वनमन्त्री थिए । पञ्चायती सरकारका वनमन्त्रीले जस्तै निर्वाचन सरकारका वनमन्त्री खनाल पनि जंगल विनाशमा संलग्न भएको सार्वजनिक भयो ।

नेमकिपाको घोषणापत्रमा उल्लेख भयो- "प्रजातन्त्र र समाजवाद देखाउने दाँत होइन बरु जीवन पद्धति र व्यवहार हो । समाजवाद भनेको आदिम जमानाको अभाव र पिछडिएको समानता होइन, उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने वैज्ञानिक व्यवस्था हो । नेपालको कम्युनिस्ट आन्दोलनलाई कमजोरीबाट उठ्ने हीनताबोध र भौतिक बलबाट उठ्ने अहङ्कार दुवैबाट जोगाउनु आवश्यक छ ।"

XXX

२०५१ सालको निर्वाचन घोषणापत्रमा उल्लेख भयो- "२०४८ सालको निर्वाचनबाट गठन भएको नेकाका गिरिजाप्रसाद कोइरालाको सरकारले मण्डलेकरणको ठाउँमा काङ्ग्रेसीकरण गऱ्यो । टनकपुर सम्झदारीको नाममा महाकाली नदी भारतलाई दिने र शाही नेपाल वायुसेवा निगमको एजेन्ट नियुक्तिको धमिजा काण्डको भ्रष्टाचारमा नेकाका सरकार र नेताहरू फसे । परराष्ट्र मामिलामा नेकाको सरकार साम्राज्यवादको पिछलग्गु भयो । नेकाको गिरिजा सरकारले उद्योग, यातायात, स्वास्थ्य, शिक्षा, विद्युत्, टेलिफोनलगायत क्षेत्रलाई निजीकरण गऱ्यो र राष्ट्रिय पुँजीमाथि घात गऱ्यो ।

नेमकिपाको घोषणापत्रमा उल्लेख भयो- "नेका र एमालेले जनतामाथि पालैपालो शासन गरेमा कामदार वर्गको प्रजातन्त्र रहने छैन । प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्नुपर्ने एमाले नेकाका गिरिजा सरकारसँग समर्पण र सम्झौतामा लाग्यो । नेमकिपाले दुईदलीय तानाशाहीको विरोध गऱ्यो ।

XXX

२०५१ सालको निर्वाचन पनि स्वच्छ र निष्पक्ष भएन । ८८ स्थान प्राप्त गरेको एमालेले अल्पमतको सरकार गठन गऱ्यो । यो सरकारको आर्थिक र विदेश मामिला नेकाको भन्दा फरक भएन । यो सरकार ६ महिनामात्र टिक्यो । एमाले अल्पमतको सरकार बचाउन सांसद खरिदमा लागेको पनि सार्वजनिक भयो । परिणाम प्रतिगामी र पुनरुत्थानवादीहरूले टाउको उठाए ।

एमालेको अल्पमतको सरकारपछि नेकाको शेरबहादुर देउवा नेतृत्वको सरकार गठन भयो । देउवा नेतृत्वको सरकारले २०५३ सालमा एमाले, सद्भावना, राप्रपा समेतको समर्थनमा भारतसँग देशहितविपरीत महाकाली सन्धि गऱ्यो । नेमकिपाले यसको विपक्षमा मत दियो ।

संसद्को पहिलो निर्वाचनमा ११३ स्थान प्राप्त गरी सरकारमा गएको नेका र ६९ स्थान प्राप्त गरी प्रमुख विपक्षी भएको एमाले दुवैले तीन प्रतिशत मत नभएको निहुँमा नेमकिपाका सांसदहरूलाई 'जर्बजस्ती' स्वतन्त्र बनाए ।

नेमकिपाले यो प्रतिगामी प्रावधानविरुद्ध सडक र संसद्मा आवाज राख्ने काम हालसम्म चालु राख्दै छ ।

XXX

२०५६ सालको संसद्को निर्वाचन घोषणापत्रमा नेमकिपाले लेख्यो, "बेइमान गर्ने मौका नपाएसम्म इमानदार भएका नेका र एमाले नेतृत्वको सरकार र तिनका नेताहरूले जनआन्दोलनको मर्ममा प्रहार गरे । देशघाती महाकाली सन्धि गर्ने र तिनका मतियारहरूलाई निर्वाचनमा सजाय नदिनुको अर्थ बाँकी नदीनाला पनि भारतीय एकाधिकार पुँजीलाई दिनु सरह हो ।

माओवादी सशस्त्र द्वन्द्वबारे घोषणापत्र भन्छ- "हतियारको बलमा समाजवाद लाद्ने अराजकतावाद अन्ततेगत्वा निराशामा टुङ्गिनेछ ।" अन्तत: माओवादी सशस्त्र द्वन्द्व भारतको 'ट्रोजन हर्स' जस्तै भयो ।

परराष्ट्र नीतिबारे घोषणा पत्रमा उल्लेख भयो, "साम्राज्यवादविरोधी शान्ति आन्दोलनलाई अगाडि बढाउनु जरुरी छ र सैनिक शक्तिको दबाबको कूटनीति वा आर्थिक नाकाबन्दीको विरोधमा आन्दोलन लक्षित हुनुपर्दछ । भारतीय विस्तारवादबाट भएको मेचीदेखि महाकालीसम्मका खुला सीमा सुस्ता, महेशपुर, तिलाठी, लालापट्टी, महाकालीको कालापानी क्षेत्रसम्म अतिक्रमण गरी भारतीय सैनिक तैनाथीको विरोध गर्दै छ ।"

त्यसपछि देशमा प्रतिगमन सुरु भयो । तत्कालीन राजाको प्रत्यक्ष शासन पुन:सुरु भयो । प्रजातन्त्रको मसिहा दाबी गरेको नेका (प्र) र कम्युनिस्टको मूलधार दाबी गरेको एमाले राजाको प्रतिगामी सरकारमा सामेल भए । बहुदलीय व्यवस्था पुन:स्थापनायता नेका र एमाले आ-आफ्नो जिम्मेवारी इमानदारीसाथ निर्वाह नगर्दा माओवादी अराजकतावाद र प्रतिगमन देखिएको पुष्टि भयो ।

नेमकिपाको संविधानसभा २०६४ र २०७०, संसद्को २०७४ र २०७९ को निर्वाचन घोषणापत्रबारे अध्ययन आगामी अङ्कमा प्रकाशित गरिनेछ ।

# जनतालाई शिक्षा र रोजगारी नदिने शासक दलका उम्मेदवारहरूलाई मत दिन नहुने




शुक्र

राष्ट्रिय तथ्याङ्क कार्यालयले राष्ट्रिय जनगणना २०७८ को आधारमा "नेपालमा शिक्षा र समावेशिता तथा बालबालिकाको अवस्था" विषयको प्रतिवेदन सार्वजनिक गऱ्यो । सो प्रतिवेदनअनुसार नेपालमा विद्यालय जाने (५–१७ वर्ष) उमेर समूहका ७ लाख ७० हजार बालबालिका विद्यालय बाहिर छन् । अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा ४ (२) मा "प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने" उल्लेख छ । २०७२ सालमा संविधान घोषणा भएपश्चात् नेका, एमाले, माओवादी, रास्वपा, राप्रपा सरकारमा पुगे । तर, ती सरकारहरूले जनताका छोरा–छोरीलाई नि:शुल्क शिक्षा दिएनन् ।

प्रतिवेदनमा तराई–मधेशका तीनचौथाइ बालबालिका विद्यालयमा प्रवेश नपाएको उल्लेख छ । मधेशका दलित, धार्मिक र भाषिक अल्पसङ्ख्यक समुदायमध्ये १५–१९ वर्ष उमेर समूहका प्रत्येक चारमा एकजना बालबालिका विद्यालय बाहिर छन् । त्यसमा छात्राको सङ्ख्या बढी छ । विद्यालय भर्ना भएकाहरू कक्षा ५ लगत्तै विद्यालय छाड्नेको सङ्ख्या धेरै छन् ।

प्रतिवेदनमा तराई–मधेशका १३.४ प्रतिशत घरपरिवारका कुनै पनि सदस्य साक्षर नभएको उल्लेख छ । मधेशका दलित समुदायको अवस्था झन विकराल छ । मधेशी जाति, मधेशी दलित, धार्मिक र भाषिक अल्पसङ्ख्यक समुदायका करिब ७५ प्रतिशत प्रौढ कहिल्यै विद्यालय गएनन् ।

अधिकांश विपन्न जनता कामको सिलसिलामा बसाइ सर्दै जाँदा बालबालिकाको पढाइ छुटेको छ । सम्पन्नताको तल्लो पञ्चांशका करिब ४५ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । प्रतिवेदनमा रोजगारदातासँग बसोबास गर्ने बालबालिकामध्ये ४२ प्रतिशत र आमा–बुबासँग बस्ने बालबालिकामध्ये ८९ प्रतिशत विद्यालय जाने उल्लेख छ । आमासँग बसोबास गर्ने बालबालिकामध्ये ९२ प्रतिशत विद्यालय पुग्छन् । प्रतिवेदनमा १६–१७ वर्षका ५ प्रतिशत बालबालिकाको विवाह हुने गरेको उल्लेख छ । विवाहित बालबालिकामध्ये ५२ प्रतिशतले विद्यालय छोडेका छन् ।

अनिवार्य तथा नि:शुल्क शिक्षासम्बन्धी ऐन, २०७५ को दफा १९ मा २०८५ वैशाखसम्म आधारभूत तह (कक्षा ८) पूरा नगरेका व्यक्ति सरकारी, गैरसरकारी, निजी क्षेत्रका निकायमा निर्वाचित, नियुक्ति र मनोनित हुन तथा रोजगारी प्राप्त गर्न नपाउनेउल्लेख छ । उनीहरूले कुनै कम्पनी, फर्म, सहकारी, गैरसरकारी संस्थाको संस्थापक शेयरधनी, सञ्चालक वा सदस्यसमेत हुन पाउने छैनन् । शासक दलहरूले नेपाली युवालाई कक्षा ८ उत्तीर्ण नगराई वैदेशिक रोजगारीमा पठाउने तयारी गर्दै छ । यसकारण, पनि नेपाली जनतालाई शासक दलका उम्मेदवारहरूलाई मत दिन नहुने चर्चा छ ।

# शासक दलहरू निर्वाचन घोषणापत्रलाई किन बेवास्ता गर्छन् ?

✍ **विवेक**

प्रतिनिधिसभाको निर्वाचन फागुन २१ गते आउन अब धेरै दिन बाँकी छैन । दलका नेता कार्यकर्ताहरू निर्वाचनको परिणाम आफ्नो पक्षमा पार्न चोक, गाउँ र नगर जताततै निर्वाचन प्रचारमा व्यस्त छन् । कतिपय दलका नेता कार्यकर्ताहरू असम्भव सपना बाँडेर जनतालाई फेरि एक पटक मूर्ख बनाउने प्रयास गरिरहेका दृश्यहरू पनि देखिँदै छन् । विगतको निर्वाचनमा तराईका युवाहरूलाई आकर्षित गर्न तत्कालीन एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले रौतहटको एक सभामा 'बिना धैवा फ्रि भिसा र फ्रि पासपोर्ट' वितरण गर्ने बताएका थिए । त्यो सामाजिक सञ्जालमा निकै चर्चाको बिषय बनेको थियो । युवाहरूलाई स्वदेशमै रोजगारी दिनुपर्नेमा विदेश जान उत्साहित गरेको भनेर त्यसको चर्को आलोचना पनि भयो र नेपालप्रति विश्वास घट्ने कारण बन्यो । त्यही कुरा अहिले भावी प्रधानमन्त्रीको रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीको तर्फबाट उम्मेदवार बनेका बालेन्द्र साहले पनि बोल्दै छन् । त्यसलाई तराईका युवाहरूले वाहीवाही गरिरहेका छन् भने बालेन पनि नेपालकै पद चिन्हमा हिँडेको टिप्पणी भइरहेको छ । रौतहटका उम्मेदवार ऋषि धमला बोल्दै छन् -"निर्वाचित भएको १ वर्षमा रौतहटका सुकुम्बासी समस्या समाधान गर्छु ।" कुनै सिद्धान्त र विचारविनाको यस्ता हावादारी गफ दिनेहरूको पछि जनता लागेसम्म देशको विकास सम्भव छैन ।

संसदीय व्यवस्थामा दलको मुख्य भूमिका हुन्छ । राजनैतिक दल सरकारमा गएपछि के गर्ने हो त्यो घोषणापत्रमार्फत सार्वजनिक गर्नुपर्छ । आगामी निर्वाचनको लागि दलहरू घोषणापत्र लेखनमा व्यस्त छन् । दलहरूले घोषणापत्र जारी गर्ने र घोषणापत्रको आधारमा पार्टीलाई भोट दिने संसदीय मान्यता हो । त्यसैले निर्वाचनलाई घोषणापत्रको लडाइँ पनि भनिन्छ । तर, नेपालमा २०४६ सालपछि धेरै पटक निर्वाचनहरू भए । ती सबै निर्वाचनमा सबैजसो पार्टीले घोषणापत्र जारी गरेका छन् । जनताबिच भोट माग्ने बेलामा घोषणापत्र वितरण गरिन्छ न जनताले घोषणापत्र पढेर भोट दिन्छन् न निर्वाचित भएका उम्मेदवार वा दलले घोषणापत्रअनुसार काम गर्ने जिम्मेवारीबोध गर्छन् । निर्वाचन घोषणापत्र एक औपचारिकतामा सीमित भएको छ ।

वास्तवमा निर्वाचन घोषणापत्र जनताबिच गरिएको प्रतिबद्धता वा प्रतिज्ञा हो । निर्वाचित जनप्रतिनिधि र दलको लागि काम गर्ने त्यो एक मार्गचित्र पनि हो । करौडौं खर्च गरेर, गुण्डा र प्रशासनको प्रयोग गरेर वा विभिन्न प्रलोभनहरू देखाएर निर्वाचित हुनेहरूको लागि पार्टी घोषणपत्रले महत्त्व नपाउनु स्वाभाविक हो तर जनता सचेत भएको भए त्यस्ता आश्वासन दिने र घोषणापत्रअनुसार काम नगर्ने दलका नेता कार्यकर्ताहरूलाई हाकाहाकी कारबाही गर्न पछि पर्दैनन् ।

२०७९ सालको संसदीय निर्वाचनमा शासक दलहरूले जारी गरेको घोषणापत्र अध्ययन गर्ने हो भने दलहरूले जनतालाई झुक्याएको प्रस्ट हुन्छ । नेका र माओवादीबिच गठबन्धन गरेर चुनाव लड्यो । निर्वाचनको परिणाम पछि नेका र माओवादीबिच प्रधानमन्त्रीमा सहमति हुन सकेन । त्यसपछि माओवादी र एमालेको गठबन्धन सरकार बन्यो । एउटा दलसँग मिलेर जनतासँग भोट माग्ने अर्को दलसँग अनैतिक गठबन्धन गरेर सरकार बनाउनेजस्ता अनैतिक काम गरे ।

त्यतिबेला एमालेले लिम्पियाधुरा, लिपुलेक र कालापानी समेटिएको नक्साबमोजिम जग्गा फिर्ताको लागि कूटनीतिक पहल गर्ने, स्थानीय तहलाई सेवा प्रवाहको केन्द्र बनाउने, न्यूनतम मासिक ज्याला २५ हजार पुर्‍याउने, २ वर्षभित्र देशलाई पूर्ण साक्षर बनाउने, सबै पालिकामा प्राविधिक शिक्षा पुर्‍याउनेलगायतका प्रतिबद्धता घोषणापत्रमार्फत गरेको थियो । ओली नेतृत्वमा नेकासमेतको गठबन्धन सरकार १ वर्षभन्दा बढी समय चल्यो । संसद्को सबभन्दा ठूलो दल नेका र दोस्रो दल एमालेबिच गठबन्धन सरकार गठनबारे प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत भएको भनेर चर्को आलोचना भयो तर ती दलहरूले त्यसलाई कुनै ध्यान दिएनन् । त्यो सरकारले न त एमालेको घोषणापत्रबमोजिम कुनै काम गर्न सक्यो न नेकाको घोषणापत्र कार्यान्वयन नै गर्‍यो ।

नेकाले पनि ३ वर्षमुनिका बालबालिका र ७३ वर्ष माथिका वृद्धवृद्धाको उपचार नि:शुल्क गर्ने, सबै महिलालाई श्यानिटरी प्याड नि:शुल्क वितरण गर्ने, कक्षा १२ सम्म नि:शुल्क गर्ने, ५ वर्षमा सबै विद्यालयमा गुणस्तरीय इन्टरनेट सेवा व्यवस्था गर्ने, मा.वि. तहसम्म ४० प्रतिशत प्राविधिक शिक्षा पुर्‍याउने घोषणापत्रमा उल्लेख गर्‍यो । एमाले नेतृत्वको सरकार भए पनि मुख्य साझेदार नेका नै थियो । नेकाका धेरै सांसदहरू मन्त्री बने पनि आफ्नो पार्टीको घोषणापत्र कार्यान्वयनतर्फ कसैले ध्यान दिएनन् । चुनावी घोषणापत्रमा लेखिएका विषयहरू कार्यान्वयनतिर लागेको भए जनतामा यति धेरै शासक दलहरूप्रति असन्तोष र आक्रोश बढ्ने थिएन ।

निर्वाचनको बेला जनताको घर घरमा पुग्ने नेता कार्यकर्ताहरू निर्वाचन जितेपछि गाउँ नफर्किने व्यवहारप्रति पनि जनताको असन्तुष्टि थियो । नेताहरू चुनावपछि अर्को चुनावमा मात्र भेट भएको बताउने जनता ग्रामीण क्षेत्रमा धेरै भेटिन्छन् । त्यसको मुख्य कारण सांसद भएपछि  नेताहरू काठमाडौँमै घर बनाएर बस्नु र निर्वाचन क्षेत्रमा नपुग्नु हो । निर्वाचनको बेला पार्टीमा ठूलो रकम चन्दा दिएर होस् वा धम्क्याएर, घुर्क्याएर उम्मेदवारको टिकट हात पार्ने, टिकट पाएपछि भोज खुवाएर, पैसा बाँडेर वा डर त्रास देखाएर जसरी पनि जित्ने र जितिसकेपछि सरकारमा जानका लागि मरिमेट्ने तथा सबभन्दा बढी बजेट भएको मन्त्रालय पाउन अनेकौँ दाउपेच गर्ने पुँजीवादी पार्टीहरूको प्रवृत्ति नै भएको छ । यस्ता अनैतिक र अमर्यादित व्यवहारले जनता शासक दलका नेता कार्यकर्तादेखि चिढिएका हुन् ।

जस्तोसुकै गाली गलौज, आलोचना र विरोध भए पनि जनताले नेका र एमालेकै पक्षमा साथ दिन बाध्य हुन्छन् भन्ने नेताहरूको सोच यो पटक गलत साबित भयो । नेका र एमालेको संयुक्त सरकार 'तोप पड्काए पनि ढल्दैन' भनेर केपी ओलीले भाषण गरेको केही दिनपछि नै युवा पुस्ताको प्रदर्शनले दुई दिनमै ढाली दियो । समय नेका र एमालेले सोचे जस्तो छैन भन्ने त्यो एक उदाहरण हो । आफूलाई हात्तीसँग तुलना गर्ने र अरू सबैलाई भुसुना सम्झने नेताहरूको लागि युवाहरूको आन्दोलनले गतिलो जवाफ दियो । यसबाट पनि शिक्षा लिन सकिएन भने नेका र एमालेले थप सङ्कटको सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।

नेपाल मजदुर किसान पार्टीले जनतालाई राजनीतिक रूपले सचेत पार्ने उद्देश्यले निर्वाचनलाई उपयोग गर्दै आएको छ । पार्टीले निर्वाचन घोषणापत्रमार्फत प्रतिबद्धता जाहेर गरेका कामहरू प्रभावकारी ढङ्गले गर्दै आएको छ । २०७९ सालको घोषणापत्रमा निर्वाचित प्रतिनिधिले प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरी प्रजातन्त्र र जनअधिकारको रक्षा गर्ने उल्लेख भएबमोजिम निर्वाचित सांसद प्रेम सुवालले त्यही काम गर्नुभयो । एक पटक संसद्मा रहेका सबै दलहरू सरकारमा सामेल भए तर नेमकिपा भने प्रतिपक्षमा बसी रह्यो । कानुनबमोजिम नेमकिपा संसद्को प्रमुख प्रतिपक्ष नै हुन पुग्यो तर सरकारले पूर्वाग्रही भावना राखेर प्रमुख प्रतिपक्ष घोषणा गरेन । नेमकिपाले त्यो हाबी सुविधा पाउनको लागि गरेको थिएन, संविधानले प्रदान गरेको हक थियो ।

नेमकिपाको घोषणापत्रमा एमसीसी सम्झौता, एसपीपीजस्ता सैनिक साझेदारी खारेज गराउन, विदेशीले नागरिकता पाउने देशघाती नागरिकता ऐनका प्रावधानहरू खारेज गराउन, ख्वप विश्वविद्यालय विधेयक पारित गराउन, मावि तहसम्मको शिक्षा अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गराउन आवाज उठाउने विषय उल्लेख थियो । त्यहीअनुसार संसद्को हरेक बैठकमा उपस्थित भएर पार्टी घोषणापत्रमा उल्लिखित ती विषयहरूलाई सांसद सुवालले उठाइरहनुभयो ।

त्यसैगरी प्रदेशस्तरीय विश्वविद्यालय र अस्पताल निर्माण गर्न, कृषिमा आत्मनिर्भर बनाउन, जमीन जोत्नेको सिद्धान्तको आधारमा क्रान्तिकारी भूमिसुधार लागु गर्न र रासायनिक मल कारखाना खोल्न, प्राकृतिक स्रोत र सम्पदा तथा सांस्कृतिक सम्पदा संरक्षण गर्न, स्वास्थ्य सेवा नि:शुल्क र सुलभ बनाउन आवाज उठाउने पार्टी घोषणापत्रमा उल्लिखित विषयहरू कार्यान्वयनको लागि पार्टीबाट निर्वाचित सांसदहरूले इमानदारीपूर्वक काम गर्नुभयो ।

विघटित संसद्मा धेरै पार्टीहरू थिए । नेमकिपाबाहेक अन्य जुनसुकै नाउँका पार्टीहरूले सरकारमा जानेबाहेक केही सोचेनन् । उनीहरूले पार्टीको सिद्धान्त, विचार तथा नैतिकता कुन चराको नाउँ जस्तो बनाए । जुनसुकै पार्टीसँग मिलेर जस्तोसुकै गठबन्धन गर्ने पार्टीहरूकै कारण भोट हाल्ने जनतामा राजनीतिप्रति नै वितृष्णा जाग्यो । परिणाम अहिले जनतामा नयाँ पार्टीलाई हेर्ने भन्ने भावनाको विकास भएको छ । नयाँ राम्रो भएर होइन कि शासक दलहरूलाई पटक पटक मौका दिँदा पनि राम्रो काम नगरेकोले दण्ड दिने भावनाले त्यो सोच अगाडि बढेको देखिन्छ ।

२०६४ सालमा माओवादी पहिलो पटक निर्वाचनमा भाग लिँदा देशभरि नै माओवादीमय भएको थियो । माओवादी नेतृत्वमा पटक पटक सरकार गठन भयो । हरेक सरकारमा माओवादीको सहभागिता थियो तर जनताको भावना र निर्वाचनको बेला गरेका बाचाहरू माओवादीले पूरा गर्न सकेनन् । माओावादी नेताहरू नै विभिन्न प्रलोभनमा पार्टी छोडेर अन्य पार्टीतर्फ लागे, कति त विभिन्न फौजदारी मुद्दामा जेलमा छन् । यसले जनतामा निराशा छायो ।

२०७९ सालको निर्वाचन घोषणापत्रमा माओवादीले पनि २०४७ साल यताका सबै उच्च पदस्थ पदाधिकारीहरूको सम्पत्ति छानबिन गर्ने, मावि तहदेखि गणित, विज्ञान प्रविधि अनिवार्य गर्ने जस्ता बाचा गरेका थिए । माओवादी नेतृत्वको सरकारले वर्षौंसम्म पनि सम्पत्ति छानबिनको कुनै प्रसङ्ग नै उठाएन । छानबिन आयोग गठन गर्‍यो भने अन्य नेताहरूसँगै माओवादी नेताहरू पनि जेल जाने निश्चित थियो । १० वर्ष सशस्त्र सङ्घर्ष गरेर आएका माओवादी नेताहरू सरकारमा गएको केही वर्षमै करोडपति र अर्बपति भएको सबैले देखे । माओवादीप्रति जनताको विश्वास घट्नुको कारण नेताहरूको जीवनस्तरमा आएको अप्रत्यासित परिवर्तन हो ।

अहिले स्वतन्त्र भनेर प्रचारमा आएका पार्टीहरूमा न कुनै विचार र सिद्धान्त प्रष्ट छ न उनीहरूसँग देशलाई अगाडि बढाउने मार्ग चित्र नै छ । विदेशी पैसाबाट सञ्चालन हुने अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूका सञ्चालकहरू नै धेरै ठाउँमा उम्मेदवार बन्दै छन् । उनीहरू जितेर आएको खण्डमा मालिकले जे चाहन्छ नेपालमा त्यही हुनेछ । के नेपाली जनताले त्यस्तै नेतृत्व खोजेका हुन् ?

मान्छेको भिड पछि लाग्दैमा त्यो सही वा सत्य हुन्छ भने होइन । विचार र सिद्धान्तमा सही हुनुपर्छ । त्यसको आधारमा नेतृत्व गर्ने नेताहरू इमानदार, देश र जनताप्रति बफादार हुनुपर्छ । त्यसले देश र समाजलाई अगाडि बढाउँछ । व्यापक जनता सचेत र सङ्गठित नभएसम्म त्यस्ता पार्टीहरू आकारमा सानो पनि हुन सक्छ तर अनुकूल वातावरण भएमा त्यसले फल्ने र फुल्ने मौका पाउँछ र तीव्र गतिमा विकास हुनेछ ।

मान्छेको भिड पछि लाग्दैमा त्यो सही वा सत्य हुन्छ भने होइन । विचार र सिद्धान्तमा सही हुनुपर्छ । त्यसको आधारमा नेतृत्व गर्ने नेताहरू इमानदार, देश र जनताप्रति बफादार हुनुपर्छ । त्यसले देश र समाजलाई अगाडि बढाउँछ । व्यापक जनता सचेत र सङ्गठित नभएसम्म त्यस्ता पार्टीहरू आकारमा सानो पनि हुन सक्छ तर अनुकूल वातावरण भएमा त्यसले फल्ने र फुल्ने मौका पाउँछ र तीव्र गतिमा विकास हुनेछ ।

अहिले थुप्रै कलाकारहरू, सङ्गितकारहरू, नाटककारहरू निर्वाचनको मैदानमा उत्रेका छन् । देश र जनताको सेवा गर्ने स्पष्ट विचारधाराका साथ आएको भए त्यो धेरै राम्रो कुरा हो । संसद् नयाँ नयाँ कानुन निर्माण गर्ने बौद्धिक अभ्यास गर्ने ठाउँ हो । अहिले चर्चामा आएका उम्मेदवारहरू जितेको खण्डमा कतै संसद् गीत, सङ्गीत वा नाटक गर्ने रञ्गमञ्च वा क्लबमा परिणत हुने त होइन ? जनताको मनमा चिन्ता र शङ्का व्याप्त छ ।

## गाँसेगुसे एकै नासे !

जति जति निर्वाचनको मिति नजिक आउँदै छ, उति उति हाम्रा केही बुद्धिजीवी र राजनीतिक तमासा हेरेर दिक्क मानेका संवेदनशील व्यक्तिहरू 'जोसुकै जिते पनि उही हो, हामीले सबै हेरिसकेकै छौँ; पुराना होस् वा नयाँ पुस्ता ?' भन्दै अब त एक पटक 'नयाँ पुस्ता' लाई नै दिनु उचित होला कि भन्नेहरू पनि कम छैनन् ।

निर्दलीय पञ्चायत कालको ३० वर्ष र बहुदलीय प्रजातन्त्र र गणतन्त्रको ३५ वर्षभन्दा बढी समय भोगेकाहरूले 'समालोचना' गर्नु आवश्यक छ । जे सुकै होस् र जोसुकै जितून् भन्ने दिक्दारीले देश रसातलमा जानेछ ।

देशमा आगो लाग्दा त राजीनामा दिन नमान्ने लाछीहरू वा आफू अयोग्य साबित हुँदा पनि राजीनामा नदिनेहरू 'निर्लज्ज' नभए के भन्ने ? पञ्चायत कालमा सिंहदरबारमा आगो लाग्दा तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले के राजीनामा दिएनन् ? सरकारलाई त थाहा थियो होला – सिंहदरबारमा आगो लगाउने शक्ति को होला ? भन्ने गरिन्छ–'डुब्दो जहाजबाट मुसो पनि भाग्छ ।' 'मरेको मान्छेको लासलाई जुम्राले पनि छोड्छ ।' तर, हाम्रा शासक दलका नेताहरूले सत्ताको 'गलत स्वाद' र 'देशै नरहे पनि मित्र शक्तिहरूबाट सत्ता मागेपछि हामीले कसो नपाऔँला, हामी पुरानो हजुरिया त हौँ भन्ने आशा बोक्ने नादानहरू बाँकी नै छन् ।

एक जना नेपाली कविको कविताको सम्झना हुन्छ– 'गुणको वैरी मानिस जाति.. !' जनताले जति पटक मत दिए पनि शासक दलका नेताहरू जनताको भलाइभन्दा ठेकेदार, तस्कर र विदेशी एजेन्टहरूकै सेवामा लागे । दु:खी नेपाली जनता जहाँको तहीँ भए । छोराछोरी पनि विदेशमा पठाए !

**नयाँ पुस्ता पनि त देखिए ?**

पूर्वप्रधानमन्त्रीकी छोरी 'नयाँ पुस्ता' ले विदेशीसँग विवाह गरिन् र छोरा–छोरी पाइन्, विदेशीसँगको व्यापारमा नेपाल ठगियो । नयाँ नातिले पनि विदेशीसँग विवाह गरिन् । सम्झौता देशको भयो; अनेक झमेलामा फस्यो । सुडान काण्ड र पासपोर्ट छपाइ काण्डमा फसाएर देशको हुनसम्म बदनाम भयो !

अर्को शासक दलका 'नयाँ पुस्ता' वा 'युवा मन्त्री' प्राचीन विहार र कमलपोखरीमा १५ तलाको होटल र पसल खोली उद्घाटनमा लाग्दा देशको सांस्कृतिक क्षेत्रलाई म्हास्न नदिन जनता मिलेर अदालत गए र उद्घाटन रोक्न धर्ना बसेका थिए । तर, मन्त्री पछाडिको बाटोबाट गई उद्घाटन गरेर भागे–प्रहरीको पर्दा राखेर !

के यही हो 'नयाँ पुस्ता' को देशभक्ति, सांस्कृतिक प्रेम र सुझबुझ ?

अर्को 'नयाँ पुस्ता' का नेताले जनतालाई काम गरी खान सिकाउने उद्देश्यले भेँडा–बाख्रा पालन र मासु पसलको कारोबार गरे । त्यहाँ पनि हिसाब–किताब र भ्रष्टाचारको हो–हल्ला सुन्ने मानिसले कान थुनेर जानुपर्‍यो ।

धरानको बी.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठानको उपकुलपति नियुक्ति र मेडिकल कलेजको भ्रष्टाचारमा नयाँ पुस्ताकै मन्त्रीको चर्तिकला जिम्मेवार भएको समाचारपत्रहरूमा देखिन्छ ।

प्रश्न उठ्छ – हरेक राजनीतिक कार्यकर्ता (नयाँ वा पुराना) सबै बदनामै हुनुपर्ने हो वा बदनाम गराइएको हो ? यसको उत्तर कसले दिने ?

नयाँ अर्थमन्त्री खनालले केही दिनअगाडि विदेशी पुँजीलाई अनिवार्य शुल्क माफ गरी देशलाई नोक्सान पारेको समाचार सबै पाठकले पढे ।

तर, आज 'ग्रे लिस्ट' बाट बाहिरिन जिम्मेवार भई काम गरौँ (अन्नपूर्ण १५ माघ, २०८२) भनी मन्त्री खनालले कसलाई शिक्षा दिएका हुन् ?

के सम्पत्ति शुद्धीकरण भ्रष्टाचार गरी जोडिएको सम्पत्तिको सानो भाग बुझाएबापत भ्रष्टाचारीको दागबाट मुक्त हुने प्रमाणपत्र हो ?

## सन्दर्भ: भदौ २३ र २४ गतेको प्रदर्शन

# साम्राज्यवादीहरूको 'छद्म युद्ध' अध्ययन – १७

✍ रामरतन चौधरी

**टिओबी (TOB) ज्याकेटधारी**

भदौ २३ र २४ गते नयाँ पुस्ताको आन्दोलनमा 'स्वतन्त्र तिब्बत' सँग सम्बन्ध रहेको टिओबी ज्याकेटधारी समूह घुसेर भिडलाई उत्तेजित पार्ने काम गरेको खुल्यो । टिओबी (TOB) को अर्थ Tibetan Original Blood (तिब्बती मूलको रगत) हो । जेन-जीको नाउँमा भएको नयाँ पुस्ताको आन्दोलनमा टिओबीको नेतृत्व तेन्जिङ दावा भन्ने व्यक्तिले गरेका थिए । जो विवादास्पद व्यक्ति हुन् । दावाले पहिरिएको ज्याकेटमा टिओबी (Tibetan Original Blood) लेखिएको थियो । उनले अगस्ट, २०२४ मै आफ्नो फेसबुक अकाउन्टमा टिओबीको लोगो अपलोड गरेका थिए ।

नयाँ पुस्ताको आन्दोलनमा संसद् भवन आसपास दावाको समूह देखा परेको थियो । त्यसक्रममा उनले 'खबर बुलेटिन टिभी' नामक फेसबुक पेजमा "मलाई मेरो देश फिर्ता चाहियो; मेरो देश, मेरो शान; हाम्रो देश, हाम्रो राज ।" जस्ता तिब्बतलाई सङ्केत गर्ने अभिव्यक्ति दिएका थिए । टिबेटन ओरिजिनल ब्लडकै नाममा १३ वर्षअघि खोलिएको एउटा फेसबुक ग्रुपमा "विश्वभर छरिएर रहेका तिब्बती र 'स्वतन्त्र तिब्बत'का पक्षधरहरूको मञ्च तथा विश्व सञ्जाल" भनेर परिभाषित गरिएको छ । ( टेकपाना, २०८२ असोज २६)

भदौ २३ र २४ गतेको शङ्कास्पद गतिविधिमा दावाको भूमिका देखिएपछि उनलाई प्रहरीले पक्राउ गऱ्यो । छानबिनको क्रममा उनको नागरिकता, जन्म दर्ता प्रमाणपत्र र विद्यालय प्रमाणपत्रसमेत नक्कली रहेको तथ्य प्रहरीले फेला पाऱ्यो । तेन्जिनको नागरिकतामा बाबुको नाम कृष्णबहादुर उल्लेख छ । प्रहरीले ती व्यक्तिलाई जिल्ला प्रहरी कार्यालयमा उपस्थित गरायो । तर, बाबु छोरा भनिने दुवैले एक अर्कालाई चिनेनन् । यसले दावा नेपालमा बसेर चीनविरुद्ध गतिविधि गर्ने व्यक्ति रहेको प्रस्ट हुन्छ । उनलाई लागुऔषध, लिखतसम्बन्धी कसुरका मुद्दा लागेको छ । तर, यस्तो गम्भीर मुद्दा लागेका दावालाई काठमाडौँ जिल्ला अदालतले ५ लाख २० हजार धरौटीमा छोडेको छ ।

नयाँ पुस्ताको आन्दोलनमा सहभागी सुरेन्द्र घर्ती नामका एक युवाले भने, "हामी नाच्दै गाउँदै शान्तपूर्वक प्रदर्शन गर्दै थियौँ । एभरेष्ट होटलभन्दा मुनि TOB ज्याकेट लगाएका एउटा समूह बाइक पड्काउँदै आयो । उनीहरू आएपछि माहौल तात्तियो । पुलिससँग वादविवाद पनि पऱ्यो । उनीहरूले नै पुलिससँग धक्कामुक्का गर्न थालेपछि प्रदर्शनमा उत्रिएका युवाहरू उत्तेजित भए । उनीहरूकै कारण भिड उत्तेजित भएर व्यारिकेड तोड्ने काम भएको हो ।" (पोडकास्ट, टङ्क दाहाल, २०२५ नोभेम्बर २३)

**नेपालमा टिबेटीयनहरू**

नेपालमा २० हजारभन्दा बढीको सङ्ख्यामा तिब्बती शरणार्थीहरू रहेको अनुमान छ । तीमध्ये धेरैजसो सन् १९५९-६० मा दलाई लामासँगै तिब्बतबाट भागेर नेपाल आएका थिए । यी तिब्बती शरणार्थी काठमाडौँ, पोखरा, सोलुखुम्बु, बागलुङ, मुस्ताङ्लगायतका शहरमा बस्दै आएका छन् । कतिपय शरणार्थीहरूले प्रशासनलाई प्रभाव पारेर नेपाली नागरिकता लिइसकेका छन् । कतिपय शरणार्थीकै रूपमा छन् । नक्कली कागजात पेश गरेर नेपाली नागरिकता लिएकाहरू नेपालको राजनीति र प्रशासनिक क्षेत्रमा समेत पहुँच पुऱ्याउँदै छन् । साम्राज्यवादी अमेरिकाले उनीहरूलाई नेपालमा बसेर चीनविराधी गतिविधि गर्न उक्साउँदै आएको छ ।

**खम्पा विद्रोह**

अमेरिकाको उक्साहटमा सन् १९५६ देखि दलाई लामाका पक्षधरहरूले तिब्बतमा सशस्त्र विद्रोहको सुरुआत गरे । १० मार्च १९५९ मा खम्पा विद्रोहको नाममा तिब्बतको ल्हासामा उपद्रव मच्चाए । ३० मार्च १९५९ मा तिब्बतका चौधौँ दलाई लामाले तिब्बत छाडेर अमेरिकी गुप्तचर संस्था (सीआईए) को सहयोगमा १८ अप्रिल १९५९ मा भारतको आसाम तेजपुरमा आश्रय लिन पुगे ।

अमेरिका, भारत र युरोपेली सरकारहरूको साथ र सहयोग पाएको दलाई लामाले सन् २०६० देखि सैनिक खडा गरेर सशस्त्र विद्रोहको तयारी गरे । उनीहरूले नेपाली भूमि प्रयोग गरे । खम्पाहरूले पूर्वओलाङचुङ्गोलादेखि पश्चिम हुम्लासम्मको हिमाली भेगमा शिविर राखेर चिनिया भूमिभित्र गुरिल्ला गतिविधि गरेर फर्कन्थे । दलाइ लामाका पक्षधरहरूले तिब्बतका खाम क्षेत्रका मान्छेहरू नेपालमा राखेर तिब्बतमाथि आक्रमण गर्ने रणनीति अपनाएका थिए । खम्पा विद्रोहको निम्ति नेपाली भूमि मुस्ताङ्लाई चुनिएको थियो । उनीहरूका सर्वोच्च कमाण्डर वाङ्दी त्यहीँ बस्थे ।

खम्पाहरू दलाई लामाका दाइ ग्यालो थोन्डुपमार्फत अमेरिकी गुप्तचर संस्था सिआईएसँग जोडिन पुगेका थिए । अमेरिकासँग मिलेर खम्पा गुरिल्ला परिचालन र मुस्ताङ्मा शिविर बसाल्ने मुख्य सूत्रधार ऊ नै थोन्डुप हुन् । उनीमार्फत गे वाङ्दीलगायत ६ जनालाई सीआईएले पश्चिम प्रशान्त क्षेत्रमा पर्ने साइपन टापुमा गुरिल्ला युद्ध, सूचना सङ्कलन र ट्रान्समिटर सञ्चालनको चारमहिने तालिम दिएका थिए । त्यसपछि उनीहरूलाई तिब्बतको विभिन्न भागमा प्याराजम्प गराइएको थियो । तीमध्ये ३ जना तिब्बत पसेको केही समयपछि नै चिनिया सेनाबाट मारिए । वाङ्दीको टोलीपछि अर्को टोलीलाई पनि साइपनमै तालिम दिइएको थियो । त्यहाँ हावापानी नमिलेर विद्रोहीहरू बिरामी पर्न थालेपछि दोस्रो वर्षदेखि अमेरिकाको कोलोराडोमा लगेर तालिम दिइयो । कोलोराडोको हावापानी तिब्बतसँग मिल्दोजुल्दो छ । त्यहाँ तालिम दिइसकेपछि सिआईएले तिनीहरूलाई तिब्बतका विभिन्न ठाउँमा प्याराजम्प गरायो । सन् १९५७ देखि ६१ को अवधिमा सिआईएद्वारा तालिम प्राप्त ४९ गुरिल्लामध्ये १२ जना बाँकी रहेर सबै मारिए । बचेकाहरू भागेर भारत पुगे ।

सिआईए अधिकारीहरूले माओको सेनासँग लड्न माओकै गुरिल्ला शैली अपनाउने योजना बनाएका थिए । सिआईएले एअरड्रपमार्फत खम्पाहरूको निम्ति हतियार, लत्ता कपडा, औषधी र खाद्यान्न पठाइदिने गरेको थियो । तिब्बतीलाई 'साम्पा' (सातु) मनपर्ने भएकोले सिआईएले 'केलोग्स कम्पनी' को सहयोगमा पर्याप्त तागत दिने पौष्टिक पदार्थ मिसाएर बनाएको साम्पासमेत झारिदिने गरेको थियो ।

**मुस्ताङ मिसनमा भारत**

अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले तिब्बत मिसनमा भारतलाई पनि संलग्न गरायो । २०१९ कार्तिकमा भारत-चीन युद्ध छेडिएपछि मुस्ताङ मिसनमा अमेरिकाले भारतलाई समेत साझेदार बनायो । भारतीय गुप्तचर 'आइबी' ( Intelligence Bureau) प्रमुख बीएन मल्लिकले दलाई लामाका दाइ थोन्डुपसँग ६००० तिब्बती युवा उपलब्ध गराउन मागे । उनीहरूलाई देहरादुनको चक्रातामा लगेर भारतीय सेना र सिआईएले establishment of 22 नामको तालिम केन्द्रहरू खडा गरेर गुरिल्ला युद्धको तालिम दिए । २०२० मा सिआईए र भारतले दिल्लीमा 'कम्बाइन्ड अपरेसन्स सेन्टर' खडा गरे । त्यसमा सिआईए, भारतका गुप्तचर अधिकारी र तिब्बती प्रतिनिधिहरू थिए । मुस्ताङबाट आउने चीनसम्बन्धी गोप्य सूचनाहरूको प्रशोधन र विश्लेषण त्यहीँ गरिन्थ्यो । सन् १९६० को अन्त्यसम्म तिब्बत अपरेसनका लागि अमेरिकाले बर्सेनि २५ लाख डलर खर्च गरेको थियो । भारतमा तालिम लिएका तिब्बतीलाई २०२८ सालमा भारतले बङ्गलादेश छुट्याउने पूर्वीपाकिस्तानको युद्धमा समेत प्रयोग गरेको थियो । जहाँ ५६ जना विद्रोही टिबेटीयनहरूको मृत्यु भयो भने थुप्रै घाइते भए । (भिक्षु, व्यापार र विद्रोह, सुधीर शर्मा)

**नेपालमा खम्पा विद्रोह गराउनुको उद्देश्य**

अमेरिका र भारतले नेपालको मुस्ताङलगायतका हिमाली क्षेत्रमा खम्पाहरूको गतिविधि बढाएर चीनलाई अस्थिर बनाउने, नेपाल र चीनको बिचमा सम्बन्ध बिगार्ने, नेपालमा चीनलाई आक्रमण गर्न उक्साउने र नेपालको सुरक्षा गर्न भन्दै नेपालको उत्तरी सीमामा भारत र अमेरिकाको सेना ल्याएर राख्ने दाउ हेरेका थिए । त्यतिबेला उनीहरू पूर्णरूपले सफल हुन सकेनन् ।

**खम्पाविरुद्ध नेपाली सेनाको कारवाही**

वि.सं २०३१ असार १ गते नेपाली सेनाको पोखरा ३ नम्बर बाहिनीबाट सैनिक कारबाहीलाई अगाडि बढाइएको थियो । नेपाली सेनाले खम्पा विद्रोहीलाई नि:शस्त्रीकरण गर्न प्रमुख सेनानी सत्चित शमसेर राणालाई अप्रेसन कमाण्डरको जिम्मा दियो । नेपाली सेनाले पटक पटक खम्पा विद्रोहीहरूलाई आत्मसमर्पण गर्न भन्यो । उनीहरूले हतियार बुझाउने भनेर समय लम्ब्याउँदै झुक्याइरहे । नेपाली सेना खम्पाविरुद्ध उत्रिएको बेला चिनिया सेना नेपाली सेनालाई सघाउन सीमा क्षेत्रमा उत्रिएको थियो भने भारतीय सेना खम्पा विद्रोहीहरूलाई उद्धार गर्न हेलिकप्टरसहित आएको थियो ।

नेपाली सेनाले कारवाही थालेपछि वाङ्दीको टोली मुस्ताङबाट तिब्बत पस्दै, नेपालतर्फ ओर्लँदै लुक्दै-भाग्दै दार्चुलासम्म पुगेको थियो । त्यहाँबाट उनीहरू भारत छिर्न खोजेका थिए । त्यहीँ गौँडा ढुकेर बसेको नेपाली सेनाको टुकडीले २०३१ भदौ २४ गते बिहान ९ बजे तिङ्करनजिक टाटा भन्ने ठाउँमा घोडामा आउँदै गरेका खम्पाहरूमाथि गोली चलायो । दिउँसो तीन बजेतिर वाङ्दी नेपाली सेनाको गोली लागेर ढले । वाङ्दी ढलेपछि बाँकी खम्पाहरूको भागाभाग भयो । कोहीले नेपाली सेनासमक्ष आत्मसमर्पण गरे । यसरी खम्पा विद्रोहीहरू नेपाली भूमिबाट परास्त भएका थिए ।

अहिले नेपालमा सिआईएको चलखेल व्यापक भएको छ । नयाँ पुस्ताको आन्दोलनपछि नेपालमा अमेरिकी कठपुतली सरकार गठन भयो । यस्तोमा साम्राज्यवादी अमेरिकाले चीनविरुद्ध अर्को भाँडभैलो मच्चाएर नेपाललाई रणभूमि बनाउन सक्नेतर्फ नेपाली जनता सचेत हुनु जरुरी छ ।

*२०८२ माघ १८ गते*

---

# नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा शुभकामना !

✍ प्रतिज पहाडी, दैलेख

राष्ट्र र राष्ट्रियताको पहरेदार,
जनताको आँखाको नानी,
दीनदु:खी, श्रमिक, किसान र उत्पीडितवर्गको हक-हितमा
*सधैँ क्रियाशील, सिद्धान्तनिष्ठ र निर्भिक राजनीतिक दल - नेपाल मजदुर किसान पार्टी !*

५२ वर्षे राजनीतिक यात्रामा नेमकिपाले जनतासामु कहिल्यै झूट बोलेन, दलीय भागबन्डामा सहभागी भएन, सत्ता र सुविधाको लोभमा आफ्नो विचार बेचेन । रातो पासपोर्टको दुरुपयोग नगर्ने, आन्दोलनको नाममा ढुङ्गामुढा, तोडफोड, आगजनी र अराजकता नगर्ने, जघन्य अपराधीलाई संरक्षण नदिने र एनजीओ/आईएनजीओको दलालीबाट टाढा रहने पार्टीको रूपमा नेमकिपाले नेपाली राजनीतिमा स्वच्छ र अलग पहिचान बनाएको छ ।

नेमकिपा जनताबिच स्पष्ट विचार राख्ने पार्टी हो । समाजवादी गणतन्त्रको बहस अगाडि बढाउने, उत्पादनका मुख्यमुख्य साधनको राष्ट्रियकरण, योग्यताअनुसारको काम र कामअनुसारको ज्याला, व्यक्तित्व विकासमा समान अवसर, नि:शुल्क, अनिवार्य र श्रमसँग जोडिएको शिक्षा, गाउँ-सहर तथा शारीरिक-मानसिक श्रमबिचको भेद अन्त्य र क्रान्तिकारी भूमिसुधारका विषयमा नेमकिपा स्पष्ट र प्रतिबद्ध छ ।

क्रान्तिकारी संसद्वादको अभ्यास गर्दै नेमकिपाले संसद् र सडक दुवै ठाउँबाट देशको प्राकृतिक स्रोतसाधन जोगाउन सङ्घर्ष गरेको छ । देशको सार्वभौमिकता र स्वाधीनताका पक्षमा निरन्तर आवाज उठाएको छ । भारतीय नाकाबन्दी, महाकाली सन्धि, एमसीसी, एसपीपीजस्ता राष्ट्रिय हितविरुद्धका विषयमा सदन र सडकमा दृढ प्रतिरोध नेमकिपाले गरेको हो । मजदुर र किसानका मुद्दा सदनमा उठाउँदै ख्वप विश्वविद्यालय विधेयकजस्ता दूरदर्शी प्रस्ताव अघि सारेको पार्टी नेमकिपा नै हो ।

नेमकिपा स्पष्ट छ - निर्वाचनबाट क्रान्ति हुँदैन । निर्वाचन साधन हो, साध्य होइन । नेमकिपा पुँजीवादी सरकारमा सहभागी हुन होइन, प्रखर र इमानदार प्रतिपक्षको भूमिका निर्वाह गर्न प्रतिबद्ध छ । हरेक निर्वाचनलाई नेमकिपाले सत्ताको खेल होइन, जनतालाई सचेत, सङ्गठित र वैचारिकरूपमा सशक्त बनाउने खुला राजनीतिक शिक्षालयका रूपमा लिँदै आएको छ ।

भारतीय एकाधिकार पुँजी र विस्तारवाद तथा अमेरिकी साम्राज्यवादको विरोध नेमकिपाको स्पष्ट वैचारिक धार हो । नेपाल पछाडि पर्नुको मुख्य कारण भारतीय एकाधिकार पुँजी, सीमामाथिको अतिक्रमण, आन्तरिक राजनीतिमा हस्तक्षेप, असमान सन्धि-सम्झौता र प्राकृतिक स्रोतसाधनमाथिको गिद्देदृष्टि हो भन्ने सत्य नेमकिपाले जनतामाझ उजागर गर्दै आएको छ । कालापानीमा भारतीय सेनाको कब्जा, नेपाली भूमि समेटेर 'अखण्ड भारत' को नक्सा जारी गर्नु र एमसीसी-एसपीपीमार्फत नेपाललाई 'एसियाको युक्रेन' बनाउने प्रयासका विरुद्ध नेमकिपा अडिग रूपमा उभिएको छ ।

५२ औँ स्थापना दिवसको अवसरमा, राष्ट्र, राष्ट्रियता, सार्वभौमिकता र जनताको पक्षमा नेमकिपाले गर्दै आएको सिद्धान्तनिष्ठ सङ्घर्ष अझ सशक्त बनोस्, जनताको विश्वास अझ मजबुत होस् भन्ने कामनासहित पार्टीलाई हार्दिक शुभकामना व्यक्त गर्दछौँ ।

---

# पुँजीवादी व्यवस्थाभित्र पसेर आमूल परिवर्तन असम्भव

क्रान्तिकारी सिद्धान्त नभई क्रान्तिकारी आन्दोलन हुँदैन; क्रान्तिकारी आन्दोलन नभई आमूल परिवर्तन हुँदैन । मार्क्सवाद-लेनिनवादको सिद्धान्त अन्तर्राष्ट्रिय कामदारवर्गको आन्दोलनको अनुभवको सँगालो हो । यो सर्वहारा वर्गीय क्रान्तिको विज्ञान हो । यो विज्ञान सत्य र तथ्यमा आधारित हुन्छ । यसकारण, मार्क्सवाद-लेनिनवादबारे गहिरो अध्ययन गर्नुपर्छ; क्रान्तिकारी सङ्गठन विस्तार गरेर देशका व्यापक जनतालाई सचेत र सङ्गठित गर्नुपर्छ । सिद्धान्त र विचारबाट च्युत कुनै पनि दलले आमूल परिवर्तनको बाटो खोज्दैन । भ्रष्टाचारको मात्र विरोध गरेर देशमा परिवर्तन सम्भव छैन । देशमा आमूल परिवर्तन गरेर व्यापक जनताको हितमा लाग्ने दल र दलका नेताहरू अवसरवादी हुँदैनन् । उनीहरू सिद्धान्त र विचारलाई ढाकछोप गरेर व्यक्तिगत स्वार्थमा भुल्दैनन् । आज देशमा सिद्धान्त र विचार प्रस्ट नभएका दलहरू पनि देखिएका छन् । दल खोल्न पाउनु राजनीतिक अधिकार हो । तर, दलको प्रस्ट सिद्धान्त र विचार हुनुपर्छ । त्यो दलको वर्गीय स्वार्थ के हो ? प्रस्ट हुनुपर्छ । त्यो दलले कुन वर्गका जनताको पक्ष लिन्छ ? त्यो थाहा हुनुपर्छ । कुनै दलले सामन्त, जमिनदार, पुँजीपतिवर्गको प्रतिनिधित्व गर्छ भने त्यसले व्यापक जनताको हित गर्दैन; हितको निम्ति ऐन कानुन बनाउँदैन ।

हरेक राजनीतिक दल राष्ट्र र व्यापक जनताको हितको निम्ति लाग्नुपर्छ । मानव जनताको मुक्ति र कामदार जनताको हितको निम्ति दल खोल्नुपर्छ । देश र समुदाय छोडेर व्यक्तिगत र दलगत स्वार्थमा लाग्ने दलले देशको अनुहार फेर्दैन । देशलाई कमाउने भाँडो बनाउने दलका नेताहरू कहिले पनि स्थिर हुँदैनन् । उनीहरू विचार फेर्दै, जनतालाई झुक्याउँदै अघि बढिरहेका हुन्छन् । निर्वाचन वैचारिक सङ्घर्ष गर्ने थलो हो; दलको सिद्धान्त र विचार जनतामाझ पुऱ्याउने भरपर्दो बाटो हो । यो बेला कुनै दलका नेता र उम्मेदवारलाई हिलो छ्यापेर हुनसम्मको गाली गरेर जनताको मत आफूतिर आकर्षित गर्ने होइन । निर्वाचनमा हल्ला गरेर जित्ने होइन; जनतासामु जनतालाई परेको समस्या समाधान गर्न अघि सर्ने, आवाज बुलन्द गर्ने दल र दलका उम्मेदवार चयन गर्नुपर्छ । कम्युनिस्टहरू दूरदर्शी हुन्छन् । सच्चा नेताहरू व्यक्तिवादी हुँदैनन् । उनीहरू अहङ्कारी हुँदैनन् । बरु उनीहरू आफ्नो लक्ष्य प्राप्त गर्न जनतामाझ गइरहन्छन्; जनतालाई सुसूचित पार्ने काम गरिरहन्छन् । उनीहरू एक समय, एक क्षण होइन जीवनको अन्तिम घडीसम्म जनतामाझ भिजिरहेका हुन्छन् । उनीहरू सिद्धान्तनिष्ठ हुन्छन्; जवाफदेही हुन्छन् । दृढ अडानका साथ उनीहरू सिद्धान्तभन्दा बाहिर हाम फाल्दैनन् ।

देशमा स्थापना भएका सबै दलहरू यसरी नै अघि बढ्नुपर्ने हो । तर, आफूलाई ठुला, कम्युनिस्ट भनिएका दलका नेताहरू सरकारको नेतृत्व गर्न, सरकारमा जान सिद्धान्त र विचार छोड्छन्; भागबन्डामा सामेल भएर विचारलाई बन्धक राख्छन् । आफू सरकारमा जान या नेतृत्व गर्न शत्रु र मित्र भन्दैनन्; दूरदर्शी कुरा सोच्दैनन् । यही कारण सत्तासीन दलले देशमा खासै राम्रो काम गर्न नसकेको हो । सबै खालका शोषण, थिचोमिचो अन्त्य गर्न अघि सर्नुपर्ने दलका नेताहरू भ्रष्टाचार, अनियमितता, बेथितिमा फसेपछि देशमा कसरी सुशासन हुन्छ ? कम्युनिस्टहरू सङ्गठित र अनुशासित पार्टीको निर्माण गर्न समाजमा रहेका सडेगलेका भ्रष्टाचारीहरूलाई बढार्नेतर्फ लाग्नुपर्छ । कामदार वर्गीय भावनाको विकास गरी भ्रष्टाचारको दुर्गन्धविरुद्ध सङ्घर्ष गर्नुपर्छ । शोषितपीडित जनताको प्रतिनिधित्व गर्ने दलको खाँचो हुन्छ । कुनै पनि दलले सत्तामा गएपछि एकथरीको सिद्धान्त र विचार तथा सरकारमा नभएपछि अर्को थरीको सिद्धान्त र विचार आत्मसात गर्दैन ।

सरकारमा पुगेका कम्युनिस्ट भनिने दलका नेताहरूले क्रान्तिकारी बाटो भुले; सत्ता राजनीतिमा भुले । सरकारको नेतृत्व गर्न पाएपछि क्रान्तिकारी विचार छोडेर दलगत र व्यक्तिगत स्वार्थ खोज्ने दलका नेताहरू कसरी सच्चा कम्युनिस्ट हुन्छन् ? क्रान्तिकारी हुन्छन् ? विदेशी इसारामा चल्ने, बस्ने, दास मानसिकताले काम गर्ने, पतीत, भ्रष्ट, घमण्डी र नोकरशाही व्यवहार गर्ने दलका नेताहरूको भरमा देशमा न परिवर्तन हुन्छ न त विज्ञान र प्रविधि तथा विकासको उचाइमा पुग्छ । प्रत्येक कम्युनिस्टहरू कठिन र कष्ट साध्य जीवन पार गर्दै अघि बढ्छन् । आफ्नो सैद्धान्तिक तथा देश विदेशका आन्दोलनको अध्ययन गरेर उनीहरू आफ्नो विचारलाई तिखार्ने काम गर्छन् । परिवर्तनको निम्ति लाग्ने नेता कार्यकर्ताहरू निरास हुँदैनन्; काम गर्न थाक्दैनन् । उनीहरू प्रतिक्रान्तिकारी, सामन्त, पुँजीपति, जमिनदार, जालीफटाहाविरुद्ध लडी समाजको संरचना फेर्नेतर्फ निरन्तर अघि बढिरहन्छन् । उनीहरू क्रान्तिकारी गुण र क्षमता बढाउँदै समाजलाई साँचोमा ढाल्ने अठोट गर्छन् ।

कामदार जनताको पक्षमा सङ्घर्ष गर्ने राजनीतिक दलहरू आफ्नो देशको मुक्तिको निम्ति मात्र होइन थिचोमिचोमा परेका राष्ट्र र मानव जातिको मुक्तिको निम्ति निरन्तर लागिरहन्छन् । उनीहरू देश र जनता छोडेर कहिले पनि व्यक्तिगत स्वार्थमा भुल्दैनन् । वास्तवमा देशका बहुमत जनताको मुक्ति भएपछि नै मानव जातिको मुक्ति हुन्छ । प्रश्न उठ्छ, पुँजीवादी व्यवस्थामा पसेर कसरी आमूल परिवर्तन हुन्छ ? तर, विडम्बना ! तिनीहरू पुँजीवादी व्यवस्थाभित्र पसेर आमूल परिवर्तन गर्ने सपना बाँड्छन् । देशका ठुला भनिने कम्युनिस्ट पार्टीहरूको यही कमजोरी हो ।

देशका शासकहरू देशमा बढ्दै गएको विदेशी चलखेलबारे किन चिन्ता व्यक्त गर्दैनन् ? आर्थिक सहयोग र विकासको नाउँमा देशमा विदेशी चलखेल बढ्नु राम्रो सङ्केत होइन । नेपाली भूमिमा विदेशीहरूको चलखेल र परेडले देशमा शान्ति भड्किन्छ या अशान्ति फैलिन्छ । देशमा भड्काउने, जनता-जनताबिच असामञ्जस्य फैलाउने र शक्तिलाई सही ठान्ने दलका नेताहरू देश र जनताबारे किन चिन्ता लिँदैनन् ? शासक दलका नेताहरू जिम्मेवार नहुँदा, देश र जनताप्रति समर्पित नहुँदा देश र जनताले धेरै हण्डर खाइसकेका छन् । तर पनि सत्तासीन दलका नेताहरू चेतिएनन्; बिउँझिएनन् । फलस्वरूप देशमा अन्योल छाएको छ; देशलाई कसले कहाँ पुऱ्याउने हो कुनै निश्चित छैन ।

# नेमकिपाको स्थापना दिवस र ‘न्यायदृष्टि’ अङ्क ४ नियाल्दा

**नेमकिपा स्थापना**

नेपाल मजदुर किसान पार्टी २०३१ माघ १० गते स्थापना भएको हो। माघ महिनाभर नेमकिपाले विभिन्न कार्यक्रम गरी स्थापना दिवस मनाउँदै छ ।

सर्वप्रथमत: नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा सम्पूर्ण न्यायप्रेमी जनता, कामगरि खाने जनताको पक्षमा वकालत गर्ने वर्गीय र अन्तर्राष्ट्रिय भावना बोकेका सम्पूर्णमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

नेपाल मजदुर किसान पार्टी नेपालको कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भ हो । जसले निरन्तर नेपालको कम्युनिस्ट आन्दोलनलाई बाटो देखाउने काम गर्दै आएको सर्वविदित्तै छ ।

नेपाल मजदुर किसान पार्टीले आफ्नो स्थापनाकालदेखि र स्थापनाको पृष्ठभूमिदेखि नै काम गरिखाने गरिब जनताको पक्षमा वर्गीय रूपमा सङ्घर्ष गर्दै आएको छ । पार्टीले अन्तर्राष्ट्रिय भावना अङ्गीकार गरेको छ ।

पार्टी अध्यक्ष वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छें (रोहित) ले बरोबर भन्दै आउनुभएको छ कि “देश र जनताको सेवाबाहेक




हाम्रो कुनै निजी वा पार्टीगत स्वार्थ छैन ।”

अत: ‘नि:स्वार्थ रूपमा जनताको सेवा गर्नु नै खास राजनीति हो’ भन्ने भावनाका साथ पचास वर्षभन्दा बढी नेमकिपा लड्दै आएको र अझै उँचो भावना र प्रतिबद्धताका साथ व्यापक जनताको पक्षमा सङ्घर्ष गर्दै जाने कुरामा हामी विश्वस्त छौँ ।

पुन: एक पटक ५२ औं पार्टी स्थापना दिवसको हार्दिक शुभकामना दिन चाहन्छु ।

**कानुन अध्ययन समाजको ‘न्यायदृष्टि’**

२०५४ साल असोजमा कामगरि खाने गरिब जनतालाई कानुनी सचेतना दिने उद्देश्यले स्थापित कानुन अध्ययन समाजले लामो समय जनचेतना, सरकारको जनविरोधी ऐन, नियम, कानुनको विरोध र जनपक्षीय कानुन निर्माणका लागि सङ्घर्ष गर्ने काम गर्दै आएको छ ।

गरिब किसानको मोहियानी हकको पक्षमा वकालत गर्दै मोही निष्कासनको विरोध गर्ने विषयमा होस् वा देशमा सङ्कटकाल लागु हुँदा जारी गरेको जनताको मौलिक हकविरुद्धको सरकारी कदमको विरोधमा किन नहोस् कानुन अध्ययन समाजले जनतालाई कानुनी र राजनीतिकरूपमा सचेत गराउने काम गर्दै आएको हो ।

प्रतिगमनविरोधी आन्दोलनमा होस् वा नागरिकता विधेयकको विरोधमा, जनप्रतिनिधिमूलक प्रतिनिधिसभा पुन:स्थापनाको पक्षमा होस् वा संविधान निर्माणको क्रममा कानुन अध्ययन समाजले सम्बन्धित पक्षलाई आफ्नो धारणा स्पष्ट रूपमा राख्दै आएको हो ।

संविधानसभालाई राय सुझाव दिने कार्यमा होस् वा संविधान जारी भएलगत्तै भारत सरकारले नेपालमाथि अघोषित रूपमा गरेको अमानवीय नाकाबन्दीको विरोधमा सभा/गोष्ठी राख्ने कुरामा कानुन अध्ययन समाज पछि हटेन ।

यस्तै सिलसिलामा कानुन


रामप्रसाद प्रजापति

अध्ययन समाज नेपालले जनतालाई कानुनी र राजनीतिक रूपमा सुसूचित पार्ने अर्को कदमको रूपमा प्रकाशनको माध्यमलाई पनि रोज्यो ।

२०७० वैशाखमा ‘न्यायदृष्टि’ को पहिलो अङ्क प्रकाशित भयो । दोस्रो अङ्क २०७१ सालको जेठमा प्रकाशित भयो ।

२०७२ असोज ३ गते नेपालको संविधान जारी भएसँगै भारतले नेपाल र नेपाली जनतामाथि अमानविय नाकाबन्दी गरे । त्यसको विरोधमा कानुन अध्ययन समाज नेपालले अन्तर्राष्ट्रिय कानुनका ज्ञाताहरूसहितको विचार गोष्ठीको आयोजना गरेर भारतीय सरकारले गरेको नाकाबन्दीको विरोध गऱ्यो ।

कानुनविद्हरूका विचारहरूको सङ्कलनसहितको तेस्रो अङ्क प्रकाशित गर्ने जमर्को प्राविधिक कारणले सम्भव भएन ।

बिचमा रोकिएको जस्तो भएको प्रकाशनलाई निरन्तरता दिने कानुन अध्ययन समाजका साथीहरूबिच सल्लाह भयो । र तेस्रो अङ्क करिब १० वर्षपछि २०८२ वैशाखमा सम्भव भयो ।

प्रकाशनलाई निरन्तरता दिने साथीहरूको तत्परता, सहयोग र जागरुकताले आज हामीहरू चौथो अङ्क नेपाल मजदुर किसान पार्टीको स्थापना दिवसको अवसर पारेर प्रकाशित गर्न सफल भएका छौँ ।

प्रकाशनको मामलामा प्राप्त थोरै उपलब्धिलाई उँचो भावनाले सँगाल्नेछौँ र निरन्तर प्रकाशनको प्रयास जारी राख्नेछौँ ।

आगामी दिनमा सबैको अझै बढी माया, साथ र सहयोग पाउने आशा एवं विश्वास छ ।

**‘न्यायदृष्टि’ पूर्णाङ्क ४ नियाल्दा**

नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसर पारेर माघ १७ गते पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) बाट ‘न्यायदृष्टि’ सार्वजनिक भयो ।

कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँले पार्टी स्थापनाको महत्त्वपूर्ण पृष्ठभूमिका बारेमा प्रस्ट पार्नुभयो । (यस विषयमा उहाँको भनाइ भादगाउँ टेलिभिजनको पेजमा हेर्न, सुन्न सकिन्छ ।)

न्यायदृष्टिले नेमकिपाका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) सँग देशको समसामयिक राजनीति, अन्तर्राष्ट्रिय परिस्थितिका बारेमा निकै महत्त्वपूर्ण अन्तर्वार्ता प्रकाशित गरेको छ ।

उहाँले अन्तर्वार्ताको क्रममा ‘देश र जनताको सेवाबाहेक हाम्रो कुनै निजी वा पार्टीगत स्वार्थ छैन ।’ भन्ने महत्त्वपूर्ण भनाइ राख्नुभएको पाइन्छ ।



नेमकिपाका सचिव एवं प्रतिनिधिसभामा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्दै आउनुभएका प्रेम सुवालले निर्वाचन जनताको राजनैतिक चेतनास्तर नाप्ने ब्यारोमिटरजस्तै हो भन्ने मन्तव्यको सार निकै आकर्षक छ ।

प्रतिष्ठाद्वारा रचित “के शासक दलहरूले स्वच्छ निर्वाचन चाहेका छन् ?” शीर्षकको लेखले पुँजीवादी बन्दोबस्तमा निर्वाचन स्वच्छ र धाँधलीरहित नहुने, निर्वाचन आचारसंहिताको पालना नगर्ने, शासक दलहरूले निर्वाचन प्रचारमा सामान र पैसा बाँड्ने, भोज खुवाउने, झूटा आश्वासन दिने सम्भावना र जनताको मत किन्ने सम्भावना रहेकोले सबै सचेत हुनुपर्ने औँल्याएको छ ।

सङ्घीयता कार्यान्वयनका व्यावहारिक पक्ष, भक्तपुर नगरपालिका र सङ्घीयता कार्यान्वयनका चुनौतीहरू विषयक सुनिल प्रजापतिको मन्तव्यको सारले सङ्घीयता कार्यान्वय नहुनुमा पटक पटक सत्ता र सरकारमा पुगेका राजनीतिक दलहरू नै दोषी हुन् भन्ने स्पष्ट हुन्छ ।

के नेमकिपा सानो छ ? भन्ने राकस्थाद्वारा लिखित लेखमा नेपाल मजदुर किसान पार्टीको सङ्घर्षको गर्विलो इतिहास झल्किन्छ । लेखको अन्तिममा लेखकले महत्त्वपूर्ण कुरा पस्कनु भएको छ । “खुसीको कुरा, पञ्चायती निरङ्कुशताविरुद्ध भएका आन्दोलन, महाकाली सन्धिको विरोधमा भएका सङ्घर्ष, प्रतिगमनविरोधी आन्दोलनमा सक्रिय पुस्ता भने अहिले पनि सक्रिय राजनीति गरिरहेका छन् । नयाँ पुस्ताले पुरानो पुस्ताको योगदानप्रति गर्वानुभूति पनि गर्छन् र त्यस्तै इतिहास निर्माण गर्न उत्साहित पनि देखिन्छन् । न्याय र सङ्घर्षका कथाका असल पात्रहरूजस्तै त्याग र समर्पणका नयाँ दृष्टान्त बन्न हजारौं युवाहरू प्ररित छन् । यही हो पुस्तान्तरण ! त्यसैले भनिएको हो, नेमकिपा अजेय छ !

अन्तमा, फेरि एकपटक महाकवि देवकोटाको उही “के नेपाल सानो छ ?” को एक अंश - माटोको परिणामले खेत ठुलो म गन्दिनँ ! त्यसको गुण अवस्था, उब्जनी र भावुक प्रभावको कसीले मात्र !”

त्यस्तै डिल्लीप्रसाद काफ्ले, जुम्लाको सरकारका कारण जनता संवैधानिक अधिकार पाउनबाट वञ्चित भन्ने शीर्षकको लेखले सरकारले संविधान, कानुन र जनतालाई उपेक्षा गर्दै आएको सङ्केत गर्दछ ।

राधा मगरको ‘नयाँ पुस्ता’ शीर्षकको लेखले नेपालमा भर्खरै भएको जेन-जी प्रदर्शनको नाममा भएको विध्वंसलाई होइन, देश र जनताको लागि समर्पणको राजनीति गर्ने अन्तर्राष्ट्रियवादी नेता, नेतृहरूको बारेमा उत्साहजनक प्रस्तुति दिएको छ ।

एस.आर.का कविताहरूले हामी सबैलाई राजनीतिक सुझबुझ, चेतना र जोशले भरिएको महसुस गराउँछन् ।

वरिष्ठ अधिवक्ता डा.भीमार्जुन आचार्यसँगको छलफलमा आधारित प्रस्तुतीमा संविधानको महत्त्व र देशमा एकपछि अर्को हिंसालाई अनुमोदन दिँदै आउनु हाम्रो सबैभन्दा ठुलो भूल भएको चर्चा गरिएको छ ।

नेपालमा संसद् विघटनको शृङ्खला शीर्षकको अधिवक्ता रामप्रसाद प्रजापतिको लेख, नेपालमा मौलिक हक : सिद्धान्त, संवैधानिक प्रावधान र वर्तमान अवस्था शीर्षकको अधिवक्ता अनिता जधारीको लेख, अधिवक्ता मनज ज्याख्वोको दोहोरो कर प्रणालीसम्बन्धी अङ्ग्रेजीमा तयार पारिएका लेखहरूले न्यायदृष्टिले अनुसन्धानमूलक लेखहरू प्रस्तुत गर्ने जमर्को गरेको देखिन्छ ।

अधिवक्ता निरोज वैद्यको संवैधानिक इजलास र यसबाट भएका केही महत्त्वपूर्ण फैसलाहरू भन्ने प्रस्तुती, अधिवक्ता कृति दुमरुको नेपालमा विधिको शासन सुदृढीकरणमा कानुनी सचेतना : एक विश्लेषणात्मक अध्ययनले कानुनका विद्यार्थीहरूलाई सहयोग मिल्ने देखिन्छ ।

भेनेजुयलाका राष्ट्रपति निकोलस मादुरोलाई अन्तर्राष्ट्रिय कानुन र राष्ट्र सङ्घको वडापत्रको धारा २ विपरीत अपहरण शैलीमा संरा अमेरिकी ट्रम्प सरकारले कब्जामा लिएको विरोधमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ र नेपाल क्रान्तिकारी युवा सङ्घले नेपालस्थित संरा अमेरिकी दूतावासमार्फत डोनाल्ड ट्रम्पलाई लेखिएको पत्रले न्यायदृष्टिको अन्तर्राष्ट्रिय भावना झल्काउँछ ।

कानुन अध्ययन समाज नेपालका गतिविधिहरू समावेश गर्नुका साथै नेपाल मजदुर किसान पार्टीका महत्त्वपूर्ण प्रेस वक्तव्यहरू र नेपाल मजदुर किसान पार्टीले संविधानको पहिलो मस्यौदाका क्रममा २०७२ असारमा राखेको संशोधन प्रस्तावसमेत समावेश गरिएको ‘न्यायदृष्टि’ को पूर्णाङ्क ४ सङ्ग्रहनीय, पठनीय छ ।

*२०८२ माघ १८*

---

कविता

# नेमकिपाले केही गर्दैन !

● एसआर



*तिमीले ठिक भन्यौ*
*नेमकिपाले केही गर्दैन !*
*नेमकिपा झूट बोल्दैन*
*नेमकिपा बेइमानी गर्दैन*
*नेमकिपा विश्वासघात गर्दैन*
*नेमकिपा भ्रष्टाचार गर्दैन*
*नेमकिपा ठगीकर्म गर्दैन*
*नेमकिपा अपराध गर्दैन*
*अपराधलाई राजनीति र राजनीतिलाई अपराध मान्दैन ।*
*भ्रष्टाचार, ठगी, अपराध गर्नेलाई बाँकी राख्दैन ।*

*तिमीले ठिक भन्यौ*
*नेमकिपाले केही गर्दैन !*
*नेमकिपाले विश्वासघात गर्दैन*
*नेमकिपाले देशघात गर्दैन*
*नेमकिपाले जनघात गर्दैन*
*नेमकिपाले मित्रघात गर्दैन ।*
*देशघात र जनघात गर्ने जहाँ लुक्न गए पनि छोड्दै छोड्दैन ।*

*तिमीले ठिक भन्यौ*
*नेमकिपाले केही गर्दैन !*
*नेमकिपाले गलत गर्दैन, गलत बोल्दैन ।*
*गलतलाई सही भन्दैन*
*सहीलाई गलत देख्दैन ।*
*पद-पैसाका निम्ति इज्जत बेच्दैन ।*
*पैसा बाँडेर चुनाव जित्दैन ।*
*विदेशीको भक्ति गर्दैन*
*विदेशीको दलाली गर्दैन*
*देशका नदी, भूमि विदेशीलाई दिँदैन*
*विदेशी धम्कीसामु झुक्दैन*
*विदेशी दलाललाई छोड्दै छोड्दैन ।*

*तिमीले ठिक भन्यौ*
*नेमकिपाले केही गर्दैन !*
*संसद्मा गएर सुत्दैन*
*संसद्मा गयल नै गयल हुँदैन*
*बैठक छोडेर स्टार होटलको डिनर खान हिँड्दैन*
*हरेक प्रस्तावमा ‘हुन्छ.....’ भन्दैन*
*आँखा चिम्लेर समर्थन गर्दैन*
*संसद्लाई सरकारी रबरस्टाम्प बन्न दिँदैन*
*प्रखर प्रतिपक्ष बन्न पटक्कै डराउँदैन ।*
*संसद्लाई सुनसान मसानघाट बन्न दिँदैन*
*संसद्लाई विचारशून्य लास बन्न दिँदैन ।*
*चीरहरण हुँदा आँखामा पट्टी बाँधेर बस्दैन*
*रामलाई बनवास पठाइँदा मुखमा लडडु कोचेर बस्ने विद्वान् बाहुन बन्दैन*
*संसद्लाई विभीषण, लेण्डुप दोर्जे, जेलेन्स्कीहरूको ‘बर्थिङ सेन्टर’ बन्न दिँदैन ।*

*तिमीले ठिक भन्यौ*
*नेमकिपाले केही गर्दैन !*
*नेमकिपाले यो देशलाई अर्को गाजापट्टी बन्न दिँदैन,*
*एसियाली युक्रेन बन्न दिँदैन*
*दोस्रो फिजी बन्न दिँदैन*
*सिक्किम त कुनै हालतमा बन्नै दिँदैन*
*यो देशलाई ‘स्प्रिङ बोर्ड’ बन्न दिँदैन*
*नेपालबाहेक यो देशलाई अरू केही बन्नै दिँदैन ।*

*२०८२ माघ १८ गते*

# विश्वव्यापी पुँजीवादविरुद्ध विश्वव्यापी भाइचारा - १

● पेद्रो मोन्जोन बाराता

**पुँजीवादबिना नै विश्वव्यापी बनेको टापु**

एक्काइसौँ शताब्दीको नक्सामा क्युवा एक भूराजनीतिक र जातीय अपवादका रूपमा देखापर्छ। क्यारिबिया सागरमा रहेको यो टापु जम्मा १ करोड १० लाख आवादी भएको देश हो। तर, यसले इतिहासकै सबैभन्दा लामो र क्रूर नाकाबन्दीको सामना गर्दै आएको छ। तैपनि, यसले विश्वको राजनीतिक मञ्चमा आफ्नो छवि बनाएको छ। त्यो पनि पुँजी, हातहतियार वा साम्राज्यवादी सौम्य शक्तिको मद्दतले होइन, बरु ठोस ऐक्यबद्धताको सहाराले। उसले संसारका दूरदराज इलाकामा डाक्टरहरू पठायो; दरिद्र मुलुकहरूमा विकासका लागि जनशक्ति पठायो; स्वदेशी विज्ञान केन्द्र र प्रयोगशालाहरूमा विकसित गरेका खोपहरू पठायो; पठायो सन्देश अन्तर्राष्ट्रवादी सदाचारको, जसले मानव जीवनलाई नाफाभन्दा धेरै माथि राख्छ।

क्युवाली ऐक्यबद्धताका अनेक रङ छन् र यसका जराहरू नैतिक सिद्धान्तहरूसँग जोडिएका छन्। अफ्रिकाले उपनिवेशवादबाट मुक्त हुन खोज्दा यसले सहयोगी हात बढायो। अङ्गोलाको स्वतन्त्रता सङ्घर्षमा क्युवाको सहयोग निर्णायक सिद्ध भयो। नामिबियाको मुक्ति सङ्घर्षलाई क्युवाले साम्राज्यवादविरोधी भाइचाराको टेवा दियो। अफ्रिकाबाट रङ्गभेदी शासनसत्तालाई ढलाउन क्युवाले मद्दत गऱ्यो। सत्कर्म गर्ने क्युवाली प्रयत्नका पाखुरा शिक्षा र स्वास्थ्यजस्ता अति संवेदनशील क्षेत्रमा पनि फैलिएको छ।

यो एउटा बिल्ल्याँटो सत्य हो। एउटा सानो देशले सैन्य शक्तिले नभई सेतो डाक्टरी पोशाकले एकध्रुवीय विश्व व्यवस्थालाई चुनौती दिइरहेको छ। यो कुनै बिरानो घटना वा रुमानी अपवाद होइन। वास्तवमा यो एउटा वैकल्पिक अभियानको राजनीतिक, ऐतिहासिक र सभ्यताजन्य अभिव्यक्ति हो। यसको नाम हो - भाइचाराको विश्वव्यापीकरण। *( यहाँ हामी अङ्ग्रेजीको Globalization लाई विश्वव्यापीकरण वा भूमण्डलीकरण शब्द प्रयोग गर्छौं। अनु.)* यो अवधारणा फिडेल क्यास्त्रोको चिन्तन र गतिविधिको परिणाम थियो। क्यास्त्रोले ६ दशकसम्म एक अन्तर्राष्ट्रवादी र क्युवाली क्रान्तिकारीको रूपमा सिद्धान्तको परिवर्तनकामी अभ्यास ( प्राक्टिस) गर्नुभयो। यही अभ्यासको मर्म थियो - भाइचाराको विश्वव्यापीकरण। पुँजीवादी विश्वव्यापीकरण/भूमण्डलीकरणको माचो छ। यसले बजारलाई एकैनासे पार्दै छ, विभिन्न देशको सार्वभौमसत्ता खोस्दै छ, हिंसा निर्यात गर्दै छ। त्यस्तो बेला दक्षिणी गोलार्द्धका देशहरूबाट क्युवाले दक्षिण-दक्षिणबिच सहकार्यको सञ्जाल बनायो। यसको आधार बनायो परस्पर हातेमालो, अहस्तक्षेप, स्वास्थ्यको अव्यवसायीकरण र असहायलाई प्राथमिकता जस्ता सिद्धान्तलाई।

अहिले संसार बहुध्रुवीय बन्दै छ। उदारवादी साँठगाँठको युग ढल्दै छ। शक्तिका नयाँ-नयाँ ध्रुवहरू उदाउँदै छन्। यो विरोधाभाष अब प्रतीकात्मक मात्र रहेन; यथार्थ नै बनिसक्यो। नवउदारवादी विश्वव्यापीकरणले आफ्नो मरणोन्मुख स्वरूप देखाएको छ। यसले वास्तवमा मृत्युको खेती गर्छ। नाफा, ऊर्जा सुरक्षा र सैन्य वर्चस्वको नाममा यसले मानिसलाई लगालग बलि चढाउँदै जान्छ। यद्यपि, यो सङ्कटग्रस्त प्रणालीको अन्तरालमा अर्को तर्क फक्रिँदै छ - जीवनको तर्क। यो कुनै आदर्शवादी अड्कल होइन। बरु राज्यको नीति, प्रतिरोधको रणनीति र सभ्यताकारी अभियानको रूपमा जीवनको तर्क फुल्दै छ।

यो द्वन्द्वलाई यहाँ एउटा कठोर र वस्तुनिष्ठ कोणबाट केलाइनेछ। पहिलो, यो लेखले दुवैथरी विश्वव्यापीकरणको परिभाषा दिने र तुलना गर्ने सैद्धान्तिक खाका तय गर्नेछ। दोस्रो, यसले क्युवाली विदेशनीतिले अँगालेको विश्वव्यापी भाइचारा कसरी सुदृढ बनेको छ भनी विश्लेषण गर्नेछ। यो केवल आकस्मिक देखावा मात्र होइन, ठोस संरचना भएको पद्धति नै हो भनी पुष्टि गर्नेछ। तेस्रो, यो विकल्पलाई साम्राज्यवादीहरूको जवाफको छानबिन गर्नेछ। अन्त्यमा यसले विश्वभरि नै यो विश्वव्यापीकरणलाई विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिनेछ। किनभने, विश्वको संरचनात्मक सङ्कटलाई अब पुँजीवादले हल गर्न सक्नेछैन। बाटो स्पष्ट छ - भाइचाराको विश्वव्यापीकरण अब नैतिक विकल्पमात्र रहेन, बरु एक्काइसौँ शताब्दीमा मानव अस्तित्वको एकमात्र सम्भावित मार्ग बनेको छ।

**१. दुई नितान्त भिन्न तर्कहरू**

**क) पुँजीवादी विश्वव्यापीकरण : पुँजी सञ्चय, हिंसा र वर्चस्वमा ऱ्हास**

विश्वव्यापीकरण न हालसालैको हो न तटस्थ परिघटना हो। सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र प्रकाशित भएको थियो। त्यसमा पुँजीपतिहरूले कसरी 'इतिहासमै पहिलोपल्ट' जबरजस्ती विश्व बजार थोपऱ्यो र पृथ्वीको प्रत्येक कुनाकाप्चामा आफ्नो दबदबा कायम गऱ्यो भन्ने वर्णन पाइन्छ। पुँजीको यो अन्तर्राष्ट्रियकरणका विभिन्न चरण छन्। १९ औँ शताब्दी ढल्दै गर्दाको साम्राज्यवाद, दुईध्रुवे शीतयुद्ध (सन् १९४५-१९९१), समाजवादी खेमाको विघटन, सन् १९९० को दशक यता प्रभुत्वमा जमाइरहेको नवउदारवादी एकध्रुवे भूमण्डलीकरण। यो पछिल्लो चरणलाई 'इतिहासको अन्त्य' भनी ठुलै हर्षबढाइँ गरिएको थियो; खुला बजार नै अपरिहार्य सत्य र 'प्राकृतिक' हो भनी घोषणा गरिएको थियो। तर, यसको यथार्थ अलि फरक रह्यो; पुँजीवादको संरचनात्मक अन्तर्विरोध झन्झन् गहिरिँदै गयो। विश्वभरि समृद्धि ल्याउनु त परको कुरा, यसले वर्गीय भेदलाई झन् चर्कायो; राष्ट्रिय उत्पादनको परिवेशलाई तहसनहस पाऱ्यो; अर्थतन्त्रलाई वित्तकरण गऱ्यो; स्वास्थ्य, खानेपानी, शिक्षा, पर्यावरणलगायत अत्यावश्यक चीजलाई सट्टाबजारमा मोलतोल गर्ने माल/वस्तुमा फेरिदियो।

विश्व पुँजीवादको वर्चस्व अहिले ऱ्हासोन्मुख छ। यो चरणमा उत्पादनको शैलीका रूपमा झन्झन् खुला हिंसाको सहारा लिँदै छ। लेनिनले भन्नुभएको थियो - केन्द्रमा (पुँजी) सञ्चय गर्ने ठाउँजति रित्याएपछि यो व्यवस्था हिंस्रक रूपमा परिधितर्फ फैलिनेछ। आज हिंसाको बहुरूपी भूमण्डलीकरण भइसकेको अवस्थामा लेनिनको भनाइ अझ सान्दर्भिक बनेको छ। हिंसाको भूमण्डलीकरणका विभिन्न पक्ष छन्। जस्तो :

**आर्थिक हिंसा :** नाकाबन्दी, आर्थिक प्रतिबन्ध लगाउने, मुद्रा सञ्चिती जफत गर्ने र वित्तीय दबाब दिएर असमग्र अर्थतन्त्रको घाँटी थिच्ने। साम्राज्यवादीहरूले क्युवा, भेनेजुयला, इरान र सिरियामा यही गर्दै छन्।

**राजनीतिक हिंसा :** विपक्षी समूहहरूलाई खर्च दिने, अस्थिरता अभियान चलाउने, 'समानान्तर सरकार' लाई मान्यता दिने। भेनेजुयलामा ग्वाइडोले यस्तै टेवा दिइएको थियो। नोबेल पुरस्कार पाएकी मारिया कोरिना मचाडोलाई अहिले यस्तै उकेरा हालिँदै छ। त्यसैगरी, देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्न गैरसरकारी संस्था (NGO) हरूलाई प्रयोग गर्ने। नेड ( NED) र युएसएड (USAID) यसका उदाहरण हुन्।

**सैन्य हिंसा :** ठाडो हस्तक्षेप, विश्वव्यापी सैन्य अखडाहरूको सञ्जाल र २१ औँ शताब्दीमा समेत युद्धको खुला धम्की दिने। उदाहरणका लागि, हिन्द-प्रशान्त क्षेत्रमा अमेरिकाले सातौँ जलबेडालाई स्थायी तैनाथ गरेर दक्षिण चीन सागरमा तनाव बढाएको छ। भेनेजुयला र क्युवाका तटनजिक अमेरिकाले इतिहासमै ठुलो सङ्ख्यामा जलसेना केन्द्रित गरेको छ। यो क्यारिबियामा समुद्री लुटपाटको नयाँ शैली हो। जस्तो, अमेरिकाले क्यारिबियामा अन्य देशका जहाजलाई अवैध रोकटोक र कब्जा गर्दै छ; तिनका तेल ट्याङ्कर लुट्दै छ; साना डुङ्गालाई सताउँदै छ; तिनका चालकहरूको हत्या गर्दै छ। साम्राज्यवादको यस्तो हत्यारा अनुहार अहिले गाजाका प्यालेस्टिनी जनताविरुद्ध भइरहेको जातिसंहारबाट छर्लङ्ग हुन्छ। पश्चिमा शक्तिहरूले मौन बसेर वा जातिसंहारलाई उचित देखाएर बालबच्चा र महिलाहरूको नियोजित नरसंहारमा भागिदारी लिइरहेका छन्। साम्राज्यवादले हातहतियार दिएर मध्यपूर्वमा खडा गरेको 'इजरायल' ले हजारौँ जनतालाई नामेट पार्दै छ; अस्पताल, विश्वविद्यालय, खाद्यान्न उत्पादन केन्द्र र खानेपानी वितरण प्रणालीलाई धुलोपिठो पार्दै छ। यो नृशंसता अपवाद होइन। बरु पुँजीवादी भूमण्डलीकरणकै चरम प्रदर्शन हो। यो भूमण्डलीकरणले विभेद र थिचोमिचोमा परेका साम्राज्यवादविरोधी जनतालाई संरचनात्मक हिंसाको वैध तारो बनाउँछ। यस्तो अपराध गर्नेलाई कुनै दण्डफराक बनाइन्छ वा सजाय पाउनबाट जोगाइन्छ। पतनोन्मुख चरणमा विश्व पुँजीवादलाई यसरी जबर्जस्ती अरूमाथि लादिन्छ। यो चरणमा पुँजीवादी भूमण्डलीकरणले आफ्नो जातिसंहारक अनुहार लुकाउनुपर्ने आवश्यकता पनि देख्दैन।

**बुझाइको हिंसा :** मिडियाजन्य भाष्य थोपर्ने। जस्तो, फरक मत राख्नेहरूलाई अपराधी करार गर्ने; आफूले भनेअनुसार नगर्ने देशलाई 'असफल' देश घोषणा गर्ने; थोपरिएको सङ्कटका संरचनात्मक कारणहरूलाई लुकाउने।

यी तर्कअनुसार मान्छेको जीवन केही होइन। कुनै व्यक्ति वा समुदायले अतिरिक्त मूल्य वा धन सिर्जना गर्न छोड्छ वा त्यसले अन्यायपूर्ण विश्व व्यवस्थालाई चुनौती दिने दुस्साहस गर्छ भने, तिनलाई सजिलै मार्न वा शत्रुवत व्यवहार गर्न सकिन्छ। समकालीन पुँजीवादले यस्ता व्यक्ति वा समुदायको शोषण मात्रै गर्दैन, तिनलाई नामेट पनि पार्छ। भेनेजुयलामाथि अमेरिकाले लगाएको आर्थिक प्रतिबन्धका कारण ४० हजारभन्दा बढी मानिसको मृत्यु भएको छ। यो तथ्याङ्क संयुक्त राष्ट्रसङ्घकी विशेष प्रतिवेदक एलिना दुहानको हो। त्यसैगरी, क्युवाविरुद्ध अमेरिकाले लगाउँदै आएको नाकाबन्दी नरसंहारको हतियार बनेको छ। दशकौँदेखि जारी यो नाकाबन्दीले क्युवामा सत्तापलट गर्ने बदनियत राखेर कैयन सर्वसाधारणलाई जानाजान पीडा दिइरहेको छ।

**ख) भाइचाराको विश्वव्यापीकरण : मानवतावादको तर्क**

पीडा र मृत्युको सामना गरिरहे पनि क्युवाले क्रान्तिकारी विचारलाई नै वैकल्पिक तर्कको रूपमा अभिव्यक्त गर्दै छ। यो वैकल्पिक तर्क हो जीवनको तर्क। यो तर्क कुनै पुँजी सञ्चयमा नभई एक सामाजिक पुनरुत्पादनमा आधारित छ; प्रतिस्पर्धामा नभई सहकार्यमा आधारित छ; कसैमाथि वर्चस्वमा नभई आपसी ऐक्यबद्धतामा आधारित छ।

यो मोडल कुनै रक्षात्मक प्रतिक्रिया होइन, बरु गहिरा जरा भएको एक सभ्यताकारी अभियान हो। होजे मार्टीले कुनै बेला साम्राज्यवादविरुद्ध एकता गर्ने इलाकाको रूपमा 'हाम्रो अमेरिका' को विचार अघि सार्नुभएको थियो। चे ग्वेभाराले सर्वहारा अन्तर्राष्ट्रवादको परिभाषा दिँदै भन्नुभयो, "एकजनाको दरिद्रता सबैको दरिद्रता हो (भन्ने भावना)।" तर, क्युवाले कष्टकर समस्याहरूको सामना गरिरहेको अलग्गै र विशेष सन्दर्भमा फिडेल क्यास्त्रोले सोही सदाचारलाई भूराजनीतिक सिद्धान्तमा फेर्नुभयो। उहाँको अडान कहिल्यै डगेन। उहाँले भन्नुभयो - नवउदारवादी विश्वव्यापीकरणको पृष्ठभूमिमा हामीले ऐक्यबद्धतालाई विश्वव्यापी बनाउनुपर्छ।

यो कुनै अमूर्त विचार होइन। फिडेलका विचारमा अन्तर्राष्ट्रवाद समाजसेवा नभई 'क्रान्तिको आधारभूत सिद्धान्त' थियो। उहाँले बारम्बार भनिरहनुभयो, "हामीसँग भएको हामी दिन्छौँ, जुठोपुरो दिन्नौँ।" सन् १९७७ सेप्टेम्बर ७ को दिन उहाँले उद्घोष गर्नुभयो, "अन्तर्राष्ट्रवाद मार्क्सवाद-लेनिनवादको सबैभन्दा सुन्दर र क्रान्तिकारी सार हो।" सन् २००५ मा ल्याटिन अमेरिकी मेडिकल तालिम कार्यक्रमको पहिलो शैक्षिक सत्रका विद्यार्थीलाई सम्बोधन गर्दै उहाँले गहकिलो कुरा राख्नुभयो। फिडेलले भन्नुभयो, "आज हामी डाक्टर निर्यात गर्छौं, सैनिक होइन; हामी स्वास्थ्य निर्यात गर्छौं, युद्ध होइन; हामी ज्ञान निर्यात गर्छौं, अज्ञान होइन; हामी ऐक्यबद्धता निर्यात गर्छौं, स्वार्थ होइन।"

यो विचार फिडेलले एउटै नारामा अटाएको छ - बम होइन, डाक्टर ! यो एक नारा मात्र होइन, बरु आपसमा मिल्नै नसक्ने दुई सभ्यताबिच भेद छुट्याउने कडी हो; नैतिकता र राजनीतिको सूत्र हो। यी दुई सभ्यता हुन् :

**अ) मृत्युमुखी सभ्यता :** हातहतियारमा सयौँ खर्ब डलर खर्च गर; ड्रोन, लडाकु विमान र सैन्य-उद्योग गठजोडमा लगानी गर।


**आ) जीवनमुखी सभ्यता :** स्वास्थ्य सेवा, खोप, अस्पताल, डाक्टरी तालिम र सार्वभौम प्रविधिहरू हस्तान्तरणमा लगानी गर।

यस अर्थमा भाइचारा कुनै अमूर्त भावुकता होइन बरु ठोस नीति हो; माल विनिमयभन्दा फरक आदानप्रदान, राजनीतिक सर्तबाजीभन्दा फरक सहकार्य, विपन्नलाई प्राथमिकता र राष्ट्रिय क्षमताको विकासजस्ता पक्षलाई सबल पार्ने नीति हो। भाइचारा पुँजीवादपछिको भूमण्डलीकरण हो। यो भूमण्डलीकरणले बिस्तारै आकार लिँदै छ।

*(पेद्रो मोन्जोन बाराता पूर्वक्युवाली राजदूत हुनुका साथै अन्तर्राष्ट्रिय नीति अनुसन्धान केन्द्रका अनुसन्धाता समेत हुन्।)*

***स्रोत : एमआर अनलाइन***

***अनुवाद : सम्यक***



# ‘चीनसँगको संवाद’ विश्वव्यापी सहमति बन्दै

केही दिनयता विश्व र चीनबिचको संवाद बारम्बार भइरहेको छ । दस दिनअघि, क्यानाडाका प्रधानमन्त्री कार्नीले चीनको आधिकारिक भ्रमण गरी धेरै सहयोग कागजातहरूमा हस्ताक्षर गर्नुभएको थियो; त्यसको केही समयपछि, स्विट्जरल्याण्डको डाभोसमा आयोजित विश्व आर्थिक मञ्चको वार्षिक बैठकमा मानिसहरूले ‘चीनको अवसर’ बारे छलफल गरेर चीनसँगको वार्ता पहिलेभन्दा बढी महत्त्वपूर्ण भएको विश्वास गरेका थिए; जनवरी २५ तारिखदेखि फिनल्यान्डका प्रधानमन्त्री ओर्पोले धेरै कम्पनीका उच्च कार्यकारीको प्रतिनिधिमण्डलको नेतृत्व गरी चीनको भ्रमण गर्नुहुन्छ जसबाट द्विपक्षीय आर्थिक र व्यापारिक सम्बन्धलाई गहिरो बनाउने दृढ इच्छा प्रदर्शन गरिएको छ ।

विश्व किन चीनतिर ध्यान केन्द्रित गरिरहेको छ ? जनवरी २३ का दिन अमेरिका-चीन सहयोग फाउन्डेसनका कार्यकारी अध्यक्ष जोन मिलर-ह्वाइटले सीएमजीसँग विचार साझा गर्दै भन्नुभयो, चीनले ठोस कार्यमार्फत प्रदर्शन गरेको छ कि कुनै देशले शून्य-योग खेलहरूमा संलग्न नभई विकास हासिल गर्न सक्छ र विश्वव्यापी विकासमा बुद्धिमत्ता र समाधानहरू योगदान गर्न सक्छ ।

तथ्यले देखाउँछन् कि समय जति कठिन हुन्छ, संवाद र सहयोगलाई कायम राख्नु त्यति नै महत्त्वपूर्ण हुन्छ ।


**युरोपेली राष्ट्रनायकहरूको चीन भ्रमण : पहाडी मौका र परिस्थिति**

बेलायती प्रधानमन्त्री किरश्टार्नरले आठ वर्षपछि फेरि चीनको भ्रमण गर्नुभयो । बेलायतको जनमतले उच्च मूल्याङ्कन गर्दै विश्वको दोस्रो ठुलो आर्थिक समूहले ल्याएको मौकालाई बेवास्ता गर्न नहुने, चीनसँग स्थिर रणनीतिक सम्बन्ध स्थापना गर्नु बेलायतको हितअनुकूल हुने र यस पटकको भ्रमण बेलायत-चीन सम्बन्धमा परिवर्तनको द्योतक भएको कुरा बताएको छ ।

जनवरी २८ देखि ३१ का दिनसम्म बेलायती प्रधानमन्त्री कियर स्टार्मरले चीनको औपचारिक भ्रमण गर्नुभयो । चीनका राष्ट्राध्यक्ष सी चीनफिङले जनवरी २९ का दिन पेइचिङमा बेलायती प्रधानमन्त्री स्टार्मरसँग भेटघाट गर्नुभयो । उहाँहरूले चीन र बेलायतले दीर्घकालीन र स्थिर चौतर्फी रणनीतिक साझेदारी सम्बन्धको विकास गर्ने मतैक्यता जुटाउनुभयो । दुई पक्षले श्रृङ्खलाबद्ध सकारात्मक उपलब्धि हासिल गरे ।

गत वर्षको अन्त्यदेखि अनेकौं युरोपेली मुलुकका नेताहरूले एकपछि अर्को गरी चीनको भ्रमण गर्नुभएको छ । स्पेन, फ्रान्स, आइरल्यान्ड, फिनल्यान्ड, बेलायत जुन मुलुकहरूले भूगोलमा दक्षिण युरोप, पश्चिम युरोप, उत्तर युरोपमा समेट्छन् ।

चालू वर्ष चीनको ‘पन्ध्रौँ पञ्च वर्षीय योजना’ लागू हुने पहिलो वर्ष हो । उच्च गुणस्तरीय विकास प्रवर्द्धन गर्नु, उच्चस्तरीय बाह्य खुलापनलाई विस्तार गर्नु चीनले बाहिरतर्फ पठाएको स्पष्ट सङ्केत हो । हाल युरोपको विभिन्न मुलुकको सामु वृद्धि विस्तारको समस्या देखापरेको छ । युरोपको विभिन्न मुलुकले चीनको विकासको यो ‘द्रूत गाडी’ चढ्ने र आफ्नो मुलुकको अर्थतन्त्रमा जीवन्त शक्ति थप्ने आशा लिएको छ । चीनले विश्वका लागि मूल्यवान स्थिरता र विकासको पूर्वानुमान उपलब्ध गराएको छ । यो पश्चिमी मुलुकहरूका लागि दुर्लभ श्रोत साधन हो ।




राष्ट्राध्यक्ष सी चीनफिङले युरोपेली राष्ट्रानायकहरूसँग भेटघाट गर्दै चीन र युरोपको सम्बन्धको विकासबारेको धारणा व्याख्या गर्नुभयो । युरोपेली मुलुकका नेताहरूले चीनसँग वैचारिक आदान-प्रदान गर्नुभयो, विभिन्न क्षेत्र चीनको विकास देख्नुभयो, ठोस सहकार्य उपलब्धिलाई स्वदेश लैजानुभयो । व्यस्त तालिकामा आयरल्यान्ड, फिनल्यान्ड, बेलायतका नेताहरूले कुकुङ सङ्ग्रहालयको अवलोकन गर्नुभयो । उहाँहरूले इतिहास र संस्कृतिको तहबाट चीनबारे गहिरो रूपमा जानकारी लिनुभयो ।

विश्वमा महत्त्वपूर्ण शक्तिको रूपमा चीन र युरोप नजिकै गएको हाल अस्थिर संसारका लागि हितयुक्त हो । राष्ट्राध्यक्ष सी चीनफिङले युरोपेली नेताहरूलाई विश्वव्यापी जोखिमको चुनौतीको सामना गर्ने धारणाबारे व्याख्या गर्दै अन्तर्राष्ट्रिय ऐन विभिन्न मुलुकले पालना गर्ने बेलामा साँच्चै रूपमा प्रभावकारी हुने कुरा बताउनुभयो । अनेकौँ युरोपेली नेताहरूले अन्तर्राष्ट्रिय मामिलामा चीनले निर्वाह गरेको महत्त्वपूर्ण भूमिकाको उच्च मूल्याङ्कन गर्नुभयो, बहुपक्षीयवाद र स्वतन्त्र व्यापारको समर्थन गर्ने विचार व्यक्त गर्नुभयो । विश्लेषणअनुसार, यसले चीन र युरोपले मिलेर विश्वको स्थिरता र निश्चितता शक्ति बनाउने इच्छा देखाएको छ ।

युगको विकास प्रवाह सही पक्षमा उभिएर खुलापन, वार्ता, सहकार्यमा अडिग रहनु नै ठुलो प्रवृत्ति हो ।

**अमेरिकी झूटबाट आक्रमणको वास्तविक प्रकृति उदाङ्गो**

सन् २०२६ को सुरुमा अमेरिकाले भेनेजुयलामा अतिक्रमण गरी सैन्य आक्रमण सुरु गरेको थियो । उसले जबरजस्ती राष्ट्रपति मादुरोलाई नियन्त्रणमा लिएर ‘परीक्षण’ को लागि न्यूयोर्क लगेको थियो । यो स्पष्ट आक्रामकतालाई अमेरिकी सरकारले ‘कानुन प्रवर्तन एजेन्सीसँग मिलेर गरिएको न्यायपूर्ण कार्य’ का रूपमा प्रचार गरेको थियो । यसको सावधानीपूर्वक बनाइएको बयानको जालले फेरि एकपटक अमेरिकी प्रभुत्वको वास्तविक अनुहार उजागर गरेको छ ।

संयुक्त राष्ट्र सङ्घको बडापत्रको धारा २, अनुच्छेद ४ ले स्पष्ट रूपमा उल्लेख गरेको छ कि कुनै पनि सदस्य राष्ट्रले अर्को राज्यको क्षेत्रीय अखण्डता वा राजनीतिक स्वतन्त्रताविरुद्ध धम्की वा बल प्रयोग गर्न सक्दैन । संयुक्त राष्ट्र सङ्घका पूर्वअन्तर्राष्ट्रिय कानुनविज्ञ फाल्कले स्पष्ट रूपमा भन्नुभयो, “अमेरिकाको तथाकथित ‘नियम-आधारित अन्तर्राष्ट्रिय व्यवस्था’ कुनै पनि हिसाबले अन्तर्राष्ट्रिय कानुनको सम्मान होइन, बरु अन्य देशलाई अमेरिकाले तोकेका नियमको पालना गर्न बाध्य पार्ने माध्यम हो, जबकि यो आफैँले मनमानी रूपमा अन्तर्राष्ट्रिय कानुनी ढाँचालाई कुल्चनसक्छ ।” अमेरिकाले सैन्य आक्रमणलाई ‘कानुन प्रवर्तन कारबाही’ का रूपमा प्रस्तुत गर्नु मूलत: अस्पष्टताकोको भ्रम हो, जसले अन्तर्राष्ट्रिय कानुनी मान्यतालाई घरेलु प्रहरी तर्कले प्रतिस्थापन गर्ने प्रयास गर्दछ । यो अन्तर्राष्ट्रिय कानुनको शासनविरुद्धको स्पष्ट उत्तेजना हो ।

ल्याटिन अमेरिकी देशहरू यस्ता बयानबाजीबाट हुने पीडाप्रति पूर्णरूपमा सचेत छन् । ब्राजिलका राष्ट्रपति लुलाले आक्रमणको कडा निन्दा गर्दै भन्नुभयो, “भेनेजुयलाको भूभागमा अमेरिकी बम विष्फोट र राष्ट्रपतिको गिरफ्तारीले अस्वीकार्य सीमा पार गरेको छ, जसले अन्तर्राष्ट्रिय समुदायको लागि अत्यन्तै खतरनाक उदाहरण स्थापित गरेको छ ।” अमेरिकाले एक वैध राष्ट्रपतिलाई ‘लागुऔषध अपराधी’ भनेर कलङ्कित गर्न कथा हेरफेर रणनीति प्रयोग गर्ने, उनलाई नियन्त्रणमा राखिएको फुटेज जारी गरेर ध्यान मोड्ने र राष्ट्रिय सार्वभौमिकताका मुद्दालाई व्यक्तिगत दोषमा घटाउने इतिहास राखेको छ । भेनेजुयला सेन्टर फर चाइना स्टडिजका संयोजक जोन ब्युनले भन्नुभएको झैँ, आर्थिक घाँटी थिचेर मार्नेदेखि सैन्य आक्रमणसम्म, भेनेजुयलाप्रति अमेरिकाको शत्रुतापूर्ण कार्यहरू निरन्तर छन्, तथाकथित ‘कानुन प्रवर्तन’ केवल आफ्नो प्रभुत्ववादी महत्त्वाकाङ्क्षा लुकाउने बहानामात्र हो ।

तथ्यको अगाडि अमेरिकाको बयानबाजी पूर्ण रूपमा अपर्याप्त छ । यस अपरेशनमा अमेरिकी सेनाले सैन्य निशानामा मात्र बम विष्फोट गरेको होइन तर राजनीतिक स्थल ह्युगो चाभेज क्रान्तिकारी स्मारकलाई पनि ध्वस्त पार्‍यो, जसको परिणामस्वरूप मादुरोका ३७ जना अङ्गरक्षक र ३२ जना क्युवाली सैनिकको मृत्यु भयो । कलेज अफ मेक्सिकोका विज्ञ इचकार्डो लाजारोले खुलासा गर्नुभयो, “अमेरिकाले फेरि एकपटक ल्याटिन अमेरिकालाई आफ्नो घरको आँगनको रूपमा व्यवहार गरिरहेको छ र रणनीतिक स्वार्थका लागि जबरजस्ती साधन प्रयोग गर्न इच्छुक छ ।” ब्राजिलको एबीसी सङ्घीय विश्वविद्यालयका प्राध्यापक डेमेट्रिओ टोलेडोले अझ अगाडि बढ्दै भन्नुभयो, “अमेरिकी कार्य नव-उपनिवेशवादको नाङ्गो अभिव्यक्ति हुन् जसको उद्देश्य भेनेजुयलाको तेल भण्डार कब्जा गर्नु हो र राष्ट्रपतिको अपहरण त सुरुवातमात्र हो ।”

इतिहास र वास्तविकताले लामो समयदेखि अमेरिकाको बयानबाजीलाई उजागर गर्दैआएको छ । भियतनाम युद्धदेखि अफगानिस्तानबाट फिर्ता हुने समयसम्म, अमेरिकाले आक्रामक कार्य गर्न बारम्बार ‘न्यायसङ्गत हस्तक्षेप’ को आवरण प्रयोग गरेको छ । तर, यसले कहिल्यै पनि अन्तर्राष्ट्रिय कानुनको मापदण्डलाई साँच्चै समर्थन गरेको छैन । फाल्कले चेतावनी दिनुभएको झैँ, “अमेरिका एक अत्यधिक सैन्यीकृत नोकरशाही बनेको छ; सैन्य साधन पुरानो भइसकेका छन्, तैपनि तिनीहरू अझै पनि भूराजनीतिको उपकरणको रूपमा प्रयोग गरिन्छ ।” हाल अमेरिकाले ‘कानुन प्रवर्तन कार्य’ को बयानबाजीले जनतालाई भ्रमित गर्ने प्रयास गरिरहेको छ, तर ‘आज यो भेनेजुयला हो, भोलि यो कुनै पनि देश हुनसक्छ’ भन्ने चेतावनीले अन्तर्राष्ट्रिय समुदायलाई यसको आधिपत्यवादी प्रकृति प्रकट भइसकेको छ ।

बयानको नेभाराको पातले अन्तत: आक्रामकताको तथ्यलाई लुकाउन सक्दैन । अमेरिकाको पाखण्डी बयानबाजीले न त अन्तर्राष्ट्रिय समुदायलाई धोका दिनसक्छ न त बहुध्रुवीयतातर्फको प्रवृत्तिलाई रोक्न सक्छ । संयुक्त राष्ट्र सङ्घको बडापत्रको उद्देश्य र सिद्धान्तलाई कायम राखेर र आधिपत्यवादको दृढतापूर्वक विरोध गरेरमात्र हामी अन्तर्राष्ट्रिय समुदायमा निष्पक्षता, न्याय, शान्ति र स्थिरतालाई सुरक्षित गर्नसक्छौँ ।

*- सीआरआई*

# विधिमा आधारित विश्व व्यवस्था प्रतिरक्षाको सान्दर्भिकता

**● ट्राइन पर्टोउ माच**

एक वर्षभन्दा बढी समयसम्म अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वको सबैभन्दा ठुलो टापु ग्रिनल्यान्डलाई ‘कब्जा गर्ने’ धम्की दिई रहे । म डेनिस सांसद र वामपन्थी गठबन्धन एनहेड्सलिस्टेनको विदेश मामिलाकी प्रवक्ता हुँ । डेनमार्कको स्वायत्त क्षेत्र भएपछि ग्रिनल्यान्डमाथि निरन्तर निरन्तर ‘डेनिस शासन’ रहनुपर्ने हाम्रो चिन्ता होइन । ५७ हजार ग्रिनल्यान्डवासीलाई आत्मनिर्णयको स्पष्ट अधिकार छ । हामी आफ्नो भविष्य आफैँ बनाउने र आफ्नो गठबन्धन निर्णय गर्ने उनीहरूको अधिकारलाई अवश्य समर्थन गर्छौं ।

पूर्व-औपनिवेशिक शक्तिको रूपमा डेनमार्कले ग्रिनल्यान्डवासीलाई आफ्नै लोकतन्त्र, दिगो अर्थतन्त्र र राज्यको दृष्टिकोण विकासका लागि सहयोग गर्ने ऐतिहासिक जिम्मेवारीको भार छ । तर, बाह्य आक्रमण र प्रभुत्वविरुद्धमा डेनमार्कले ग्रिनल्यान्डको साथ उभिनुपर्छ । डेनमार्क राज्यको सार्वभौमिकताअन्तर्गत पर्ने यो क्षेत्र अहिले जोखिममा छ र ग्रिनल्यान्डका नागरिकको आत्मनिर्णयको अधिकारलाई कमजोर पारिएको छ । ट्रम्प प्यालेस्टिनी, भेनेजुयला वा ग्रिनल्यान्डवासीलाई मुक्त गर्ने बाटोमा छैनन् । बरु उनी स्वार्थ र नियन्त्रणको मार्गमा छन् ।

भेनेजुयलामा ट्रम्पको हस्तक्षेपले अन्तर्राष्ट्रिय कानुन र राज्य सार्वभौमिकताप्रति उनको पूर्ण अनादरलाई खुलासा गर्‍यो । यस्ता उल्लङ्घनप्रतिको मौनताले ट्रम्प वा उनीजस्तै अन्य निरङ्कुश नेताको अन्य देश जित्ने आकाङ्क्षालाई हौसला प्रदान गर्नेछ । वर्तमान विश्वका धम्की दिनेहरूले चाप्लुसी र तुष्टीकरणको सम्मान गर्दैनन् । ट्रम्प धम्की दिने व्यक्ति हुन् ।




विधिमा आधारित विश्व व्यवस्था जोगाउन प्रतिबद्ध कुनै पनि राजनीतिक नेताले उनको कदमको विरोध गर्न सक्नुपर्छ ।

काराकसमा जे भयो, त्यो कुनै पनि महाशक्तिको स्व-घोषितको प्रभाव क्षेत्रमा रहेका कुनै पनि राज्यका लागि शुभ सङ्केत होइन । ट्रम्प, स्पष्ट रूपमा भेनेजुयला र ग्रिनल्यान्ड दुवैलाई आफ्नो ‘करेसाबारी’ को अंशको रूपमा हेर्छन् । त्यहाँ उनी हाबी हुन चाहन्छन्, शासन गर्न खोज्दै छन्, किनकि उनी त्यसो गर्न सक्छन् ।

अमेरिकासँग अन्य देश कब्जा गर्ने कुनै वैधता वा अधिकार छैन । भेनेजुयलामा तत्कालीन राष्ट्रपति निकोलस मादुरोको सरकारले गम्भीर आर्थिक सङ्कटको सामना गरिरहेको र मादुरोले चुनावमा व्यापक धाँधली गरेकै आधारमा ट्रम्पको कारबाहीलाई कुनै पनि रूपमा वैधता दिन सकिँदैन । मादुरोको अपहरणको प्रशंसा र स्वागत गर्नेले अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्थालाई अझ कमजोर बनाउन योगदान पुर्‍याउँछन् । ट्रम्प र अन्य शक्तिशाली व्यक्ति झन् उत्साहित हुन्छन् ।

ट्रम्पको आगमनअघि विधिमा आधारित विश्व व्यवस्थामा कानुनी माध्यमबाट शक्ति नियन्त्रण गर्ने, राज्यहरूको सार्वभौमिकता सुनिश्चित गर्ने र राज्यको दुरूपयोग र उत्पीडनबाट मानिसलाई जोगाउने कुरालाई महत्त्व दिइन्थ्यो । यदि अन्तर्राष्ट्रिय शान्तिपूर्ण सहअस्तित्वका लागि स्थापित यी नियमको रक्षा र सम्मान गरिएन भने शान्ति र स्थिरताका लागि अकल्पनीय परिणामसहित तिनीहरू अप्रासङ्गिक हुन्छन् । भलै पश्चिमा देशले यो कुरालाई आफ्नो स्वार्थ अनुरूप लागू गरेको नदेखिएको होइन । प्यालेस्टिनमा इजरायलको उपनिवेशीकरण र नरसंहार यसको स्पष्ट उदाहरण हो ।

वासिङ्टनको नयाँ राष्ट्रिय सुरक्षा रणनीतिमा स्पष्ट रूपमा भनिएको छ कि संयुक्त राज्य अमेरिकालाई विश्वमा र विशेषगरी पश्चिमी गोलार्धमा आफ्नो अत्यधिक राजनीतिक, आर्थिक र सैन्य शक्ति स्थापित गर्ने अधिकार छ । जनवरी ३ मा आफ्नो निवास मार-ए-लागोमा आयोजित पत्रकार सम्मेलनमा ट्रम्पले गर्वका साथ ‘डोनरो सिद्धान्त’ उल्लेख गरे । त्यहाँ उनले अमेरिकी प्रभुत्वलाई जोगाउने उद्देश्यले विदेश नीति कार्यान्वयन गरिने रूपरेखा प्रस्तुत गरे । यसबाट हामी र ग्रिनल्यान्डवासीमा त्रास बढेको छ ।

अन्य देश र त्यहाँका स्रोतमाथि ज्याल काट्ने साम्राज्यवादी महत्त्वाकाङ्क्षा भएका प्रभावशाली र निरङ्कुश शक्तिहरूले मात्र नयाँ विश्व व्यवस्थाबाट लाभ उठाउन सक्छन् । ती शक्तिलाई आफू कति शक्तिशाली छु भनेर देखाउन पनि थप भूमि अतिक्रमण गर्न आवश्यक पर्छ । तिनीहरूले अन्य देश र तिनीहरूका प्राकृतिक स्रोत बलपूर्वक लिन्छन्, किनभने तिनीहरूले त्यो गर्न सक्छन् र हामीले तिनीहरूलाई अनुमति पनि दिन्छौँ ।

जङ्गलराजमा ‘शक्ति सही हुन्छ’ र परिणाम अराजकता मात्र हुन्छ । त्यस्तो अवस्थामा साना र मध्यम आकारका देशका सबै मानिसले बढ्दो असुरक्षाको सामना गर्छन् । पूर्वडेनिस उपनिवेश ग्रिनल्यान्ड आज एक लोकतान्त्रिक निकाय हो । त्यहाँ सरकार र संसद् ( इनात्सिसारटुट) को रूपमा पूर्णरूपमा वैध राजनीतिक नेतृत्व छ । ग्रिनल्यान्डका प्रधानमन्त्री जेन्स-फ्रेडरिक निल्सनले बारम्बार उनको सरकार र बहुमत ग्रिनल्यान्डवासी अमेरिकाको भाग बन्न नचाहने जोड दिन्छन् ।

जनवरी १३ मा कोपेनहेगनमा आयोजित पत्रकार सम्मेलनमा उनले भनेका थिए, ‘यदि हामीले अहिले र यहाँ संयुक्त राज्य अमेरिका र डेनमार्कमध्ये एक छनोट गर्नुपर्‍यो भने हामी डेनमार्क रोज्छौँ ।’ यो बुझ्न सकिने कुरा हो, किनकि अमेरिकामा डेनमार्कमा जस्तो विश्वव्यापी स्वास्थ्य सेवा प्रणाली छैन । न त नि:शुल्क उच्च शिक्षाको व्यवस्था नै छ । नि:सन्देह, ग्रिनल्यान्डवासीले आदिवासी अमेरिकीको अधिकार र मर्यादाको सन्दर्भमा निराशाजनक रेकर्डलाई पनि ध्यान दिएका हुन सक्छन् । तथापि यस जनमतका बाबजुद भविष्यमा ट्रम्पलाई सैन्य, राजनीतिक र आर्थिक धम्की र क्रूर जबरजस्तीको संयोजनमार्फत ग्रिनल्यान्ड ‘प्राप्त’ गर्नबाट रोक्न सक्दैन । युरोप र ग्रिनल्यान्डको सुरक्षा अवस्था त्यो बिन्दुभन्दा धेरै टाढा पुगिसकेको छ, जहाँ सावधानीपूर्वक हिँड्नु वा ट्रम्पलाई चाप्लुसी गर्ने प्रयास गर्नु अर्थपूर्ण हुन्छ । त्यसैले, डेनमार्कलगायत अन्य नोर्डिक देशहरू, युरोप र विधिमा आधारित विश्व व्यवस्था मान्ने कुनै पनि देशहरूले आफ्नो दृष्टिकोण बदल्दै अमेरिकाबाट रणनीतिक स्वायत्तता वा स्वतन्त्रताको आवश्यकतामा चिन्तन मनन गर्न थाल्नुपर्छ ।

हाम्रो पार्टीले युरोप र विश्वभरका सबै प्रगतिशील शक्तिलाई आत्मनिर्णयको अधिकारका लागि र अमेरिका र अन्य प्रमुख शक्तिको संसारलाई पुनर्गठन गर्ने साम्राज्यवादी र नवऔपनिवेशिक महत्त्वाकाङ्क्षाको विरुद्धको संयुक्त सङ्घर्षमा एकताबद्ध र परिचालन हुन आह्वान गरेको छ । हामीले विश्वभरका राजनीतिज्ञलाई संयुक्त राज्य अमेरिकाप्रति तुष्टीकरण र सहमतिबाट टाढा जान र अन्तर्राष्ट्रिय कानुन, संयुक्त राष्ट्र सङ्घको बडापत्र र आत्मनिर्णयको अधिकारमा निरन्तर जोड दिन दबाब दिनु आवश्यक छ । यो हाम्रो समयको सङ्घर्ष हो ।

*(माच डेनिस संसद्का सदस्य हुन् ।)*

*- ‘अलजजिरा’ बाट*

# बाउन्नौँ पार्टी स्थापना दिवस मनाउने क्रम जारी

## श्रमजीवी जनतालाई राजनीतिक चेतना जगाउँदै नेमकिपा

भक्तपुर । नेपाल मजदुर किसान पार्टी भनपा नं. ९ वडा समितिको आयोजनामा ५२ औँ पार्टी स्थापना दिवस माघ १३ गते प्रवचन कार्यक्रम गरी मनाइयो । पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भएको उक्त कार्यक्रममा उहाँले पार्टी स्थापनाको यो आधा शताब्दीमा समाजको तल्लो वर्गको श्रमजीवी जनतालाई राजनीतिकरूपले सचेत बनाउने काम भएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “राजनीतिक चेतना जगाउने काम स्कुल, कलेज चलाएजस्तै निरन्तर गर्नुपर्दछ । समाजलाई सचेत पार्न सके व्यक्ति मरे पनि विचार बाँचिरहन्छ; अन्याय र शोषणविरुद्ध मान्छेलाई जगाउनकै लागि पार्टीले निर्वाचनलाई उपयोग गर्ने नीति लिएको हो ।”

निर्वाचनको जितलाई भन्दा पनि आन्दोलनमा पुऱ्याएको योगदानलाई पार्टीले बढी महत्त्व दिने चर्चा गर्दै उहाँले पुँजीवादी निर्वाचनबाट कुनै पार्टी बहुमत आए पनि देशमा आमूल परिवर्तन नहुने बताउनुभयो । निर्वाचन घोषणापत्रको आधारमा जनतासँग मत माग्नुपर्नेमा यहाँ अझै शासक दलहरू जनतालाई पैसा र अनेक वस्तु दिएर मत लिने गलत प्रयास गर्छन् भन्नुभयो ।

ढिलै भए पनि बिस्तारै जनताले नेमकिपाको इमानदारी बुझ्न थालेको बताउँदै अध्यक्ष बिजुक्छेँले विगतको तुलनामा पार्टीले धेरै जिल्लामा उम्मेदवारी दिएको र त्यसमा पनि महिला उम्मेदवार सबभन्दा बढी दिन सक्नु यस पटकको निर्वाचनको सकारात्मक पक्ष भएको प्रस्ट्याउनुभयो ।

शासक दलहरूले विगतको निर्वाचनमा घोषणा गरेको वाचा कुनै पूरा नगरेको उदाहरण दिँदै उहाँले नेमकिपाले प्रखर प्रतिपक्षमा रहेर बोलेअनुसार काम गरेर देखाएको बताउनुभयो ।

“पार्टी कार्यकर्ताहरूमा धैर्य र संयम पनि हुनुपर्ने भन्दै शत्रुले हामीलाई उत्तेजित पार्न सक्छ, लोभ देखाएर घुस खुवाउन सक्छ; त्यसमा अत्यन्त सतर्क हुनुपर्छ”, उहाँले भन्नुभयो ।

नि:स्वार्थपूर्वक जनताको सेवा गर्नेबाहेक पार्टीको अर्को कुनै स्वार्थ नभएको हुँदा पार्टी गलत शैलीको प्रचारमा नलाग्ने पनि उहाँले स्पष्ट पार्नुभयो ।

निर्वाचनपछि राष्ट्रपति बनाउने लोभ देखाएर उम्मेदवारी फिर्ता लिन लगाएको र राष्ट्रपति बन्ने आशाले नै जेलभित्रको बन्दीलाई छुटाएको पनि चर्चा छ भन्दै उहाँले नयाँ पुस्तालाई राजनीतिका यस्ता कुटिल चालहरूबारे सचेत पार्नुपर्नेमा जोड दिनुभयो ।

जेन-जीले दुई दिनमा देश खरानी पार्न नसक्ने बरु त्यसको पछाडि अमेरिका र भारत हुनैपर्छ भनेर त्यसबेला भनेको कुरा अहिले बिस्तारै खुल्दै छ भन्दै उहाँले त्यसको लागि लामो समयदेखि तयारी गरेकै हुनुपर्छ र त्यो तयारी सरकारका सैनिक, सशस्त्र, प्रहरीलगायतका गुप्तचरहरूले सरकारलाई जानकारी दिएकै हुनुपर्छ; यदि गुप्तचरको सूचनाप्रति सरकार सचेत वा पूर्वतयारी नगरेको भए त्यो ओली सरकारको ठुलो कमजोरी भएको पनि उहाँले बताउनुभयो । उहाँले सरकारले चाहेमा त्यो आगजनी र लुटपाटमा संलग्न सबैलाई पक्रन सक्ने पनि बताउनुभयो ।

शत्रुले सिङ्गो देश जलाउँदा लाखौँ कार्यकर्ता भएको दाबी गर्ने शासक दलहरू त्यतिबेला के हेरेर बसे भन्ने प्रश्न गर्दै उहाँले त्यस्तो अवस्थामा कर्तव्यच्युत भएर बस्न नहुने पनि बताउनुभयो । उहाँले राजनीतिक चेतना नभए मानिस शासकको दास भएर बस्नुपर्ने हुन्छ; जेन-जी आन्दोलनबाट सरकार र राज्यसत्ताको भेद पनि प्रस्ट भएको बताउनुभयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य एवं भनपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले नयाँ पुस्ता सामाजिक सञ्जालको लहलहैमा लाग्न नहुनेमा जोड दिँदै उम्मेदवारी दर्ताको क्रममा सुदूरपश्चिम प्रदेशमा देखिएको पार्टीको उत्साहजनक प्रगति सुनाउनुभयो ।

सरकारमा रहँदा खुब विश्वविद्यालयको निम्ति सिन्को नभाँच्ने



शासक दलहरू अहिले निर्वाचनको बेला खुब विश्वविद्यालयको एजेन्डा लिएर आउनु राजनीतिक बेइमानी भएको उल्लेख गर्दै उहाँले कुनै पनि पार्टीको राजनीतिक दलको वर्गीय र सैद्धान्तिक आधार प्रस्टिनुपर्छ; तर यहाँ त्यस्तो कुनै आधारबिना नै लहलहैकै भरमा निर्वाचन जित्ने प्रयास गरिँदै छ; त्यो जनतालाई धोका दिनु जतिकै हो; यसमा जनता नै सचेत हुन आवश्यक छ भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष कृष्णभक्त लवजुको सभापतित्वमा भएको उक्त कार्यक्रममा सूर्यमढी पार्टी समितिका अध्यक्ष दिलभक्त कोजू र काशीलाल प्रजापतिले पनि बोल्नुभएको थियो ।

## नेमकिपा नि:शुल्क शिक्षाको आवाज उठाउँदै

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा चाँगुनारायण २ वडा समितिको आयोजनामा माघ १३ गते दुवाकोट दोखातिलामा छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका सचिव एवम् नेमकिपाको तर्फबाट भक्तपुर क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालले भन्नुभयो, “राजनीतिक दल आदर्श समाज निर्माण गर्न स्थापना भएको हुन्छ । नेपाल मजदुर किसान पार्टी यही उद्देश्यको लागि स्थापना भएको हो । पार्टीको जननिर्वाचित प्रतिनिधिहरू भएको भक्तपुर नगरपालिकाले शैक्षिक संस्थाहरू सञ्चालन गरी ७७ जिल्लाकै जनतालाई उच्च शिक्षा अध्ययन गराएको छ ।”

उहाँले थप्नुभयो, “नेपाल मजदुर किसान पार्टीले विद्यालय शिक्षा नि:शुल्क र अनिवार्य, विश्वविद्यालय शिक्षा नि:शुल्क, स्वास्थ्य सेवा नि:शुल्क, युवालाई स्वदेशमै रोजगारीको व्यवस्था हुनुपर्ने विषय सडक र संसद्मा उठाउँदै आएको छ । आगामी दिनमा पनि यो सङ्घर्षलाई पार्टीले छोड्ने छैन ।”

“शासक दलहरूले देश र जनताको इमानदारीपूर्वक सेवा नगरेको हुँदा भदौ २३ र २४ गतेको घटना घटेको खुलिरहेको छ । सो घटनामा साम्राज्यवादी र विस्तारवादको घुसपैठ भएको सार्वजनिक भइरहेको छ । संरा अमेरिकी साम्राज्यवादबाट अनुदान प्राप्त गैरसरकारी संस्था NED र IRI भदौ २३ र २४ गतेको घटनामा संलग्न रहेको अमेरिकी पत्रकार र लेखकहरूले नै खुलाएका छन् ।” सचिव सुवालले औँल्याउनुभयो ।

नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले नेपाल मजदुर किसान पार्टी स्थापनाको आधार किसान आन्दोलन, देशको सार्वभौमिकता रक्षा आन्दोलन र साम्राज्यवादविरुद्धको आन्दोलन रहेको स्पष्ट पार्नुभयो । कार्यक्रममा गणेशराम सुवालले पनि बोल्नुभएको थियो ।

## कामदार जनताको मुक्तिको पक्षमा नेमकिपा

भक्तपुर । नेमकिपा भ.न.पा.४ बोलाछेँ एकाइ समितिको आयोजनामा माघ १५ गते नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवम् वाग्मती प्रदेश सदस्य सृजना सैँजूले पाँच दशकभन्दा लामो समयदेखि शोषितपीडित कामदारवर्गको मुक्ति र न्यायका लागि सङ्घर्ष गरिरहेको चर्चा गर्नुभयो ।

उहाँले देश र जनताको वास्तविक शत्रु भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद र तिनको पछि लाग्ने शासक दल तथा विदेशी शक्तिद्वारा परिचालित सबै नयाँ पुराना दलहरूसित सचेत रहनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले भदौ २३ को घटनापछि देशको सार्वभौमिकतामाथि थप खतरा निम्तिएको चर्चा गर्नुभयो ।

उहाँले विद्यार्थीले राजनीति गर्नु हुँदैन भन्ने भाष्यविपरीत स्कूले बालबालिका अगाडि सारी विदेशी शक्तिको स्वार्थ अनुकूल राजनीति गर्नेहरूसँग देशको अस्तित्व रक्षा गर्ने कुनै ठोस नीति नभएको जिकिर गर्दै युक्रेनका जेलेन्स्कीजस्ता कलाकारहरूको लहलहैमा जानु गलत भएको बताउनुभयो । राजनीति कुनै ठुलो पद र पैसाका लागि नभई जनताको सेवामा समर्पित रहनको लागि हुनुपर्ने भनाइ उहाँले व्यक्त गर्नुभयो ।

शिक्षाविद् उद्धव सुजखूले नेमकिपा स्थापनाका आधारहरूबारे बताउँदै समाजवाद हुँदै साम्यवादी व्यवस्थाको लागि सङ्घर्षरत रहेको पार्टी कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भका रूपमा स्थापित भइसकेको चर्चा गर्नुभयो । उहाँले नीति निर्माण गर्ने थलोमा शोषितपीडित कामदार जनतालाई पठाउन सङ्घर्षरत पार्टी नेमकिपा सिद्धान्तनिष्ठ, निष्कलङ्क र घोषणापत्रलाई व्यवहारमा लागू गर्ने पार्टी भएको हुनाले जनताका उम्मेदवारहरूलाई जिताउन साथ र सहयोग गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

नेमकिपा भजिसका उपेन्द्र सुवालले नबिराउनु नडराउनु भनेझैँ पार्टीले लिएको सिद्धान्त र नीतिको पालनाले मात्रै देशमा आमूल परिवर्तन सम्भव हुने बताउँदै भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउने उद्देश्यअनुरूप पार्टीले शिक्षा र स्वास्थ्यको क्षेत्रमा गर्दै आएको योगदानबारे चर्चा गर्नुभयो । उहाँले लेनिनवादी नीतिअनुरूप चुनावको उपयोग गर्दै व्यापक जनतालाई सचेत गर्ने कर्तव्य पूरा गर्नु समयको आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा बोलाछेँ एकाइ समितिका इन्चार्ज एच.एस.सुवालको सभापतित्वमा भएको उक्त कार्यक्रममा विश्वराम त्वायना, कृष्णगोविन्द दुवाल, तनहुँ, नवलपरासी, पर्वतका विभिन्न क्षेत्रबाट उम्मेदवारी दिएका रामलक्ष्मी दुवाल, रञ्जना सुवाल, एलिना सुवाललगायतले बोल्नुभयो ।

## वर्गविहीन आदर्श समाजको पक्षमा नेमकिपा



भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेपाल कर्मचारी समाज केन्द्रीय समितिको आयोजनामा ‘नेपालको वर्तमान समसामयिक राजनैतिक विषयमा’ प्रवचन एवम् प्रशिक्षण कार्यक्रम माघ १५ गते सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एव्म भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नेमकिपाको स्थापना २०३१ माघ १० गते वर्गविहीन आदर्श समाज निर्माण गर्ने लक्ष्यका साथ भएको बताउनुभयो ।

नेमकिपाले पार्टी स्थापनाकालदेखि नै पार्टीले अङ्गीकार गरेको सिद्धान्तबाट अलिकति पनि विचलित नभई काम गर्दै आएको स्पष्ट पार्दै उहाँले राजनीतिक पार्टी अनुशासनहीनहरूको भीड नभई एक आदर्श समाज स्थापना गर्ने लक्ष्यका साथ विचार र सिद्धान्तबाट निर्देशित अनुशासित दस्ताहरूको सङ्गठित शक्ति भएको बताउनुभयो ।

कामदारवर्गलाई शासन सत्तामा पुऱ्याउने उद्देश्यका साथ नेमकिपा अगाडि बढिरहेको उल्लेख गर्दै केन्द्रीय सदस्य प्रजापतिले नेमकिपा किसान, मजदुर, शिक्षकलगायत कामगरी खानेवर्गको साझा पार्टी भएको बताउनुभयो ।

“समाजवादी व्यवस्थामा मानिसको जन्मदेखि मृत्युपछिसम्मको गर्नुपर्ने सबै बन्दोबस्त राज्यले गरिदिन्छ । नेमकिपाबाट निर्वाचित भक्तपुर नगरपालिकाका जनप्रतिप्रतिनिधिहरूले समाजवादी आधारशिला निर्माणमा सहयोग गर्ने काम गरिरहेको छ । भक्तपुर नगरपालिकाले शिशु स्याहारदेखि कलेजहरू सञ्चालन गर्नुका साथै खुब अस्पताल सञ्चालन गरी जनताको सेवा गरिरहेको छ”, प्रमुख प्रजापति भन्नुभयो ।

नेपालजस्तै क्षेत्रफल र जनसङ्ख्यामा सानो देश प्रजग कोरियाले समाजवादी बन्दोबस्त र विचारकै कारण जनतालाई सबै बन्दोबस्त गर्न सकेको र विश्वका महाशक्ति संरा अमेरिकालाईसमेत हाँक दिन सकेको उहाँले बताउनुभयो ।

नेमकिपाले शोषक र सामन्तीको सधैं विरोध गर्दै आएको स्पष्ट पार्दै प्रमुख प्रजापतिले ठीकलाई ठीक र बेठीकलाई बेठीक भन्न सक्ने मानिस नै सचेत वर्गमा पर्ने उल्लेख गर्नुभयो ।

शासक दलहरूप्रति असन्तोष बढेकै कारण भदौ २३ र २४ गतेको घटना घटेको चर्चा गर्दै उहाँले उक्त घटना घट्नुमा शासक दलहरू नै मुख्य दोषी भएको बताउनुभयो ।

कर्मचारीहरूले समयमा काम गर्नुपर्ने, दिइएको जिम्मेवारी इमानदारीपूर्वक पालना गर्नुपर्ने उल्लेख गर्दै प्रमुख प्रजापतिले भन्नुभयो, “कर्मचारीहरूको बोली, व्यवहार शिष्ट, नम्र र असल आचरण हुनु जरुरी छ । कर्मचारीहरूमा सिक्ने र सिकाउने भावना विकास गरी नियमित अध्ययन गर्ने बानी बसाल्नु आवश्यक छ ।”

नेपाल कर्मचारी समाजका अध्यक्ष गौतमप्रसाद लासिवाले कर्मचारीहरू आफ्नो हक अधिकार सुनिश्चितताको लागि सङ्गठित भएजस्तै व्यक्तित्व विकास गरी सामाजिक योगदान हुने काममा लाग्नु पनि उत्तिकै जरुरी छ भन्नुभयो ।

शोषणको विरोधमा आवाज उठाउनु र शोषितको पक्षमा आवाज उठाउनु सचेत मानिसको दायित्व भएको उहाँले बताउनुभयो ।

“भक्तपुर उदाहरणीय नगरको रूपमा परिचित हुनुमा नेमकिपाको भूमिका महत्त्वपूर्ण रहेको छ । नेमकिपाका अग्रजहरूले बढाएको भ्रष्टाचारविरोधी र सफाइ आन्दोलनको सार्थकता अहिले झन् बढ्दै छ”, उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल कर्मचारी समाजका सचिव शिवराम धुख्वा, सदस्य विनोदबहादुर शाही, दिव्यलक्ष्मी बज्राचार्य र दिलिपकुमार श्रेष्ठले नेमकिपाको स्थापना दिवसको औचित्यबारे बोल्नुभएको थियो ।

## नेमकिपा कहिल्यै भागबन्डामा नलागेको प्रष्टोक्ति

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ पार्टी स्थापनाको अवसरमा नेपाल मजदुर किसान पार्टी वडा नं. २ सानो ब्यासी एकाइ समितिको आयोजनामा माघ १५ गते वडाका कार्यकर्ताहरूबिच एक प्रशिक्षण तथा प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सरोजराज गोसाईले नेमकिपा स्थापनाको जग किसान आन्दोलन र भ्रष्टाचारविरोधी आन्दोलन भएको स्पष्ट पार्नुभयो । नेमकिपाले वर्गीय दृष्टिकोणको आधारमा आफ्नो विचार अगाडि बढाइरहेको र पार्टीले दलीय भागबन्डा, एनजीओ, आईएनजीओजस्ता स्वार्थको राजनीति कहिल्यै नगरेको विचार उहाँले राख्नुभयो ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र बनाउन खुब विश्वविद्यालयको अवधारणा अगाडि राख्दै आएको उल्लेख गर्दै उहाँले नेमकिपाले भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादी नीतिको विरोध गरिरहेको बताउनुभयो । सरकारमा गएका पार्टीहरूले गरेका असमान सन्धिहरू खारेजको माग गर्दै आएको विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा जीपी लासिवाले नेमकिपाले मजदुर र किसानको हक र हितको लागि राजनीतिक सङ्घर्ष गरिरहेको र समाजवादी व्यवस्थाको लागि जनतालाई सचेत पारिरहेको विचार राख्नुभयो ।

सिद्धान्तहीन पार्टीलाई संसदीय निर्वाचनमा पराजय गर्नुपर्ने कारणबारे चर्चा गर्दै उहाँले विदेशी पैसामा राजनीति गर्ने राजनीतिक पार्टीहरूलाई विदेशी शासकहरूको मातहतमा राख्ने स्पष्ट पार्नुभयो ।

नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिका गंगाराम ज्याख्वले नेमकिपाका जनप्रतिनिधिहरूले पार्टीको

***बाँकी पृष्ठ ९ मा***

**बाउन्नौं...**

घोषणापत्र र प्रतिबद्धताअनुरूप काम गरिरहेको बताउनुभयो ।

रत्नकाजी नायोभारीले नेमकिपा सङ्घर्षबाट कहिल्यै विचलित नहुने पार्टी हो भन्नुभयो । नेमकिपा सानो ब्यासी एकाइ समितिका इन्चार्ज सरोज दथेपुथेको सभापतित्वमा भएको उक्त कार्यक्रममा पवनकृष्ण सुवालले कार्यक्रमको उद्देश्यबारे प्रकाश पार्नुभएको थियो ।

## नेमकिपा समाजवादी गणतन्त्र स्थापना गर्न जनता सङ्गठित गर्ने अभियानमा

भक्तपुर । नेपाल मजदुर किसान पार्टी टोखा नगर समितिको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा माघ १६ गते एक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले नेपाल मजदुर किसान पार्टी स्थापनाकालदेखि देश र जनताको सेवाको




लागि निष्ठा र इमानदारीपूर्वक लागिरहेको बताउनुभयो । सिद्धान्त र विचारबिना दीर्घकालीन लक्ष्य प्राप्त नहुने उल्लेख गर्दै उहाँले नेमकिपाले समाजवादी गणतन्त्र स्थापनाको लागि जनतालाई विविध ढङ्गले सङ्गठित गर्ने अभियान चलाइरहेको बताउनुभयो ।

देशको यो विषम परिस्थितिमा पुँजीवादी र विदेशी शक्तिहरूबाट परिचालित पार्टीको गतिविधिबाट सचेत हुनुपर्ने औँल्याउँदै उहाँले जनताको बिचमा गई समाजवादी गणतन्त्र प्रचार अभियानलाई व्यापक बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

नेमकिपा टोखा नगर समितिका अध्यक्ष एवं काठमाडौँ क्षेत्र नं. ५ का उम्मेदवार शोभालाल श्रेष्ठको सभापतित्वमा भएको उक्त कार्यक्रममा नेमकिपा काठमाडौँ जिल्ला समितिका सचिव शैलेश डङ्गोल, नेमकिपा टोखा नगर समितिका उपाध्यक्ष एवं काठमाडौँ जिल्ला क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार मदन श्रेष्ठ, नेमकिपा टोखा ३ नं. वडा समितिका अध्यक्ष एवं पार्टीका समानुपातिक उम्मेदवार कसिनारायण डङ्गोल, नेपाल क्रान्तिकारी महिला सङ्घ टोखा नगर समितिका अध्यक्ष एवं क्षेत्र नं. ७ का प्रतिनिधिसभा सदस्य गणेशमाया श्रेष्ठ डङ्गोल र नेमकिपा टोखा नगर समितिका सहसचिव नरेश डङ्गोलले पनि बोल्नुभएको थियो ।

## रामेछाप-काठमाडौँ सम्पर्क समितिको आयोजनामा भेला

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा भेला तथा प्रशिक्षण कार्यक्रम नेपाल मजदुर किसान पार्टी काठमाडौँ रामेछाप सम्पर्क समितिका संयोजक धनबहादुर श्रेष्ठको सभापतित्व र न्हुछेभक्त फोजुको प्रमुख आतिथ्यमा माघ १६ गते भयो ।

कार्यक्रममा अतिथि फोजुले फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचनमा भाग लिने उम्मेदवारहरूले जनताको विषय उठाउने र निर्वाचनलाई पार्टीले उपयोग गर्ने विषयमा प्रस्ट पार्नुभयो ।

गणेशराम थुसाले कम्युनिस्ट पार्टीहरू पुँजीवादी व्यवस्थाको सरकारमा जानुहुन्न हुने विषय प्रस्ट पार्नुभएको थियो भने कार्यक्रममा श्यामकृष्ण खत्रीले जनतासँग नजिक भएर जनताको दु:ख सुख विकास निर्माणको काममा भाग लिँदा जनताको भावना बुझी काम गर्नसक्नेमा प्रस्ट पार्नुभएको थियो ।

नेपाल मजदुर किसान पार्टीको तर्फबाट रामेछाप जिल्लामा प्रत्यक्षतर्फ उम्मेदवारी दिनुभएका उम्मेदवार केशरी श्रेष्ठले योजनाहरू प्रस्तुत गर्नुभएको थियो भने दोलखा क्षेत्र नम्बर १ को उम्मेदवार बिमला श्रेष्ठले पनि योजनाहरू पेस गर्नुभएको थियो ।

## क्रान्ति महिलाको जीवनीबारे अन्तरक्रिया

सुर्खेत । नेपाल क्रान्तिकारी महिला सङ्घ जिल्ला समिति सुर्खेतको आयोजनामा नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा विश्वका क्रान्तिकारी महिलाको जीवनी विषयमा अन्तरक्रिया कार्यक्रम वीरेन्द्रनगरमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सल्लाहकार नर्मा गुरुङले नेक्रामसङ्घका साथीहरूले विश्वका क्रान्तिकारी महिलाहरूबाट सिकेर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले कार्ल मार्क्सकी श्रीमती जेनी मार्क्सले आफ्नो सुखसयल जीवनलाई छाडेर आफ्ना बच्चाहरूको बिचल्ली भए पनि विश्व कम्युनिस्ट आन्दोलनको निम्ति गरेको त्याग र समर्पणका कारण महिलाका लागि प्रेरणाको स्रोत भएको बताउनुभयो ।

नेमकिपा सुर्खेत जिल्ला अध्यक्ष एवम् कर्णाली प्रदेश सदस्य हरिबहादुर बोहराले पार्टी स्थापनाका दुई मुख्य आधार नेपाल कम्युनिस्ट आन्दोलनमा देखापरेका खोटा विचारको खण्डन र रुसी संशोधनवाद सामाजिक साम्राज्यवादमा पतनबारे चर्चा गर्दै पाँच दशकदेखि नेपाल कम्युनिस्ट आन्दोलनको प्रकाशस्तम्भ भएर उभिएकोले हामी अझ गर्वका साथ सङ्गठन विस्तारमा लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेश सदस्य एवम् नेक्रायुसङ्घका केन्द्रीय उपाध्यक्ष लालबहादुर थापाले राजनीतिक कुसंस्कारको चर्चा गर्दै अब आउने नयाँ पुस्ता विचार र व्यवहारले परिपक्व भएर आफ्नो राजनीतिक जिम्मेवारी इमानदारीपूर्वक पूरा गर्न अघि सर्नुपर्ने अवस्था आएको बताउनुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य एवम् सुर्खेत क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार तुल्सी खड्काको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा शेरबहादुर शाही, प्रेमकुमार थापा, जानकी सुनार, कल्पना शाह, प्रतिभा शाही, रमा गुरुङ, उर्मिला खड्का र रणबहादुर रानाले विभिन्न क्रान्तिकारी महिलाको विषयमा बोल्नुभएको थियो ।

## शासक दलहरूको अकर्मण्यताले देशमा वैदेशिक हस्तक्षेप

दैलेख । नेपाल मजदुर किसान पार्टी डुङ्गेश्वर गाउँपालिका वडा नं. १ मा पार्टीको ५२ औँ स्थापना दिवस सोमबार मनाइयो ।

कार्यक्रममा नेमकिपा कर्णाली प्रदेश समिति सदस्य उदयजङ शाहीले सरकारमा गएका पुँजीवादी शासकहरूको अकर्मण्यताका कारण देशमा विदेशी हस्तक्षेप, भ्रष्टाचार र पक्षपात बढेको बताउँदै त्यसको विरुद्धमा सङ्घर्ष गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उहाँले सरकारमा गएका पार्टीहरू कम्युनिस्ट नभएको उल्लेख गर्दै नेमकिपा कम्युनिस्ट आन्दोलन अगाडि बढाउन स्थापना भएको हो भन्नुभयो ।

नेमकिपा जिल्ला अध्यक्ष जगत वलीले नेमकिपा कामदार जनताको हितमा राजनीति गर्ने पार्टी भएको विचार व्यक्त गर्दै समाजवादी व्यवस्था स्थापना गर्न निरन्तर सङ्घर्ष गरिरहेको बताउनुभयो ।

उहाँले जबसम्म कामदार जनता राजनैतिक र सैद्धान्तिकरूपले सचेत र सङ्गठित हुँदैनन् तबसम्म समाजमा आमूल परिवर्तन नहुने बताउनुभयो ।

कार्यक्रममा वडा समितिका सचिव यामबहादुर वली र के. गौतमले पनि बोल्नुभएको थियो ।

त्यस्तै, नेपाल मजदुर किसान पार्टी डुङ्गेश्वर गापा वडा नं. २ लाकुरीमा पनि स्थापना दिवसको अवसरमा अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपा कर्णाली प्रदेश समितिका सदस्य उदयजङ शाहीले नेमकिपाको स्थापना एउटा गर्विलो ऐतिहासिक दिन भएको उल्लेख गर्दै पार्टी स्थापनाकालदेखि नै देशभक्त र बहुमत कामदार जनताको हितमा निरन्तर सङ्घर्षरत छ भन्नुभयो ।

देशमा व्याप्त भ्रष्टाचार र शोषणविरुद्धका गतिविधिहरू अगाडि बढाइरहेको चर्चा गर्दै उहाँले किसान आन्दोलन, बाली काट्ने आन्दोलन, भर्पाई आन्दोलन, साँढे धपाउ आन्दोलन गरेर किसानको हितमा लागिपरेकोले भक्तपुरको विकास भएको बताउनुभयो ।

नेमकिपा जिल्ला समितिका अध्यक्ष जगत वलीले जबसम्म जनता सचेत हुँदैनन् तबसम्म पुँजीवादले दबाइराख्नेछ भन्नुभयो । विभिन्न स्वार्थहरू देखाएर जनतालाई सङ्गठित हुन नदिन उनीहरूले षड्यन्त्र गरिरहने उहाँले बताउनुभयो ।

उहाँले आफूलाई कम्युनिस्ट ठान्ने ठुला पार्टीहरूले शिक्षा र स्वास्थ्य नि:शुल्क, योग्यताअनुसारको काम, कामअनुसारको ज्यालाको व्यवस्था नगरेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेमकिपा वडा नं. २ का वडाध्यक्ष रत्नबहादुर खड्का र सदस्य धनबहादुर बिस्टले पनि बोल्नुभएको थियो ।

## संशोधनवादविरुद्ध पार्टी स्थापना भएको दाबी

कालीकोट । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति कालीकोटको आयोजनामा पार्टीको ५२ औँ स्थापना दिवसका अवसरमा कार्यकर्ता भेटघाट तथा छलफल कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य नन्दबहादुर शाहीले पार्टी स्थापनाका आधारहरूको चर्चा गर्दै नेपालको कम्युनिस्ट आन्दोलनको संशोधनवादी धारलाई चुनौती दिँदै पार्टीको मुख्य उद्देश्यलाई बचाउनु मुख्य जिम्मेवारी ठानेर पार्टीको स्थापना गरिएको बताउनुभयो ।

निर्वाचन जनताको चेतनास्तर नाप्ने ब्यारोमिटर भएको र निर्वाचनमार्फत पार्टीको विचार, नीति, सिद्धान्तका साथै शासक दलहरूका विकृति र पुँजीवादी व्यवस्थाका खराबी जनताको बिचमा लिने सुनौलो अवसर भएको बताउनुभयो । यो




निर्वाचन देश जोगाउने र देशलाई सिक्किमीकरण गर्नेहरूका बिचको लडाइँ भएको हुँदा देश जोगाउन नेमकिपालाई मतदान गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा पार्टी जिल्ला समिति कालीकोटका अध्यक्ष खड्गराज शाहीले नेमकिपालाई विजयी गराएको खण्डमा हाम्रा प्रतिनिधिले पार्टीको घोषणापत्रको अधीनमा रहेर जनताको सेवामा समर्पित रहने बताउनुभयो । नेपाल मजदुर किसान पार्टीको स्वार्थ देश र जनताको सेवाबाहेक बरु केही नरहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा पार्टी जिल्ला समिति सचिव धनञ्जय अधिकारी, शुभकालीका गापा वडा नं. ३ का वडाध्यक्ष प्रकाशबहादुर शाही, निर्वाचन परिचालन समितिका संयोजक खडानन्द अधिकारी र कृष्णप्रसाद अधिकारीले पनि बोल्नुभएको थियो ।

## नेमकिपा प्रखर प्रतिपक्षमै रहने

बुटवल । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा माघ १७ गते भैरहवामा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी रुपन्देहीका अध्यक्ष हरिसुन्दर बासीले २०३१ साल माघ १० गते पार्टी स्थापना भएदेखि नेमकिपाले व्यापक कामदार जनतालाई सचेत र सङ्गठित पार्ने काम गरिरहेको बताउनुभयो ।

चर्को चर्को बोलेर जनतालाई आकर्षित गर्ने र आश्वासनलाई आलोचनात्मक रूपमा विचार नगरी कुद्ने असचेत जनताको कारण नेपाल र नेपाली जनताले दु:ख पाइरहेको चर्चा गर्दै अध्यक्ष बासीले कामदारवर्गको नेतृत्वमा सरकार हुने जनताको प्रजातन्त्र स्थापना गर्न नसकेसम्म नेपाली जनताले दु:खबाट मुक्ति नपाउने स्पष्ट पार्नुभयो ।

नयाँ र पुराना शासक दलहरूले आ-आफू प्रधानमन्त्री बन्ने दाबी गरिरहेको बेला नेमकिपाले पहिलाजस्तै प्रखर प्रतिपक्षमा बसेर देश र जनताको सेवा गर्ने उद्घोष गर्दा नेपाली राजनीतिक डबलीमा तरङ्ग उत्पन्न भएको उल्लेख गर्दै उहाँले जनतालाई झुक्याएर धेरै दिन शासन गर्न सक्दैन भन्नुभयो ।

नेक्रायुसङ्घका केन्द्रीय सदस्य एवम् रुपन्देही क्षेत्र नं. १ का उम्मेदवार हिमलाल पाण्डे, नेक्राविसङ्घका पूर्वकेन्द्रीय सदस्य एवम् रुपन्देही क्षेत्र नं. ३ का उम्मेदवार सुग्रीम चाई, नेक्रामसङ्घका रुपन्देही अध्यक्ष सुशीला पौडेल र कला ज्ञामीलगायतले नेमकिपाको विधानबारेमा चर्चा गर्नुभयो ।

## पार्टी कामदार जनतालाई सचेत र सङ्गठित पार्दै

दैलेख । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनी वडा नं ३ समितिको आयोजनामा नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा बिन्द्रासैनी नगरपालिकाको हाडाकोटमा कार्यकर्ता भेला भयो ।

उक्त भेलामा नेमकिपाका केन्द्रीय सदस्य तथा दैलेख क्षेत्र नं. २ का उम्मेदवार बखत थापाले कामदारवर्गका जनता राजनैतिक हिसाबले सचेत र सङ्गठित हुनुपर्ने आवश्यकता औँल्याउँदै सचेत र सङ्गठित जनताले मात्र देशको परिवर्तन गर्नसक्छ भन्नुभयो । देशको विकास गर्न देशलाई आत्मनिर्भर बनाउनुपर्ने चर्चा गर्दै उहाँले समाजवादी व्यवस्था स्थापना गर्न लाग्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेश समिति सदस्य नीरकबहादुर शाहीले तल्लो वर्गका जनताको राज्य स्थापना गर्न नेमकिपाको स्थापना भएको चर्चा गर्दै पुँजीवादी व्यवस्थामा गरिबको निम्ति न्याय आकाशको फलजस्तै हुनेछ भन्नुभयो ।

कम्युनिस्ट दर्शन अध्ययन गरी जनतासामु जानुपर्ने उल्लेख गर्दै उहाँले नेपाली जनता भ्रममा पर्न हुँदैन भन्नुभयो ।

नेमकिपा चामुण्डा बिन्द्रासैनी नगर समितिका अध्यक्ष दीपक शाहीले नेमकिपाले योग्यताअनुसार काम र कामअनुसारको ज्यालाको बन्दोबस्त गर्न आवाज उठाइरहेको चर्चा गर्दै स्वदेशमै रोजगारीको व्यवस्था गर्नुपर्छ भन्नुभयो ।

भेलामा चामुण्डा बिन्द्रासैनी नगरपालिका वडा नं. ३ का निर्वाचित वडाध्यक्ष दीपबहादुर शाही, निर्वाचित सदस्य कल्पना थापा मगरले पनि स्थापना दिवसको विषयमा आ-आफ्नो धारणा राख्नुभएको थियो ।

भेला नेमकिपा वडा नं. ३ का वडा समिति अध्यक्ष मनबहादुर विकको अध्यक्षतामा भएको थियो ।

त्यसैगरी नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवस नेमकिपा दैलेख जिल्ला समितिको आयोजनामा डुङ्गेश्वर गाउँपालिकाको डुङ्गेश्वर बजारमा सम्पन्न भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरुङले नेमकिपाले लिएको उद्देश्य देश र जनताको पक्षमा रहेको उल्लेख गर्दै ठुला दलका नेताहरूले सरकारको नेतृत्व गरे पनि किसान मजदुरको समस्या पूरा भएको छैन भन्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य उदयजङ शाहीले नेमकिपा स्थापनाको आधारबारे चर्चा गर्दै नेपालको कम्युनिस्ट सिद्धान्तलाई आफूअनुरूप बनाएर कम्युनिस्ट आन्दोलन समाप्त पार्न खोजेको बेला नेमकिपा स्थापना भएको हो भन्नुभयो ।

नेमकिपा दैलेखको १५ औँ जिल्ला सम्मेलन तयारी समितिका संयोजक जगत वलीले तत्कालीन कम्युनिस्ट पार्टीभित्र देखिएको खोटा विचारको खण्डन गर्दै नेमकिपा स्थापना भएको हो भन्नुभयो ।

कानुन अध्ययन समाज नेपालका शिवराज दाहालले कामदार जनताको पक्षमा बोलेको पार्टी हो भन्नुभयो । शिक्षा र स्वास्थ्य तल्लो वर्गको पहुँचसम्म पुग्न नसकेको र सरकारले गरिब किसानलाई वास्ता नगरी हुने खाने वर्गलाई पहुँचमा राखेको कुरा पनि उहाँले व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेक्राविसङ्घ २२ औँ दैलेख जिल्ला सम्मेलन तयारी समितिका सदस्य बुद्ध रेग्मीले पनि बोल्नुभएको थियो ।

## जनभावनानुसार काम नहुँदा र ाजनीतिप्रति युवा वितृष्णा

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा भनपा ६ को आयोजनामा कार्यकर्ता भेला भयो ।

भेलामा नेमकिपाका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले सरकारमा गएका पार्टीहरूले जनताको भावनाअनुसार काम नगरेकाले युवा वर्गमा राजनैतिक वितृष्णा भएको र प्रतिक्रियावादीहरूको चलखेल बढेको बताउनुभयो ।

उहाँले नेपालमा अमेरिकी साम्राज्यवादले चीन र भारतलाई आफ्नो अनुकूल बनाउन र प्राकृतिक स्रोत र साधन कब्जा गर्न युवाहरूको भावनालाई उपयोग गरी राजनीतिक अस्थिरता ल्याउने गतिविधि बढाइरहेको बताउनुभयो ।

नेमकिपा नगर समितिका उपाध्यक्ष लक्ष्मीभक्त लासिवाले नेमकिपा स्थापनाको सैद्धान्तिक आधारहरूबारे बताउँदै पार्टीको उद्देश्य देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने हो भन्नुभयो ।

कार्यक्रममा सिद्धिराम अवाल र गणेश श्रेष्ठले पनि बोल्नुभएको थियो ।

## किसानहरू सचेत र सङ्गठित हुनुपर्ने

सुर्खेत । नेपाल क्रान्तिकारी किसान सङ्घ लेकबेसी नगर समितिको आयोजनामा माघ १७ गते पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेक्राकिसङ्घका केन्द्रीय सदस्य प्रेम थापाले सरकारमा गएका शासक दलहरूले किसानहरूको हक अधिकार सुनिश्चित नगरेकाले नेमकिपाले सदन र सडकमा बुलन्द आवाज उठाउँदै आएको तर्क राख्नुभयो । नेक्राकिसङ्घका गजबहादुर दर्लामीले सबै किसानहरू सचेत भई नेमकिपामा सङ्गठित भई लाग्नुपर्ने कुरा राख्नुभयो । देवबहादुर घर्तीको अध्यक्षतामा भएको कार्यक्रममा मानसिंहले पनि बोल्नुभएको थियो ।

# पुँजीवादी व्यवस्थामा गरिब जनताको चासो नहुने




चितवन । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति चितवनको आयोजनामा माघ १३ गते कोराकमा कार्यकर्ता भेला तथा प्रशिक्षणात्मक कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य सुनिल प्रजापतिले राजनीतिक व्यवस्था परिवर्तन भए पनि जनताको जीवनस्तर नउठेको प्रसङ्ग उल्लेख गर्दै पुँजीवादी व्यवस्थामा गरिब या शोषित पीडित जनताको पक्षमा खासै चासो राख्दैन भन्नुभयो ।

देशलाई खरानी बनाउने व्यक्तिहरू निर्वाचनमा क्रियाशील भइरहेको उल्लेख गर्दै उहाँले वैदेसिक रोजगारीको नाउँमा नेपालीलाई विदेश पठाएर विदेशी दास बनाउन सरकारले बाध्य पारिरहेको औँल्याउनुभयो ।

उहाँले भन्नुभयो, "कम्युनिस्टहरूले उत्पादनका मुख्य मुख्य साधनहरू राष्ट्रियकरण गर्न जोड दिन्छन् । दल सिद्धान्त र विचारअनुसार चल्नुपर्छ । दक्षिणपन्थी अवसरवाद र वामपन्थी अवसरवादको विरोध गर्नुपर्छ । देशघाती र जनघाती विधेयकको विरोध गर्नुपर्छ ।"

चितवन क्षेत्र नम्बर १ का उम्मेदवार अर्जुन प्रजाले काम गरी खाने वर्गलाई शासकवर्गमा पुऱ्याएर गरिब जनताको निम्ति आवाज उठाउने पार्टी नेमकिपा रहेको विचार व्यक्त गर्नुभयो ।

"नेमकिपालाई भोट दिनु भनेको सार्वभौमसत्ता रक्षा गर्नको लागि हो, शोषणरहित समाज स्थापनाको पक्षमा हो; सीमा अतिक्रमणको विरोध गर्न हो ।" उहाँले भन्नुभयो ।

नेमकिपा रत्ननगर समितिका विष्णु शर्माले संयुक्त राज्य अमेरिकाले विश्वमा आतङ्क मच्चाएर असुरक्षित बनाइरहेको चर्चा गर्दै जनताको सांस्कृतिक स्तर उठाउन, नैतिकवान्, चरित्रवान् र देशभक्त बनाउन सचेत पारिरहेको बताउनुभयो ।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय कोषाध्यक्ष रोशनमैयाँ सुवालले महिलाहरू राजनीतिक, सामाजिक, सांस्कृतिक र वैचारिक रूपमा सक्रिय भएमा देश अघि बढ्ने विश्वास व्यक्त गर्दै नेमकिपाले प्रतिक्रियावादीभन्दा प्रतिक्रियावादी सङ्घ सांस्थाभित्र पसेर जनताको सेवा गर्न निर्वाचनमा भाग लिइरहेको बताउनुभयो ।

नेमकिपा जिल्ला समिति चितवनका अध्यक्ष हरिप्रसाद दुवालको सभापतित्वमा भएको सो प्रशिक्षणात्मक कार्यक्रममा उहाँले मजदुर किसानका छोराछोरीलाई राजनीतिक रूपमा सचेत पारिरहेको बताउनुभयो भने नेक्राविसङ्घका प्रकाश चेपाङले काम गरी खाने वर्गको पक्षमा नेमकिपा सङ्घर्षरत छ भन्नुभयो । कार्यक्रममा ज्ञानेन्द्र चेपाङले पनि बोल्नुभएको थियो ।

# निर्वाचनमा शासकहरूको अकर्मण्यता उदाङ्ग्याउनुपर्ने




दैलेख । नेपाल क्रान्तिकारी युवा सङ्घ दैलेखको जिल्लास्तरीय भेला दुल्लू नगरपालिका वडा नं. ८ धुलेश्वरमा माघ १६ गते भेला भयो ।

भेलामा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले कामदार जनताको शासन समाजवाद नआएसम्म गरिब जनताको हित नहुने बताउनुभयो । उहाँले जनता सचेत बनाउने काममा हरेक पार्टी कार्यकर्ताको योगदान हुने उल्लेख गर्दै शासक दलको अकर्मण्यताले जनताले दु:ख पाएको हुँदा निर्वाचनमा ती दलहरूलाई नङ्ग्याउनुपर्ने बताउनुभयो ।

अर्का केन्द्रीय सदस्य केसेन्द्रप्रकाश कार्कीले नेमकिपा वर्गीय राजनीतिक पार्टी भएकोले कामदारवर्गको हितमा काम गर्ने विचार व्यक्त गर्दै जनतालाई समाजवादी व्यवस्थाबारे बुझाउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

पार्टीका केन्द्रीय सदस्य एवम् प्रतिनिधिसभा क्षेत्र नं. २ का उम्मेदवार बखतबहादुर थापाले विश्वका हरेक क्रान्तिबारे जानकारी दिँदै पार्टी कार्यकर्ताले जनताको बिचमा जानुपर्ने बताउनुभयो ।

नेमकिपा जिल्ला समिति दैलेखका अध्यक्ष एवम् प्रतिनिधिसभा क्षेत्र नं. १ का उम्मेदवार जगतबहादुर ओलीले राजनीतिलाई व्यापारीकरण गर्नेहरूदेखि सावधान हुन आग्रह गर्नुभयो ।

नेमकिपा कर्णाली प्रदेश समिति सदस्य नीरकबहादुर शाही, नेमकिपा जिल्ला सदस्य एवम् समानुपातिक उम्मेदवार सौरे कामी, नेक्राकिसङ्घ जिल्ला अध्यक्ष खड्गबहादुर कठायत, कानुन अध्ययन समाजका केन्द्रीय उपाध्यक्ष शिवराज दाहाल, पार्टीका पुराना कार्यकर्ता एवम् दुल्लू नगर समिति सदस्य पद्मबहादुर बुढा, नेक्राविसङ्घ जिल्ला अध्यक्ष खेमराज दाहाल, लक्ष्मीकुमार विक र मदनकुमार भण्डारीले पनि बोल्नुभएको थियो । भेलाले केशव खड्काको अध्यक्षतामा १३ सदस्यीय नेक्रायुसङ्घ जिल्ला समिति गठन गरेको छ ।

# युवा, विद्यार्थी तथा खेलाडी भेला




भक्तपुर, १७ माघ । नेपाल मजदुर किसान पार्टी भक्तपुर नगर समितिको आयोजनामा शनिबार युवा, विद्यार्थी तथा खेलाडी भेला सम्पन्न भयो ।

नेमकिपाका केन्द्रीय सदस्य सुरेन्द्रराज गोसाईले ठुला राजनीतिक दलका केन्द्रीय सदस्यहरू विदेशीको पैसा खाएर विदेशीको हितको लागि काम गरिरहेको बताउनुभयो ।

उहाँले शासक दलहरूले दरबारको गुप्तचरमा मान्छे पठाउने काम गरेको बताउँदै प्यालेस्टिनमा अमेरिकाले आक्रमण गर्दा ८० प्रतिशत क्षति भए तापनि आत्मसमर्पण नगरी देशभक्ति प्रदर्शन गरेको चर्चा गर्नुभयो ।

अमेरिकाले हतियारको व्यापार गरे तापनि सफल नभएको चर्चा गर्दै अमेरिका बलियो बनाउन राष्ट्रपति ट्रमले विभिन्न देशहरूमाथि कब्जा गर्न आक्रमण गरिरहेको बताउनुभयो ।

उहाँले विदेशीको पुरस्कार र सम्मान राष्ट्रघाती हुने बताउँदै विदेशीको योजनाअनुसार जेन-जी आन्दोलन र मन्त्रीमण्डल बनेको बताउनुभयो ।

विदेशीको स्वार्थपूर्तिको लागि प्रतिनिधिसभामा हुने सदस्यलाई खबरदारी गर्न र आत्मनिर्भरतासहित देशको समृद्धिको लागि आवश्यक नीति नियम बनाउन नेमकिपाका प्रतिनिधिहरू अनिवार्य भएको बताउनुभयो ।

पार्टी नगर समितिका सदस्य विष्णुराम दुमरुको सभापतित्वमा भएको उक्त भेलामा उहाँले देशभक्तिको भावना राखी स्वयंसेवकहरू आफ्नो काम कर्तव्य गर्न जहिले पनि तयार रहनुपर्ने बताउनुभयो । युवा सङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाले युवाहरूले अन्याय अत्याचारको विरोध गर्नुपर्ने बताउनुभयो ।

# जनताको लडाकु भावनाले मात्र देश जोगिने




भक्तपुर । जनतामा लडाकु भावना जीवित भए देश जोगिने हुँदा नयाँ पुस्तालाई देशभक्ति भावनाले सुसज्जित गर्नुपर्दछ ।

उक्त विचार नेपाल मजदुर किसान पार्टी, मध्यपुर थिमि ८ वडा समिति, बोदेको आयोजनामा भएको नेमकिपाको ५२ औं स्थापना दिवसको अवसरमा आयोजित प्रवचन कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले व्यक्त गर्नुभएको हो ।

उहाँले नयाँ पुस्तालाई राजनीतिक र वर्गीय भावना जगाउँदै विदेशीको षड्यन्त्रबाट देश जोगाउनु आवश्यक रहेको विचार राख्नुभयो ।

उहाँले अज्ञानताको पछाडि दौडिनु पनि अन्धविश्वास भएको हुँदा तथ्य कुरा बुझी सचेतताका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । धैर्यवान भएर सक्रियताका साथ अगाडि बढे जस्तोसुकै समस्या पनि समाधान हुने कुरा उहाँले औँल्याउनुभयो ।

नेमकिपाबाट भक्तपुर क्षेत्र नं २ का उम्मेदवार रमेश वैद्यले देशमा व्याप्त भ्रष्टाचार र वैदेशिक हस्तक्षेपको विरुद्ध जनतालाई सुसूचित गर्न जनताका सही उम्मेदवारलाई जिताउन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो । नेमकिपाले शिक्षालाई उत्पादन श्रमसँग जोड्न, नयाँ पुस्तालाई प्रविधिको व्यवहारिक कार्यसँग साक्षात्कार गराई रोजगारी सिर्जना गर्न, व्यापार घाटा अन्त्य गरी आर्थिक रूपमा देशलाई आत्मनिर्भर बनाउन सशक्त आवाज उठाउने विचार उहाँले राख्नुभयो ।

कार्यक्रममा प्राध्यापक समाज, नेपालका उपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले नेमकिपाले आसन्न संसदीय निर्वाचनलाई अमेरिकी साम्राज्यवादी षड्यन्त्र र आक्रमणको विरुद्धमा सुसूचित गर्ने अभियानको रूपमा उपयोग गर्ने कुरा प्रस्ट्याउनुभयो ।

नेमकिपाबाट समानुपातिक उम्मेदवार दीक्षा बाडेले जनताका असल नेमकिपाका उम्मेदवारहरूलाई अत्यधिक मतले विजयी गराउन अनुरोध गर्नुभयो ।

कार्यक्रम नेमकिपा, मथिनपा ८ बोदे एकाइ समितिका अध्यक्ष सुरेन्द्र थाकोको अध्यक्षतामा भएको थियो । कार्यक्रममा रुकेश कर्माचार्यले पनि बोल्नुभएको थियो ।

# घोडाबासमा चुनावी अवस्थाबारे छलफल

दैलेख । नेपाल मजदुर किसान पार्टी गुराँस गाउँपालिका दैलेखको आयोजनामा घोडाबासमा 'राज्यको शासन व्यवस्था र चुनावी अवस्था' विषयक अन्तरक्रिया कार्यक्रम भयो ।

उक्त कार्यक्रममा कर्णाली प्रदेश सदस्य उदयजङ शाहीले पुरानो होस् या नयाँ पुँजीवादी र नक्कली कम्युनिस्ट पार्टीले बहुमत जनताको सेवा नगर्ने विचार व्यक्त गर्नुभयो ।

सिद्धान्तहीन र उद्देश्यहीन कुनै पनि राजनीतिक दलले देश र जनताको निम्ति सही मार्ग निर्देश गर्न नसक्ने विचार व्यक्त गर्दै उहाँले अहिलेको आवश्यकता देश जोगाउने र बनाउने हो भन्नुभयो ।

नेमकिपा दैलेख जिल्ला समितिका अध्यक्ष एवं प्रतिनिधिसभाका उम्मेदवार जगत वलीले अहिले हुन लागेको निर्वाचन स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण हुनुपर्ने आवश्यकता औँल्याउँदै जनताले सही राजनीतिक दल र सच्चा उम्मेदवार छान्नुपर्ने बेला आएको छ भन्नुभयो ।

कार्यक्रममा बिन्दुलाल रेग्मीले सिद्धान्तविनाको राजनीति कम्पासबिनाको यात्रीजस्तै हुने बताउनुभयो । कार्यक्रममा सीता शाही, दानबहादुर गुरुङ, हस्तबहादुर घले गुरुङले पनि बोल्नुभएको थियो ।

# नेता लेनिनको 'समाजवाद र युद्ध'बारे सङ्क्षिप्त चर्चा

✍ समा

नेता लेनिनले आजभन्दा १११ वर्षअघि अर्थात् सन् १९१५ मा लेख्नुभएको पुस्तक "समाजवाद र युद्ध" को अध्ययन यो शताब्दीका लागि पनि सान्दर्भिक र उपयोगी महसुस हुन्छ। आज झन् संरा अमेरिकी युद्ध आतङ्क सर्वत्र छ। युरोप, ल्याटिन अमेरिका, अफ्रिका र एसियाका स-साना देशहरूमाथि साम्राज्यवादी कब्जाको धम्की यथावत् छ। रुस-युक्रेन युद्ध, प्यालेस्टिनमा युद्ध हुँदै भेनेजुयलामाथिको पछिल्लो आक्रमण अर्थात् राष्ट्रपति मादुरो दम्पतीको आपराधिक अपहरण साम्राज्यवादी आतङ्कका पछिल्ला दृष्टान्त हुन्। आज संरा अमेरिकी प्रशासन डेनमार्कको ग्रिनल्याण्ड कब्जाको धम्की दिइरहेछ। त्यतिमात्र होइन उसले इरान, क्युवा, कोलम्बिया र मेक्सिकोलगायतका देशमाथि हमलाको धम्की दिइरहेछ। ट्रम्प प्रशासनले पछिल्लो समय यूएन अर्थात् संयुक्तराष्ट्र सङ्घको नियम उलङ्घनमात्र गरेको छैन सङ्घको अस्तित्वसमेत मानेको देखिन्न। गाजामा पुन:निर्माणको लागि संरा अमेरिकी मोडल या 'बोर्ड अफ पिस' को आह्वानले ट्रम्पको नियत थाहा मिल्छ। यो घटनाले सन् १९३३ मा हिटलरले जर्मनीलाई 'लिग अफ नेसनस्' बाट हटाएको स्मरण हुन्छ। त्यसपछिको ५–६ वर्षमा दोस्रो विश्व युद्ध भएको थियो।

अहिले ट्रम्प विश्व व्यवस्थामा संरा अमेरिकी वर्चस्वको निम्ति विभिन्न युद्ध या हाइब्रिड युद्ध गरिरहेको बुझ्न गाह्रो छैन। विश्वमा संरा अमेरिकी आर्थिक प्रभुत्व कमजोर हुँदै छ, डलर उपनिवेश कमजोर हुँदै छ। समग्रमा साम्राज्यवादविरोधी सङ्घर्ष बलियो हुँदै छ। यसकारण, पनि संरा अमेरिकाले युद्ध या हमला जारी राख्ने निश्चित छ।

मध्यपूर्व, ल्याटिन अमेरिका पछि एसियामा युद्ध थोप्ने मनसाय संरा अमेरिकाको हो भन्दा फरक नपर्ला। हिन्द प्रशान्त रणनीति, क्वाड, अउकस, पाँच–आँखालगायतका अमेरिकी सैन्य परियोजनाहरू एसियालाई घेर्ने अभिप्रायबमोजिम अघि सारिएका हुन्। नेपालको सन्दर्भमा एमसीसीमार्फत हिन्दप्रशान्त सैन्य रणनीति र एसपीपी कार्यक्रममा नेपाललाई फसाइएको देखिन्छ। नेपाली समाजको अहिलेको चासो यो हुनुपर्दछ। विश्वमा संरा अमेरिकी नीति र पिछलग्गु देशहरूको गठबन्धनले साम्राज्यवादी युद्धको खतरा बढ्दो छ। तर साम्राज्यवादविरोधी सङ्घर्ष र समाजवादी आन्दोलन पनि उत्तिकै बलियो बन्दै छ। यो सकारात्मक पाटो हो। लेनिनको यो पुस्तकले इतिहासको यही यथार्थ उजिल्याउँछ र आजको युगलाई बाटो देखाउँछ।

इतिहासदेखि आजसम्मका युद्धहरूको समीक्षा कसरी गर्ने ? युद्धबारे साम्राज्यवादी या पुँजीवादी शक्तिहरूको धराणा र समाजवादीहरूको विचारमा के भिन्नता छ ? यी र यस्ता प्रश्नहरू हिजोको शताब्दीमा जस्तै आजको शताब्दीमा पनि महत्त्वपूर्ण छन्। "समाजवाद र युद्ध" बारे लेनिनको दृष्टिकोणबाट यो युगमा संरा अमेरिका र चीनको अन्तर्राष्ट्रिय व्यवहार, क्यूवा, प्रजगकोरियाको विचार र नीति तुलनात्मक अध्ययन फलदायी हुन्छ।

हिजो बेलायतले उपनिवेशको निम्ति के गर्यो र आज संरा अमेरिका के गर्दै छ ? हिजो जर्मनीले अन्य देशहरूमाथि युद्ध थोप्न के षडयन्त्र गर्यो र आज संरा अमेरिका के गर्दै छ ? हिजो जारकालीन रुसले जर्मन र बेलायतलाई कसरी र किन सघायो र आजको जापान, अष्ट्रेलियालगायत विकसित देशहरू संरा अमेरिकाको पक्षमा किन छन् ? यो तुलनात्मक अध्ययनका लागि यो पुस्तक निकै निकै उपयोगी छ, पठनीय छ।


सन् १९१४-१९१५ को समाजवाद र युद्धका सिद्धान्तहरूबाट नेता लेनिनले आफ्नो विचार अघि सार्नुभएको छ पुस्तकममा। समाजवादीहरू कुनै पनि देशमाथि बर्बर, हिंसात्मक, ध्वंसात्मक युद्धको सदैव विरुद्ध उभिन्छन्। युद्धबारे समाजवादी या कम्युनिस्टहरूको धारणा बुर्जुवा अर्थात् पुँजीपतिहरूको विचारभन्दा बिल्कुल फरक हुन्छ। समाजवादीहरू बुर्जुवा शान्तिवादीहरू (एउटा गालामा कसैले हान्यो भने अर्को गाला थाप्ने) र अराजकतावादीहरू (तात्तै खाउँ जल्दै मरौं भन्ने) यी दुवै अतिवादीहरूभन्दा फरक धारणा राख्छन्।

युद्ध र देशभित्रकै वर्गसङ्घर्ष एक अर्कासँग स्वाभाविक रूपमा सम्बन्धित हुन्छ। लेनिन लेख्नुहुन्छ –"वर्गहरू समाप्त नभएसम्म र समाजवाद स्थापना नभएसम्म युद्ध समाप्त हुँदैन।" उहाँले जिकिर गर्नुभएको युद्ध, देशैभित्रको युद्ध हो, त्यो भन्नाले शोषित पीडित जनताले शोषकविरुद्ध गर्ने युद्ध, दास मालिकविरुद्ध दासहरूले गर्ने विद्रोह, जमिन्दार या सामन्तहरूविरुद्ध भूदास या किसानहरूले गर्ने सङ्घर्ष, पुँजीपतिविरुद्ध मजदुरहरूका युद्ध हुन्। वर्गीय समाजमा वर्गसङ्घर्षले मात्र प्रगतिशील समाजको ढोका खुल्छ त्यसकारण सङ्घर्ष आवश्यक हुन्छ। यी सङ्घर्षहरूलाई पनि अति शान्तिवादीहरू मान्दैनन्। हरेक युगमा वर्गबीचको सङ्घर्षको लागि निश्चित समय आवश्यक हुने तथ्य अराजकतावादीहरू स्विकार्दैनन्। यी दुबै अतिवादीहरू भन्दा फरक समाजवादी या कम्युनिस्टहरू युद्धहरूको ऐतिहासिक विश्लेषण गर्छन्। मार्क्सको द्वन्द्वात्मक भौतिकवादको कसीमा घोटेर अध्ययन गर्छन्। इतिहासमा निरङ्कुशता, शोषण र दासता विरुद्धका हरएक युद्ध या सङ्घर्षहरू न्यायोचित र प्रगतीशिल थिए। तर ती सङ्घर्षहरू कहाँ टुङ्गिए भन्ने प्रश्न पनि उत्तिकै अहम् बन्यो।

उदाहरणका लागि महान् फ्रान्सेली क्रान्तिले मानव इतिहासमा युगान्तकारी प्रभाव छोड्यो। त्यो समयदेखि पेरिस कम्युनसम्म अर्थात् सन् १९८९ देखि १८७१ सम्म भएका युद्धहरू बुर्जुवा प्रगतिवादी चरित्र या विशेषताबाट प्रभावित बनेको समीक्षा छ। ती युद्धहरू राष्ट्रिय स्वतन्त्रताको मूल्यमा लडिए। निरङ्कुशता र सामन्तवादी युग फाल्ने सवालमा क्रान्तिकारी प्रजातन्त्रवादी, समाजवादी र बुर्जुवाहरू पनि एकै ठाउँमा आएका थिए। युरोपमा सामन्तवादविरुद्ध युद्धको उभार उठेको थियो। ती युद्धहरू पुँजिवादी सङ्घर्ष कहलिए। अर्कोतिर फ्रान्सको प्रसियन युद्धमा जर्मनीले फ्रान्समाथि लुट मचायो तर दशौं लाख जर्मन जनतालाई दासताबाट मुक्त गर्यो साथै रुसी जनता जार र नेपोलियन तेस्रोबाट मुक्ती युद्धमा जुटे। यसको अर्थ रुसमाथि जर्मनीको युद्ध ठिक थियो भन्ने होइन। देशभित्र हुने युद्ध र शक्तिशाली देशले कमजोर देशमाथि छेड्ने युद्ध बिल्कुल फरक हुन्छ। त्यसैगरी युद्धमा आक्रामकता र प्रतिरोध दुई फरक पाटाहरू हुन्। सन् १७८९-१८७१ सम्म समाजवादका लागि सर्वहारा वर्गीय आन्दोलन विकास भइसकेको थिएन। त्यसकारण, समाजवादीहरू प्रतिरोध युद्धहरूमा मिसिन्थे। क्रान्ति मध्ययुगीन र दासत्वको समयविरुद्ध केन्द्रित हुनुपर्ने विचार राख्थे। मातृभूमिको रक्षाका लागि प्रतीकारात्मक युद्धहरू वैध, प्रगतिशील र न्यायसङ्गत हुन्छ भन्ने विश्वास गर्थे।

तर, महा शक्ति राष्ट्रहरू कमजोरलाई दबाउन र लुट्न युद्धको तानाबाना बुन्छन् भन्ने सत्य भने ज्ञात थियो। "मातृभूमिको लागि प्रतीकारात्मक लडाइँ" को नारा दिँदै साम्राज्यवादी र बुर्जुवाहरू दासमालिकको पक्षमा दासत्व जोगाउन युद्धहरू गर्न थालेपछि समाजवादीहरू त्यसको विरोधमा उत्रिए।

आधुनिक युगमा युद्ध भनेकै साम्राज्यवादी युद्ध हो। जस्तै व्याख्या गरे पनि कमजोरमाथि बलिया अर्थात् विकासशील देश या महादेशमाथि




साम्राज्यवादी या उपनिवेशवादी देशको हमला अन्यायपूर्ण हुन्छ। बुर्जुवा र साम्राज्यवादीका निम्ति ती युद्धहरू प्रगतिशील लाग्नु स्वाभाविक हो, आफ्नो शासन टिकाइराख्न, पुँजीवादलाई बलियो बनाउन युद्ध गर्छन्। साम्राज्यवाद त अझ पुँजीवादको माथिल्लो अवस्था हो। पुँजीवादी देशहरूभित्र भएका सामन्तवादी लडाइँहरूपछि अब ठुलो देशले सानो देशलाई खाने या तखतमा राख्ने युद्धको सुरुआत २० औं शताब्दीबाट तिब्र बन्यो। १९ औं शताब्दीसम्म उपनिवेशवादी शक्ति हावी थियो।

पुँजीवादको विकास उद्योगहरूको केन्द्रीयकरण र सिन्डिकेट, ट्रष्ट, पुँजीपति अरबपतिहरूमार्फत पुँजीको सञ्चयबाट भएको हो। पुँजीवादी देशहरू दुई किसिमबाट विकास भए - एउटा पुँजीको मालिक "Lord of Capital" बनेर, ( त्यसको निम्ति औपनिवेशिक नीति पनि लिइयो) अर्को, वित्तीय या आर्थिक शोषणबाट पुँजी सञ्चय गरेर। २० औं शताब्दीको सुरुआतितिरैबाट अमेरिका अन्य देशमाथि वित्तीय शोषणबाट आफ्नो साम्राज्य निर्माणमा अगाडि बढेको तथ्य बुझ्न लेनिनको पुस्तकले सघाउँछ।

पुँजीवादको साम्राज्यवादी चरणसम्म आइपुग्दा अन्य देशमाथिको दमन उत्कर्षमा पुगिसकेको थियो। प्रगतिवादी पुँजीपति भन्नेहरू प्रतिक्रियावादी शक्तिमा बदलिइसकेको अवस्था थियो। स-साना पुँजीवादी देशहरूमध्ये केही शक्तिराष्ट्रको त्रासमा परे भने कति पिछलग्गु बने। त्यसपछि विश्व दुई भागमा विभक्त बन्यो, संसारमा लुट मच्चाउन सक्रिय शक्ति राष्ट्र अर्थात् साम्राज्यवादी देशहरू र तिनका पिछलग्गु देशहरू एकातिर भने स–साना शोषणमा परेका देशहरू अर्कोतिर। सन् १८७८ देखि १९१४ सम्ममा 'महाशक्ति' 'Great Powers' ले २ करोड ५० लाख स्क्वायर किलोमिटर हडप्यो। त्यो भनेको तत्कालीन दुई र आधा युरोप हो। ६ वटा शक्तिहरूले ५२ करोड ३० लाख जनतामाथि उपनिवेश खडा गऱ्यो। तिनीहरूले उपनिवेश आगो र तरबारबाट जिते। उपनिवेशका जनतामाथि बर्बर र क्रुरतापूर्वक शोषण गरे। तिनले हजारौं तरिकाबाट दमन गरे।

त्यो अत्याचारविरुद्ध स्वतन्त्रता युद्धहरू अगाडि बढे। उपनिवेशबाट स्वतन्त्रताको माग या सङ्घर्ष युद्धहरूले देशको भाग्य निर्धारण गर्ने समय थियो त्यो। अचानक जर्मनीबाट बेल्जियम स्वतन्त्र गर्ने भन्दै युद्ध गरियो। तर कालान्तरमा त्यो जर्मनीको षड्यन्त्र साबित भयो, अन्य देशमाथिको लुट र शोषण कायम राख्ने चाल प्रमाणित भयो। वास्तविक स्वतन्त्रता युद्ध दबाउने कुटील प्रयत्न साबित भयो। त्यो समयमा समाजवादीहरूले जनतालाई सचेत बनाउने कार्य थाले।

तत्कालीन ब्रिटेन र फ्रान्स, जर्मनी र इटाली, अस्ट्रिया र रुसले त उपनिवेशहरूलाई लुट्ने, साना देशहरू दबाउने र सबैभन्दा बढी कामदार वर्गीय आन्दोलनहरू दबाउने नीति लिएका थिए। राष्ट्रिय स्वतन्त्रता "NationalLiberation" को नारा दिँदै ठुला शक्तिहरू आफ्नो देशका जनतालाई झुक्याउँदै, समाजवादीलाई झुक्याउने काममा जर्मनीको नेतृत्व थियो। बेल्जियमको सवाल समाजवादीहरूका निम्ति ललिपप थियो। तर, जर्मनीलगायत महाशक्तिहरूमा तुरुन्तै ब्रिटेन हाबी देखियो। त्यतिमात्र होइन रुस ग्यालेसिया र टर्की र फ्रान्स अल्सायक लोरेन्सतिर आफ्नो ध्यान केन्द्रित गर्दै थिए। इटाली बुल्गेरिया र रुमानियाको मोलमोलाइ गर्दै थियो। "मातृभूमि अर्थात् पितृभूमिको प्रतिकार" भन्ने पुँजीवादी देशहरूको नारा पाखण्ड प्रमाणित भयो। सत्य के हो भने समाजवादले मात्र कुनै पनि देशलाई पूर्णरूपले स्वतन्त्र बनाउन सक्छ र जनतालाई आफ्नो पितृभूमिको सार्वभौमिकत्ता महसुस गराउन सकिन्छ भन्ने विचार नेता लेनिनको हो।

तत्कालीन रुसको सन्दर्भमा पनि साम्राज्यवादी चरित्र हुर्कँदै थियो। रुसी जारशाहीको पर्सिया, मञ्चुरिया र मङ्गोलिया माथिको सैन्य एवम् सामन्ती साम्राज्यवादी व्यवहार निकै दमनकारी थियो। जारशाहीले ग्यालेसिया हडप्यो। त्यतिले नपुगेर युक्रेनी जनताको स्वतन्त्रता हनन गर्यो। अर्मेनियालाई आफ्नो तखतमा ल्यायो। रुसको जारशाही त्यतिमा रोकिएन। दमनकारी जारतन्त्रविरुद्ध त्यसकारण पनि विरोध र विद्रोहहरू तीब्र ढङ्गबाट उठ्यो।

सामाजिक–अहङ्कार के हो ? ( Social Chauvinism) यसको विषयमा लेनिनले विभिन्न उदाहरणसहित गहन विवेचना गर्नुभएको छ। सामाजिक अहङ्कारवादले 'पितृभूमिको प्रतिकार' अवधारणाको प्रयोग गर्छ। युद्धको समयमा वर्गसङ्घर्षलाई कमजोर बनाउन सामाजिक अहङ्कारवादले भूमिका खेल्छ। वास्तवमा सर्वहारा आन्दोलनविरुद्ध नै सामाजिक अहङ्कारवादको बिजारोपण भयो। अन्य देशहरूलाई जित्न अर्थात् आफ्नो पितृभूमि जिताउन राष्ट्रिय भावना, राष्ट्रिय अहङ्कारको वकालत भयो। अध्ययनले भन्छ –"त्यही सामाजिक अहङ्कार जर्मनी र इटालीको राष्ट्रवाद अर्थात् अन्ध राष्ट्रवादको रूपमा हुर्कियो। अहिले तुलनात्मक अध्ययन गर्ने हो भने एसियामा भारतको वडाराष्ट्र अहङ्कारवाद र देशभित्रको राष्ट्रवाद त्यतिबेला लेनिनले व्याख्या गर्नुभएको सामाजिक अहङ्कारवादसँग मिल्दोजुल्दो छ। यसलाई फासीवादको रूप पनि भनिन्छ।

राष्ट्रवाद या सामाजिक अहङ्कारवादले भर्खर भर्खर उठ्दै गरेको समाजवादी आन्दोलनहरूमाथि बुट बजार्यो। त्यतिमात्र होइन बसेल अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनकै खिल्ली उडायो। बसेलको घोषणापत्र भन्छ - "अन्यायपूर्ण युद्धका पक्षमा कसैले वकालत गर्छन् भने ती पुँजीपति तानाशाहीहरू नाफा चाहन्छन् भन्ने बुझ्नुपर्छ।" संसारमै सर्वहारावर्गको क्रान्ति उठ्ने डरले पुँजीपतिहरू अन्यायपूर्ण युद्धहरूको डिजाइनमात्र होइन एक देशबाट अर्को देशमा युद्ध निर्यातसमेत गर्छन्। यतिबेला विश्वमा संरा अमेरिकी युद्ध सरदार विश्वमा युद्ध भड्काउन र निर्यात गर्न उद्दत देखिन्छ। नेता लेनिनका अनुसार संरा अमेरिकालाई सघाउने जो कोही ध्वंसात्मक र बर्बर युद्धका पक्षपाती ठहर हुन्छ।

पुँजीवादी व्यवस्थामा समयसमयमा आउने आर्थिक र राजनीतिक सङ्कटहरूको समयमा समाजवादीहरू पुन: जनतामाझ पुगेर पुँजीवादी बन्दोबस्त खत्तम पारी समाजवादी व्यवस्था स्थापनाका लागि तयारी गर्छन्। पुँजीवादका दुर्गुणहरूबारे जनता सचेत बनाउने र पुँजीवादी व्यवस्थाको शोषणबारे अवगत गराउने अनुकूल समयको खोजी समाजवादीहरू गरिरहन्छन्। एक समय जर्मन समाजवादीहरूले मार्क्स र एँगेल्सको विचार भन्दै संशोधनवाद, काउत्स्कीको विचारलाई आत्मसात गर्ने गल्ती गरेका थिए। मातृभूमिको सवालमा अहङ्कार ठीक हो भन्ने गल्ती गरेका थिए। मार्क्स र एँगेल्सले वास्तवमै अन्यायपूर्ण युद्धविरुद्ध आवाज दिनुभयो, सर्वहारा अन्तर्राष्ट्रवादको विचार अघि सार्नुभएको हो। सर्वहाराको कुनै देश हुँदैन भन्ने विचार दिनुभयो। त्यसैलाई प्रतिक्रियावादीहरूले तोडमोड गरी मार्क्सवादविरुद्ध प्रयोग गर्ने कोसिस गरे। अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा संशोधनवादी र प्रतिक्रियावादीहरूकै कारण दोस्रो अन्तर्राष्ट्रियको विघटन भयो, संसारमा अवसरवादको महारोग निम्त्यायो।

अवसरवाद कुनै पनि हालतमा मार्क्सवाद होइन। बरु अवसरवाद र सामाजिक अहङ्कारवाद एउटै सिक्काका दुई पाटाका रूपमा विकास भयो जसले साम्राज्यवादको वृद्धि विकासमा मद्दत पुऱ्यायो। लेनिनले मार्क्सवाद साम्राज्यवादविरुद्धको बलियो हतियार हो भन्ने पुष्टि गर्नुभयो। नेता लेनिनले पुस्तकमा काउत्स्कीवादको खण्डन गर्नुहुँदै क्रान्तिकारी सामाजिक प्रजातन्त्रको चर्चा गर्नुभयो। साथै रुसमा वर्ग र पार्टीहरूको विषयदेखि भूमिगत सङ्गठनको आवश्यकता र समाजवादी क्रान्तिको आवश्यकतासम्मलाई ऐतिहासिक पृष्ठभूमिमा व्याख्या गर्नुभयो। 'समाजवाद र युद्ध' नामको पम्पलेट लेनिनले पहिलो अन्तर्राष्ट्रिय समाजवादी सम्मेलनका निम्ति तयार गर्नुभएको थियो भने सन् १९१८ मा त्यो पुस्तक आकारमा प्रकाशित भयो।

## कविता

### जनआन्दोलन के हो ?

✍ माया

वीर शहीदहरूको जन्म हो
शहीदका सपना के हो ?
प्रजातन्त्र हो,
जनताका इच्छानुसार सेवा हो,
डमडम गोली छातीमा थाप्ने
आमाबुबाहरूको चित्कार हो,
यो आर्थिक समानता हो,
जीवन पद्धति हो,

प्रजातन्त्र
शोषक वर्गको पेवा होइन
जनआन्दोलन
मुठ्ठीभरको भऱ्याङ होइन
यो अग्रजहरूको कष्टसाध्य पीडा हो
आँसु र सुस्केरा हो
राता झन्डा फहराउने
समाजवादको आधार हो

*२०८२ माघ १९*

### देशलाई मगन्ते किन बनाउँछौ ?

● स्नेह

ए शासक दलहरू !
चुनावमा कति बाचा गर्छौ ?
घोषणापत्र कति लेख्छौ ?
पूरा कहिले किन गर्दैनौं ?
जनतालाई विश्वासघात कति गर्छौ ?
प्रधानमन्त्री भई मर्ने तिम्रो रहर हो ?
उपप्रधानमन्त्री र मन्त्री पनि रहर हो ?
देशलाई मगन्ते किन बनाउँछौ ?

विदेशमा राजदूतहरू के गर्छन् ?
के सचिव पनि विदेश घुम्नै जाने हो ?
खोइ विदेशबाट के सिक्यौ ?
झन्झन् देश पातालतिर किन ?
के सिंहदरबार भ्रष्टहरूको अखडा हो ?
विष नलाग्ने त्यो कमिसन कस्तो हो ?
के जागिरको भरमा
महल र गाडी जोडिएला ?

**२०८२ माघ १८**

# नयाँ पुस्तालाई सिद्धान्तनिष्ठ बनाउन जोड

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको स्थापना दिवसको अवसरमा भक्तपुर नगरपालिका वडा नं. १ र २ मा स्थानीय कार्यकर्ताहरूबिच छुट्टाछुट्टै मार्गनिर्देशन कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले महिलामाझ पनि सङ्गठन विस्तार गर्नुपर्ने आवश्यकता औँल्याउँदै सङ्गठनमा महिलाको सहभागिताले नै प्रजग कोरिया युद्धमा सफल भएको बताउनुभयो ।

नयाँ पुस्तालाई सिद्धान्त र विचारबाट सुसूचित गर्नुपर्नेमा जोड दिँदै उहाँले सिद्धान्त र विचारबिनाको राजनीति सफल नहुने बताउनुभयो ।

कुलतबाट जोगाउन युवाहरूलाई खेलकुदको क्षेत्रमा लगाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पार्टी कार्यकर्ताहरू हरेक क्षेत्रमा सक्रिय भएर समाज परिवर्तनको निम्ति अग्रसर हुनुपर्छ भन्नुभयो ।



विगतमा महिला रात्रिकक्षा, प्रौढ कक्षा, साहित्यिक गतिविधि, सफाइ अभियान, सांस्कृतिक तथा राजनीतिक सचेतना कार्यक्रम भएकै कारण उहाँले जनतामा राजनीतिक चेतना, नागरिक भावना र सांस्कृतिकस्तर उठेको हो भन्नुभयो ।

भारतले नेपाली भूमि सुस्ता मिचेको विरोधमा नेपालको भूमि जोगाउन आन्दोलन भएको स्मरण गराउँदै उहाँले देशभक्त, सच्चा कम्युनिस्टहरू कुनै पनि देशको थिचोमिचो, अतिक्रमण र दबाब सहँदैनन् बरु स्वाधीनता र सार्वभौमसत्ताको निम्ति सङ्घर्ष गर्छन् भन्नुभयो ।

आयोजक समिति वडा नं. १ का अध्यक्ष कृष्णबहादुर दुगुजुको सभापतित्वमा भएको सो कार्यक्रममा स्थानीय वडाध्यक्ष श्यामकृष्ण खत्रीले पनि बोल्नुभएको थियो भने वडा नं. २ मा समितिका अध्यक्ष रत्नकाजी नायभारीको सभापतित्वमा भएको थियो ।

कार्यक्रममा नगर समितिका गंगाराम ज्याख्व, जीपी लासिवा, गणेशप्रसाद सुवाल, सूर्यनारायण फाँजु र श्यामसुन्दर मातांले पनि बोल्नुभएको थियो ।

# असमान सन्धि सम्झौता खारेजीको आवाज उठाउन नेमकिपा

भक्तपुर । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेमकिपा चाँगुनारायण नगर समितिले माघ १५ गते चाँनपा ३, न्यौपाने गाउँमा नेमकिपाका सचिव एवम् प्रतिनिधिसभा सदस्य उम्मेदवार प्रेम सुवालको स्थानीयसँग भेटघाट तथा छलफल कार्यक्रम गर्‍यो ।

सचिव सुवालले नेमकिपा देश र जनताको नि:स्वार्थ सेवा गर्न र आदर्श समाज स्थापनाको लागि गठन भएको उल्लेख गर्दै आदर्श समाजमा शिक्षा-स्वास्थ्य नि:शुल्क, देशमा रोजगारी, आवासको व्यवस्था, सामाजिक न्याय, जनताको उच्च सांस्कृतिक स्तर हुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "मानव समाज विकासको सिलसिला जङ्गली युग, दास युग, सामन्तवाद, पुँजीवाद हुँदै कतिपय देश समाजवादसम्म पुगेको र अब साम्यवादतर्फ अघि बढिरहेको छ ।"

सचिव सुवालले ३५ वर्षयताका सरकारहरूले नेपालको ६००० नदीनाला भारतको साझा बनाएको,उत्पादनका मुख्य मुख्य साधन सेवा निजीकरण गरेको, विदेशी पुँजी ल्याएर युवा विदेश पठाएको, कृषिप्रधान देश नेपालमा दाल, चामल, तरकारी, फलफूलसमेत विदेशबाट खर्बौंको आयात गरेको बताउनुभयो ।

"नेपाली युवालाई भाडाको सिपाहीँ बनाउने सन् १९४७ को गोर्खा भर्ती केन्द्र, नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को नेपाल-भारत सन्धि, नेपालमा अमेरिकी साम्राज्यवादको नीति र कानुन पालना गर्नुपर्ने एमसीसी सम्झौता खारेज गर्नु जरुरी छ" उहाँले भन्नुभयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टी चाँगुनारायण नगर समितिका अध्यक्ष न्हुछेभक्त फोजूले किसान आन्दोलनको जगमा नेपाल मजदुर किसान पार्टी स्थापना भएको प्रस्ट पार्नुभयो ।




**कानुन...**

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य एवं प्राध्यापक समाज नेपालका अध्यक्ष सरोजराज गोसाईले राजनीतिले नै कानुन बनाउने हुनाले राजनीति सही भएमा मात्र कानुन पनि सही हुन सक्ने र जनताले न्याय पाउन सक्ने बताउनुभयो ।

२०४६ सालमा बहुदलीय प्रजातन्त्र पुन:स्थापनायताका सरकारहरूले लिएको नवउदारवादी नीतिका कारण देशको उद्योगधन्धा र कलकारखाना मात्र नभई शिक्षा र स्वास्थ्य क्षेत्रमा समेत ठुलो नकारात्मक प्रभाव परेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं बाग्मती प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले हरेक पेसा व्यवसायका नागरिकहरूले कानुनको अध्ययन गर्न आवश्यक भएजस्तै कानुन व्यवसायीहरूले पनि विभिन्न राजनीतिशास्त्र, समाजशास्त्र र साहित्यलगायत विषयको गहन अध्ययन गर्न जरुरी रहेको बताउनुभयो ।

उहाँले अहिले हुन लागेको संसदीय निर्वाचनको प्रचारप्रसारमा पुँजीवादी दलका नेताहरूले गरिरहेको प्रचार देख्दा संसदीय निर्वाचन नभई स्थानीय तहको निर्वाचनजस्तो देखिएको भन्दै सैद्धान्तिक छलफल र देशको नीति निर्माणको पक्ष ओझेलमा परेको बताउनुभयो ।

सांसद गोसाईले शासक दलहरूले प्रदेशसभालाई नीति निर्माणको थलो नभई बजेट भागबन्डाको थलो बनाइरहेको बताउनुभयो ।

कानुन अध्ययन समाज नेपालका अध्यक्ष एवं अधिवक्ता रामप्रसाद प्रजापतिको सभापतित्वमा भएको कार्यक्रममा अधिवक्ता शमशेरबहादुर न्हुछेप्रधानले प्रकाशित पत्रिकाको समीक्षा गर्नुभयो भने ख्वप कलेज अफ लका प्राचार्य एवं अधिवक्ता अनिता जधारी, अधिवक्ता गम्बीरमान ज्याख्व र अधिवक्ता सुन्दर राजचलले पनि बोल्नुभयो ।

**नेमकिपा...**

कार्यक्रममा जाँदा घोषणापत्र र अपिलमार्फत मत माग्न अनुरोध गर्नुभयो ।

केन्द्रीय सदस्य राजवीर डंगोलले देशघाती पार्टीका उम्मेदवारविरुद्ध जनतालाई सचेत पारी मत माग्नुपर्ने बताउनुभयो ।

नेमकिपा जिल्ला निर्वाचन काठमाडौं परिचालन समितिका संयोजक नारायण महर्जनको सभापतित्वमा भएको कार्यक्रममा काठमाडौँ महानगर समितिका दामोदर कारञ्जित, राजेन्द्र रजक, जिल्ला सचिव शैलेश डंगोल र काठमाडौँ जिल्लाको क्षेत्र नं. ३ का उम्मेदवार मदन श्रेष्ठ, ६ का उम्मेदवार इन्द्रकुमारी वज्राचार्य, ७ का गणेशमाया श्रेष्ठ डंगोल, ८ का वन्दना श्रेष्ठ, ९ का शान्त महर्जन, समानुपातिक उम्मेदवार हरू गुणदास महर्जन, ममता महर्जन र कासिनारायण डंगोलले पनि बोल्नुभएको थियो ।

**जनताको...**

राजनीतिमा गम्भीरताभन्दा पनि प्रचारमुखी प्रवृत्ति बढ्दै जानु चिन्ताको विषय भएको धारणा राख्दै उहाँले विदेशी प्रभाव तथा हस्तक्षेपविरुद्धको सङ्घर्षको सिलसिलाको रूपमा निर्वाचनको उपयोग गर्न आवश्यक छ भन्नुभयो ।

एमसीसी र एसपीपीका पक्षधरहरू देशको निम्ति झन् बढी खतरनाक हुने उहाँको भनाइ थियो ।

कार्यकर्ता भेलामा नेमकिपा भक्तपुर नगरपालिका ८ वडा एकाइका अध्यक्ष

एकक्षण | प्रधान

# देशमा संसदीय निर्वाचनका नाटकहरू मञ्चन हुँदै छन्

संसदीय निर्वाचनबारे २०१५ सालदेखि नेपाली जनताले अनेक प्रकारका निर्वाचन देख्दै र भोग्दै आएका छन् । संसदीय निर्वाचनको अर्थ हो - कुन कुन राजनैतिक दलहरू देशलाई कता लैजान चाहन्छन् भन्नेबारे हाकाहाकी प्रचार गरेर जनतासँग मत माग्ने आन्दोलन हो । तर, यो निर्वाचन गाउँपालिका र प्रदेशको निर्वाचन होइन, न त यो कुनै व्यक्ति र गुटको निर्वाचन हो, यो त राजनीतिक दलहरू गन्तव्य हेर्ने र बुझ्ने अवसर हो । मुखले एउटा कुरा बोल्ने र काम भने उल्टो कुरा गर्ने 'दुईजिब्रे' विचार लिने होइन ।

वर्तमान निर्वाचनमा केही दलहरू 'राजालाई पुन: नेपालमा स्थापित' गर्न चाहन्छन् । तिनीहरूको भनाइमा नेपालको अहिलेको 'उपद्रव' र 'ध्वंश' को कारण राजा नहुनु हो । त्यसको जवाफ एउटै छ- राजा भएकै बेलामा पनि ठुलठुला उपद्रव भएका थिए र राजा आफैले अब नेपाली जनताले नै शासन गर्न भनेका थिए । राजा नै सबै राजनीतिको केन्द्र हो भन्ने ठान्नेहरूले सोच्नैपर्छ, कुनै बेला बहुमत देशहरूमा राजा थिए र एक एक गरेर राजतन्त्र हराउँदै गए, बिहान हुँदै गएपछि आकाशमा ताराहरू लोप भएजस्तै ।

केहीले भन्लान्, "हाम्रो पार्टीले बरोबर शासन चलाइसकेको छ, हामीसँग त्यसको अनुभव छ, जनताले हाम्रै पार्टीलाई मत दिएमा हामीले पहिलेभन्दा धेरै राम्रोसँग शासन चलाएर देखाउने छौँ ।" त्यसको उत्तर जनताले दिनेछन्, "सुन सयचोटि जोख्ने हो, मानिसलाई एकचोटि जोख्ने हो । तिनीहरूको अनुभवले देशमा स्थायित्व दिन सकेन र जनतालाई झन्झन् ठुलठुला ऋण बोकायो ।

कसैले भन्नेछन्, "हामी नयाँ पुस्ता, कम उमेरका छौँ; हामी पनि सत्तामा बसेर काम सिक्नेछौँ ।"

जनताले तिनीहरूलाई उत्तर दिनेछन्, "त्यसो त पुराना सबै दलहरूले हरेक निर्वाचनमा नयाँ पुस्ता र युवा युवतीहरूलाई प्रस्तुत नगरेका होइनन् । तर, तिनीहरू पनि पुरानै बाटोमा लागेका हुनाले 'नयाँको नाम' मा पत्रु देखिए ।" कसैले उत्तर देलान्, "होइन 'नयाँ' भन्ने हरेक वस्तु जसरी राम्रो छ, नयाँ पुस्ता पनि त्यही हो ।" अनुभवी मानिसले भन्नेछन्, "हो बाबु नयाँ राम्रो होला, तर सुन्तला काँचोमा अमिलो हुन्छ, भोलि पर्सि मीठो होला ।"

कसैले भन्नेछन्, "हाम्रो पार्टीले देशमा प्रजातन्त्र ल्यायो, पञ्चायत फाल्यो र गणतन्त्र पनि ल्यायो ।" नयाँ युवाले नै उत्तर देलान्, "हो, तर खोइ त काम-माम र कपडाको बन्दोबस्त ? खोइ त रोजगार देशमै ! के युवा भएर सबै युवाहरूलाई सस्तो ज्यामीको रूपमा विदेशी पुँजीपतिवर्गलाई बेच्ने हो ? राणाहरूको पालामा बेलायती उपनिवेशवादीहरूलाई गोरखाली बेचेर 'कमिसन' खाए जस्तै ? यही ठुलो र पुरानो पार्टीले नै पुरानो गल्लावालाहरूको ठाउँ 'म्यान पावर कम्पनीहरू' बनाएर संसारभरि नेपाली छोराछोरीहरूलाई पहिले अफ्रिकीहरूलाई युरोप र अमेरिकाको दास बजारमा बेचेजस्तै बेच्दै आएको ३० वर्ष नाघ्यो । यही ठुलो र पुरानो दलले काठमाडौँ र विदेशमा लगानी गर्दै छन् - विदेशी मालिकहरूसँग ज्यु हजुर गरी ।"

कसैले भन्लान्, "अस्तिमात्रै हाम्रो दल सरकारमा थियो । सेना, प्रहरी, गुप्तचर विभाग, प्रशासन र अदालतजस्ता 'राजसत्ता' का मुख्य मुख्य अङ्गले हाम्रो प्रधानमन्त्रीजीलाई खबर नदिएकै कारण 'उपद्रव' भयो नत्र देशले यो दु:ख भोग्नै पर्देनथ्यो । के गरौँ, अब जनतासँग माफी माग्दै हाम्रो दलले पनि नयाँ पुस्ता वा युवाहरूलाई उम्मेदवार बनाएका छौँ । अब देश स्वर्ग बन्नेछ; बनाउनेछौँ ।" सबै दलका युवाहरूले नै एकचोटि उत्तर दिनेछन्, 'हुटिट्याउँको कथा र नमच्चिने पिङको सय झट्का' भनी । भन्नेछन्, "शासन गर्ने शैली र प्रशासकीय खुबीको अभावले देशको दुर्गति भोग्नुपर्‍यो । देश साम्राज्यवादीहरू र प्रतिगामी विदेशीहरूको पोल्टामा पुग्दै छ । अब जनता चुक्ने छैनन् ।"

विदेशबाट कम उमेरका विद्यावारिधि गरेका युवाहरू बोल्लान्, "हामी विदेशी उत्पादन हौँ, हामी देशलाई अमेरिका र बेलायतजस्तो बनाउनेछौँ । संसारमा शान्ति र प्रगति ल्याउनेछौँ । विदेशी विषयहरू ल्याएर देश विकास गर्नेछौँ । एक्कैबाजि नयाँ पुस्ताका युवाहरूले हात उठाएर बोले- हो, हो हाम्रो देशलाई पनि तिमीहरूले ट्रम्पलाई बेच्नेछौ, क्यानाडा, ग्रीनल्यान्डजस्तै लिन खोज्दा दिनेछौ, इजरायल, युक्रेन र भेनेजुयलामा जस्तै ट्रम्पले आफ्नो कब्जा जमाएजस्तै एमसीसीकै पुच्छर बनाई देशलाई बेच्नेछौ ।" कानुनकी एक छात्राले बोल्नेछिन्, "हामीले नै हाम्रो देश बनाउने हो विदेशीले होइन; हामी हाम्रो देशलाई स्वतन्त्र र सार्वभौम बनाउनेछौँ ।" सबैले ताली बजाउनेछन् ।

सहिदप्रति सम्मान गरौं

❖सहिद राष्ट्रिय गौरव हुन् ।
❖सहिदको बलिदान र योगदानको स्मरण गरौं ।
❖सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं ।
❖सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं ।
❖देश प्रेम र एकताको भावना जागृत गराऔं ।
❖सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं ।

सहिदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रतिनिधिसभाको...**

खोजीनीति सुरु गर्छन् । आगामी चुनावमा पनि जनताले नामै नसुन्नेका कैयौँ व्यक्तिहरू अगाडि आइरहेका छन् । उनीहरू देश र जनताको सेवामा लागेर होइन, प्रशस्त पैसा भएर उम्मेदवार बनेका छन् । राजनैतिक दलका नेता, कार्यकर्ताहरू निर्वाचन खर्च जुटाउनकै लागि पनि भ्रष्टाचारी, तस्करी, गुण्डा नाइके, ठेकेदार वा उद्योगपतिहरूसँग नजिकिन बाध्य हुँदै छन् । व्यापारी, उद्योपतिहरूले पार्टीलाई करोडौँ चन्दा सहयोग गरेर टिकट हात पारेका छन् । पार्टीमा दशकौँ काम गरेकाहरूले टिकट नपाई गुण्डा नाइके भनी प्रहरीको खोजी सूचीमा रहेका बदनाम मान्छेहरूले टिकट पाएका छन् । त्यस्ता उम्मेदवारहरू जितेको अवस्थामा प्रहरीले सलाम गर्नुपर्ने ठाउँमा पुग्नेछन् । यो नेपाली राजनीतिको बिडम्बनापूर्ण स्थिति हो ।

संसद्को काम देशको शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, औद्योगिक विकासको लागि नीति निर्माण गर्ने हो । त्यो बौद्धिक अभ्यास गर्ने थलो हो तर अहिले उम्मेद्वारहरू गाउँ गाउँमा ससाना विकास निर्माण ल्याइदिने आश्वासन दिएर भोट माग्दै छन् । जनता पनि त्यस्तै झुटा आश्वासनको पछि दौड्दै छन् ।

करोडौँ खर्च गरेर जितेकाहरूले विगतमा जस्तै विकास निर्माणतर्फ मात्र ध्यान दिनेछन् किनभने त्यहाँबाट कमिसन आउनेछ । देशको नीति राम्रो बनाइदियो भने विकास निर्माणका लागि देशभरका स्थानीय तहहरू तयार नै छन् नि ! ससाना सबै खालका विकास निर्माणको लागि स्थानीय तहलाई क्रमश: जिम्मेवार बनाउँदै लानुपर्छ ।

पछिल्लो चरणमा पनि सांसदहरू सांसद विकास कोषको कुरा उठाउँदै छन् । सर्वोच्च अदालतले खारेज गरी सक्दा पनि अर्को नाउँमा कोष खडा गर्नुको उद्देश्य प्रस्ट छ कमिशन ।

कानुनले निर्वाचन खर्चको स्रोत खुलाउनुपर्ने भनिए तापनि उम्मेद्वारहरू स्रोत लुकाएर रसिद निर्वाचन आयोगमा पेश गर्छन् । निर्वाचन आयोगमा पेश गर्नेभन्दा कयौँ गुणा बढी उम्मेदवारहरूले निर्वाचनमा खर्च गरेका हुन्छन् । नेकाको नेता सशाङ्क कोइरालाले सार्वजनिक रूपमै भनेका थिए– पहिलो निर्वाचनमा ८० हजार, दोस्रोमा ३ करोड र तेस्रोमा ६ करोड खर्च भयो । आचार संहिताको हाकाहाकी उल्लङ्घन गर्दा पनि निर्वाचन आयोगले कुनै कारबाही गरेन । अनि कसरी निर्वाचन निष्पक्ष र स्वतन्त्र हुन्छ भनेर विश्वास गर्ने ?

अझ अहिले सामाजिक सञ्चालमार्फत असीमित खर्च गर्ने प्रवृत्तिको पनि विकास भएको छ । विदेशमा डलरमा भुक्तानी दिने भएकोले त्यसमा कति खर्च भएको हो यकिन गर्न पनि सजिलो छैन । आयोगले त्यसको पनि हिसाब निकाल्नुपर्छ ।

निर्वाचनमा अत्यधिक खर्च हुने गरेको कारण नीति निर्माणमा पुँजीपतिवर्गको प्रभाव बढ्दै गएको हो । वास्तवमा यो व्यवस्थामा निर्वाचनमा प्रतिनिधि चयन गर्ने एउटा औपचारिकता मात्र सीमित हुँदै छ । पुँजीपतिवर्गले जसलाई चाहन्छ, त्यही मान्छे जित्छन् । त्यसैले यो निर्वाचनलाई पुँजीपति वर्गले बुढो घोडा फेर्ने प्रक्रियासँग जोडेर हेर्न सकिन्छ । जे भए पनि निर्वाचन देशका लागि ठूलो आर्थिक भार बन्दै छ । जिम्मेवार राजनीतिक दलहरूले निर्वाचन खर्चको मितव्ययिताबारे सोच्न ढिलो गर्नु हुँदैन नत्र देशको अर्थतन्त्रले निर्वाचन खर्च धान्नै नसक्ने अवस्था आउनेछ र निर्वाचनको लागि विदेश निर्भर हुनुपर्नेछ । यसबारे बेलैमा सोच्नु बुद्धिमानी हुनेछ !

प्रकाशक : सरोजराज गोसाई | कार्यकारी सम्पादक : अनुराधा थापामगर,फोन नं. ६६१००२६, ६६१०९२१,फ्याक्स नं. ६६१३२०७ | www.shramik.com.np | E-mail : shramikweekly@gmail.com | मुद्रक : सिद्धि गणेश अफसेट प्रेस, भक्तपुर, ६६१४७९३